# स्थानीय सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण

## प्रशिक्षण मोड्यूल



कर्णाली प्रदेश सरकार
**कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान**
वीरेन्द्रनगर, सुर्खेत

# स्थानीय सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण

## प्रशिक्षण मोड्यूल

कर्णाली प्रदेश सरकार
**कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान**
वीरेन्द्रनगर, सुर्खेत

**प्रकाशक:**
कर्णाली प्रदेश सरकार
कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान
वीरेन्द्रनगर, सुर्खेत
प्रकाशन मिति: मंसिर, २०८०

सर्वाधिकार: प्रकाशकमा सुरक्षित
प्रथम संस्करण: १००० प्रति

**सम्पर्कको लागि:**
कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान
वीरेन्द्रनगर, सुर्खेत
फोन नं. : ०८३-५२२५५४/५२०१११/५२१११६५
इमेल : kpta.karnali@gmail.com
वेवसाइट: https://kpta.karnali.gov.np/

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमद्वारा कार्यान्वित युरोपेली संघ समावेशी संघीयता सहयोग परियोजना
(European Union Support to Inclusive Federalism) को प्राविधिक सहयोगमा प्रकाशित

कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत

**मुख्यमन्त्री**

# शुभकामना मन्तव्य



नेपालको संविधानले दिशानिर्देश गरेबमोजिम समावेशी एवम् सहभागितामूलक सिद्धान्तमा आधारित समतामूलक समाज निर्माण गर्नका लागि तीनै तहका सरकारको नीति, संरचना, प्रणालीहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) लाई मूलप्रवाहीकरण र संस्थागत गर्नुपर्ने आवश्यकता रहेको छ । तसर्थ  कर्णाली प्रदेश सरकार लैससास परीक्षणलाई संस्थागत गर्न र यसको निरन्तर उपयोग गर्न कटिबद्ध रहेको छ । यसै सन्दर्भमा कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेशको लैससास नीति, २०७७ तयार गरी अनुमोदन गरिसकेको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion- GESI) परीक्षण जस्तो अत्यन्त महत्त्वपूर्ण विषयमा यो तालिम मोड्युल तयारी र प्रकाशित गर्न लागेकोमा कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, सुर्खेतलाई बधाई दिन पाउँदा मलाई खुशी लागेको छ । हालको अवस्थामा कर्णाली प्रदेशमा स्थानीय सरकारको सुदृढीकरणका लागि प्राविधिक सल्लाहकार सेवा उपलब्ध गराउन सक्षम प्रयाप्त जनशक्तिको अभाव रहेको छ । यस क्षेत्रमा गुणस्तरीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणको कार्यान्वयन सुनिश्चित गर्ने उद्देश्यले स्थानीय मागमा आधारित आवश्यकताहरू पहिचान गरी मानव संसाधन विकास प्रयासहरूलाई मद्दत गर्ने प्रतिबद्धताको उपज हो ।

यस कर्णाली प्रदेशका बहुभाषिक जातजातिहरूका लागि पनि यो मोड्युलले काम गर्न सक्छ भन्ने अपेक्षा गर्दछु । साथै, जहाँ आवश्यक छ, जसले स्थानीय सरकारको स्तरबाट प्रतिबद्धता र दक्ष मानव संसाधन-सहयोगको पुनः माग गर्दछ त्यहाँ यस मोड्युलबाट प्रशिक्षित लैससास परीक्षण सहजकर्ताहरूलाई परिचालन गर्न सकिनेछ र तालिम प्राप्त सहजकर्ताहरूले यस तालिम मोड्युललाई आवश्यकताअनुसार स्थानीय बोलीचालीको भाषामा अनुवाद गरेर पनि आफ्नो ज्ञान र सीप विस्तार गर्न सक्नेछन् भन्ने लागेको छ ।

यस प्रशिक्षण मोड्युललाई विद्यमान बहुआयामिक सामाजिक संरचनाका बाधा तथा सवालहरूलाई आत्मसात गर्दै अन्तर्विभाजन (Intersectionality)-उन्मुख समावेशी प्रसार रणनीति मार्फत स्थानीय सहजकर्ताहरू र सरोकारवालाहरूमा पथप्रदर्शन गर्ने आशा गरेको छु । यस मोड्युललाई एक स्थिर दस्तावेजको रूपमा मात्र नभई स्थानीय सरकारका कार्यकारीहरूको जागरुकता, प्रतिबद्धता र प्रयोगात्मक क्षमता निर्माण गर्ने साधनको रूपमा प्रयोग गरिनेछ, जसले गर्दा उनीहरूले भौतिक र मानव विकास दुवैका लागि स्थानीय सरकारको बजेट तयारी, योजना तयारी र कार्यान्वयन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबैभन्दा आवश्यक तत्त्वहरूलाई मूलप्रवाहमा ल्याउने सुनिश्चित गर्नेछ ।

**राजकुमार शर्मा**
मुख्यमन्त्री

कर्णाली प्रदेश सरकार
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**वीरेन्द्रनगर, सुर्खेत**

# शुभकामना



नेपाल सरकारद्वारा राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरमा गरिएका लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि प्रतिबद्दताहरु लाई मुर्त रुप दिन सरकारका हरेक तह र तप्कामा लैससास मुलप्रवाहीकरण गर्नु अत्यन्तै जरुरि हुन्छ । नेपालको संविधानले मुलुकमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने सङ्कल्प गरेअनुसार गाउँपालिका तथा नगरपालिकाको संरचना, नीति निर्माण र सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाउनु  आवश्यक रहेको छ ।

साथै कर्णाली प्रदेश सरकारले अङ्गीकार गरेको लैससास नीति - २०७७, एवं आवधिक योजना आदिको प्रभावकारी कार्यन्वयन एवम अनुगमन गर्नका लागि पनि लैससास मुलप्रवाहीकरणलाई  संस्थागत गर्नु जरुरि देखिन्छ । यसै सन्दर्भमा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ अनुसार हरेक पालिकाले आ-आफ्नो नीति कार्यक्रम तथा बजेटलाई वार्षिक रुपमा लैससास परीक्षण गरी प्रतिवेदन तयार गर्नु पर्ने हुन्छा ।

यसरी स्थानीय सरकारको तहमा लैससास परीक्षणको कार्यान्वयनमा सुधार गर्न र लैससास समावेशी कार्यक्रम र बजेट वितरणमा थप प्रभाव पार्न मोड्युलले सहयोगी भूमिका खेल्नेछ भन्ने मलाई विश्वास छ । यसरी स्थानीय सरकारका विकास कार्यक्रमहरूले वास्तविक लक्षित समूहहरूलाई समानता र न्यायको क्षेत्रमा काम गर्न सशक्त बनाउन सक्छ । साथै कार्यक्रमको लागि क्षेत्रीय स्रोत व्यक्तिहरू, परियोजना टोली, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम र  सोही सन्दर्भमा भइरहेका अन्य सान्दर्भिक परियोजना/कार्यक्रमहरूबाट विद्यमान सिकाइहरूका साथ परामर्श गरी यो मोड्युल तयार गर्नुहुने विज्ञहरू तथा संलग्न कर्मचारी  प्रति म हार्दिक आभार प्रकट गर्दछु ।

मलाई आशा छ कि यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रशिक्षण मोड्युल व्यापक रुपमा प्रसार हुनेछ र यसको बहुआयामिक रुपमा उपयोग हुनेछ  ।

**आनन्द सारु**
सचिव

कर्णाली प्रदेश सरकार
**कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान**
**वीरेन्द्रनगर, सुर्खेत**

# प्राक्कथन



समावेशी दृष्टिकोणबाट सुशासनमा योगदान पुर्‍याउने कुनै पनि गतिविधि कर्तव्य र निष्ठाको संस्कृतिबाट सुरु हुन्छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण राज्यद्वारा प्रतिवद्धता जनाई स्वीकृत गरिएको एउटा यस्तै महत्त्वपूर्ण प्रक्रिया हो । कर्णाली क्षेत्र प्राकृतिक सम्पदा र सम्भावित जनशक्तिले भरिपूर्ण छ । यद्यपि पर्याप्त रूपमा अन्वेषण र परिचालन हुन सकेको छैन । साथै, पितृसत्तात्मक सामाजिक-सांस्कृतिक प्रभावका कारण महिलाहरूको सहभागिता, विशेषगरी अतिवञ्चित, सीमान्तकृत र अन्य विपन्न वर्गहरूले नागरिकका रूपमा समान मान्यता पाउन सकेका छैनन् भने विकासको मूल प्रवाहमा समेत आउन सकेका छैनन् । तिनीहरूका आवश्यकता र चासोहरू दस्तावेज विहीन, विश्लेषण नगरिएका र विकास योजनाहरूमा प्रतिबिम्बित हुन सकेका छैनन् । राज्यको संवैधानिक नीतिले लैङ्गिक समानता र महिला सशक्तीकरणको व्यवस्था गरेको र बजेट अनुगमनका उपकरणहरू जस्तै लैससास परीक्षणको व्यवस्था गरेको भए तापनि दक्ष जनशक्तिको अभावमा लैससास परीक्षण पद्दती प्रभावकारी र गुणस्तरीय कार्यान्वयनबाट टाढा रहेको छ । यसै सन्दर्भमा लैससास परीक्षण प्रशिक्षण मोड्युलको विकास गरिएको छ र यसले कर्णाली क्षेत्रमा स्थानीय तहको जनशक्ति विकास गर्न समय सापेक्ष र प्रभावकारी योगदान पुर्‍याउँछ भन्ने अर्थमा मलाई अत्यन्त खुसी लागेको छ ।

मलाई आशा छ कि दिइएको तालिम मोड्युलको प्रयोग गरेर हाम्रा क्षेत्रीय प्रशिक्षक/सहजकर्ताहरूले समग्र विकासका लागि विनियोजन हुने बजेटमा लैससास मापदण्डलाई मूलप्रवाहमा ल्याउने दृष्टिकोणबाट स्थानीय तहको विकास योजनाको विश्वसनीयता मूल्याङ्कन गर्न स्थानीय सरकारको संस्थागत क्षमता अभिवृद्धि गर्न सक्नेछन् ।

यो मोड्युल तयार गर्न आर्थिक- प्राविधिक रूपमा सहयोग गर्ने संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम/युरोपेली सङ्घ समावेशी संघीयता सहयोग परियोजना (UNDP/EUSIF) को साथै मोड्युल तयारीका लागि परामर्शदाताको रूपमा रहनु हुने कन्चन लामालगायत कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यकमका कर्मचारी/विज्ञहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै समावेशी सुशासनमा प्रभाव पार्नका लागि यस मोड्युलबाट प्राप्त ज्ञान र सीपको सफल कार्यान्वयनको कामना गर्दछु । जसले गर्दा विकासका फाइदाहरू यस क्षेत्रका विपन्न वर्ग समुदायमा विषेश रूपमा सीमान्तकृत महिलाहरू सम्म पुग्न सकून् ।

**विष्णु प्रसाद कोइराला**
कार्यकारी निर्देशक

# विषयसूची


**परिच्छेद १** ..... **१**

परिचय १

१.१ पृष्ठभूमि १

१.२ औचित्य २

१.३ लैससास परीक्षण प्रशिक्षण मोड्यूलको उद्देश्य ३

१.४ लैससास परीक्षण प्रशिक्षण मोड्यूलका प्रयोगकर्ता ३

१.५ लैससास परीक्षण प्रशिक्षण मोड्यूलको रुपरेखा ४

**परिच्छेद २** ..... **५**

प्रशिक्षकका लागि मार्गदर्शन ५

२.१ पृष्ठभूमि ५

२.२ लैससास संवेदनशील वयस्क सिकाइका सिद्धान्त ५

२.३ वयस्क सिकाइ तथा अनुभवजन्य सिकाइ प्रक्रिया ५

२.४ वयस्कहरुका विशेषताहरु ६

२.५ सहजकर्ता/स्रोतव्यक्तिले वयस्कहरुलाई प्रशिक्षण दिँदा ध्यान दिनुपर्ने कुराहरु ७

२.६ अनुभवन्य सिकाइका लागि उपयुक्त विधिहरु ७

२.७ सहजकर्ता/स्रोतव्यक्तिले प्रशिक्षण दिँदा ध्यान दिनुपर्ने अन्य कुराहरु ७

२.८ सहभागीहरुका विषयमा सहजकर्ताले जान्नुपर्ने कुराहरु ८

२.९ सहभागीहरुको बसाइ व्यवस्थापन (प्रशिक्षण कक्षमा सहभागीहरुको लागि): ९

२.१० सुरक्षित वातावरण तथा सहज ठाउँको सिर्जना: १०

२.११ वातावरणमैत्री कार्यक्रमको सिर्जना: १०

२.१२ लैससास दृष्टिकोणले हानीकारक तथा प्रयोग निशेधित शब्दावलीहरु १०

**परिच्छेद ३** ..... **११**

प्रशिक्षण योजनाको दैनिक विषय तालिका ११

३.१ पृष्ठभूमि ११

**परिच्छेद ४** **१४**

सत्र योजना १४

सत्र योजना १ १५

सत्र योजना २ १७

सत्र योजना ३ १९

सत्र योजना ४ २३

सत्र योजना ५ २६

सत्रयोजना ६ २८

सत्र योजना ७ ३०

सत्र योजना ८ ३२

सत्र योजना ९ ३४

सत्र योजना १० ३६

सत्र योजना ११ ३८

सत्र योजना १२ ४०

**परिच्छेद ५** **४२**

हस्तपत्र (Handouts) तथा सन्दर्भ सामग्री ४२

हस्तपत्र (Handouts) नं. १: तालिम पूर्व तथा तालिम पश्चातको मूल्याङ्कन प्रश्नावली ४२

हस्तपत्र (Handouts) नं. २: नेपालमा लैससासको पृष्ठभूमि र वर्तमान अवस्था ४५

हस्तपत्र (Handouts) नं. ३: लैससास शब्दावली र LGBTQI सम्बन्धी भिडियो ५२

हस्तपत्र (Handouts) नं. ४: लैससास परीक्षणको पृष्ठभूमि, योजना र बजेटसँगको अन्तर सम्बन्ध ५८

हस्तपत्र (Handouts) नं. ५: लैससास परीक्षणका मुख्य विषय क्षेत्रहरु र उपविषय क्षेत्रहरु ६७

हस्तपत्र (Handouts) नं. ६: लैससास परीक्षण मापणका परीणाम प्रस्तुतीकरणका विधि तथा औजारहरु (माकुरी जालो चित्र र स्तम्भ चित्रको नमुना) ६८

हस्तपत्र (Handouts) नं. ७: सकअचु विश्लेषण सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौति विश्लेषण ७०

हस्तपत्र (Handouts) नं. ८: लैससास परीक्षण प्रतिवेदन तयारी ढाँचा ७१

हस्तपत्र (Handouts) नं. ९: लैससास मैत्री कार्ययोजना ढाँचा ७२

हस्तपत्र (Handouts) नं. १०: नमुना प्रतिवेदन: धनगडी उप-महानगरपालिकाकोलैससास परीक्षणकोप्रतिवेदन ७४

# सङ्क्षिप्त शब्दावली

| | |
|---|---|
| आ.व.: | आर्थिक वर्ष |
| लैससास: | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| LGBTQI: | Lesbian, Gay, Bisexual, Transgender, Queer and Intersex |
| सकअचु (SWOT): | सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति<br>(Strengths, Weaknesses, Opportunities and Threats) |
| GESI: | Gender Equality and Social Inclusion |
| CEDAW: | Convention on Elimination of all forms of Discrimination against Women, 1979 |

परिच्छेद १:

# परिच्छेद १:
## परिचय



### १.१ पृष्ठभूमि

नेपालको संविधान (२०७२) ले आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विपन्नलगायत महिला, दलित, जनजाती, मधेशी, मुस्लिम आदि लक्षित वर्गहरूलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। नेपालको संविधानमा नै विभिन्न आयोगहरू जस्तै राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय थारु आयोग, राष्ट्रिय आदिवासी जनजाति आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय मधेशी आयोग, राष्ट्रिय मुस्लिम आयोग आदिको व्यवस्था गरी समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने कार्यको मार्ग प्रशस्त गरिएको छ । विगतमा दशौँ योजना (२०५९–२०६४) मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर-सम्बन्धित विषय (Cross-cutting issues) का रूपमा स्थान दिइएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुनः संरचना गरी देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरूलाई समाधान गर्न सङ्कल्प गरेअनुरूप नेपालमा सामाजिक समावेशीकरणको विषयलाई प्रमुख बहसको रुपमा अङ्गीकार गरिएको थियो । आर्थिक वर्ष २०६४/०६५ देखि नेपाल सरकारका सबै मन्त्रालयबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास हुँदै आएको छ । यसअनुरुप समावेशीकरण नीति तर्जुमा गर्ने कार्य र लैससास सम्बन्धी संरचनाहरू स्थापना गर्ने कार्यको थालनी पनि हुँदै आएको सन्दर्भमा लैङ्गिक समानतार सामाजिक समावेशीकरण सम्बन्धी नीति, २०६६ को कार्यान्वयन पश्चात हाल सामाजिक समावेशीकरण नीति २०७६ र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, कार्यान्वयनमा रहेका छन् । केन्द्रीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकार (सञ्चालन) ऐन, २०७४ लगायतका कानुनहरू र राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७, स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ स्थानीय तहका लागि सामाजिक समावेशीकरण नीति, २०७८ (नमुना) पनि तर्जुमा भई कार्यान्वयनमा आइसकेका छन् । त्यसैगरी कर्णाली प्रदेश सरकारले पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७७ र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८ तर्जुमा गरी लागु गरेको छ ।

यो प्रशिक्षण मोड्यूल लैससास परीक्षण गर्न खटिएका सहजकर्ता/स्रोतव्यक्तिहरूको लैससास परीक्षण सम्बन्धित ज्ञान र सीप अभिबृद्धि गर्ने उद्देश्यले तयार गरिएको हो । यद्यपि यो प्रशिक्षण मोड्यूल स्थिर कागजात भने होइन। यस प्रशिक्षण मोड्यूलको कार्यान्वयनका क्रममा लैससास परीक्षणका स्रोतव्यक्ति/सहजकर्ताहरु अर्थात यसका प्रयोगकर्ताहरुबाट आएका सल्लाह सुझावहरूलाई स्वागत गर्दै कर्णाली कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानले समय समयमा परिमार्जन गर्दै यस मोड्यूललाई अझै थप व्यावहारिक बनाउन सक्ने छ ।

## १.२ औचित्य

नेपालको संविधानले मुलुकमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने सङ्कल्प गरेअनुसार गाउँपालिका तथा नगरपालिकाको संरचना, नीति निर्माण र सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन आवश्यक भएको हो । नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ अनुसार हरेक पालिकाले आ-आफ्नो नीति कार्यक्रम तथा बजेटलाई लैससास परीक्षण गरी प्रतिवेदन तयार गर्नको लागि पालिका आफैं सक्षम हुन जरुरी भएको छ ।

लैससास परीक्षण प्रशिक्षणलाई प्रभावकारी बनाउनका लागि प्रशिक्षार्थी (स्रोतव्यक्ति) को विद्यमान ज्ञान र सीपको स्तर र आवश्यकताको पहिचान गरी उक्त आवश्यकताहरूको आधारमा प्रशिक्षणका विशिष्ट उद्देश्यहरु पहिचान र किटान, प्रशिक्षण आवश्यकतालाई सम्बोधन गर्ने गरी प्रशिक्षण सामग्रीहरूको निर्माण र सहजीकरणको लागि उपयुक्त विधिको छनौट गर्न आवश्यक हुन्छ । प्रशिक्षण अवधिमा गरिने छलफल र अभ्यासका साथै विभिन्न चरणमा अनुगमनसमेत आवश्यक पर्दछ । जसका लागि उपयुक्त अनुगमन तथा मूल्याङ्कनका लागि तालिमपूर्व र तालिम पश्चात गरिने मूल्याङ्कन फारमहरूको विकास र प्रयोग गरिनु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । प्रशिक्षण पश्चात् गरिने अनुगमनले व्यक्ति वा संस्थाको कार्यसम्पादनमा प्रशिक्षणले पारेको प्रभावको लेखाजोखा गर्न सकिन्छ ।

कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाले अङ्गिकार गरेको “सम्वृद्ध कर्णाली सुखारी कर्णालीबासी” को दीर्घकालीन सोचअनुरुप कर्णाली प्रदेश मुख्यमन्त्री कार्यालयको समावेसी आर्थिक सामाजिक रुपान्तरण एवम् गरिबी न्यूनीकरण सम्बन्धी नीति तथा कार्यक्रमको परिकल्पना साकार भए नभएको लेखाजोखा गर्न पनि लैससास परीक्षणको आवश्यकता उत्तिकै महत्त्वपूर्ण छ । यसै सन्दर्भमा यस प्रशिक्षण मोड्यूलको मद्दतबाट कर्णाली प्रदेशका स्थानीय सरकारहरूको लैससास परीक्षण सम्बन्धी क्षमता विकासमा कार्यरत स्रोतव्यक्ति/ सहजकर्ताहरूलाई लैससास परीक्षणका सबै विधि तथा औजारहरु प्रयोग गरी दक्षता र प्रभावकारिताको लेखाजोखा तथा मूल्याङ्कन गर्दै लैससास परीक्षण गर्न मार्गनिर्देश गर्छ । लैससास दृष्टिकोणबाट स्थानीय सरकारको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति विश्लेषण गर्दै, स्थानीय सरकारहरूको नीति तथा योजना; संस्थागत व्यवस्था; मानव संसाधन तथा क्षमता विकास; सेवाप्रवाह र सुशासन लैससास मैत्री भए नभएको मूल्याङ्कन गर्दै, लैससास परीक्षणको प्रतिवेदन तयार गर्दै लैससास मूलप्रवाहीकरण कार्ययोजना तयार गर्ने सन्दर्भमा यो लैससास परीक्षण प्रशिक्षण मोड्यूलको आवश्यक भएको छ ।

## १.३ लैससास परीक्षण प्रशिक्षण मोड्यूलको उद्देश्य

यस प्रशिक्षण मोड्यूल लैससास परीक्षण स्रोत व्यक्तिहरूको लैससास परीक्षण सम्बन्धी अवधारणा बारे स्पष्ट बुझाइ विकास गर्ने र कार्यान्वयनका सीपहरू हस्तान्तरण गर्न तयार गरिएको हो । औचित्य अनुसारको प्रशिक्षण कार्यक्रममा पाठ्यक्रमले समेटेका विषयवस्तु तथा विधिहरूमा क्षमता हासिल गर्न सहयोग पुर्‍याउनु नै यस प्रशिक्षण मोड्यूलको मूलभूत उद्देश्य हो । यस प्रशिक्षण मोड्यूलका विशिष्ट उद्देश्यहरू निम्न प्रकार छन्:

- सहभागीहरूले लैससास परीक्षण (GESI Audit) को वैचारिक आयामहरूमा स्पष्ट भई व्याख्या गर्न सक्ने छन् ।
- स्थानीय सरकारका नीति तथा योजना संस्थागत व्यवस्था मानव संसाधन तथा क्षमताविकास सेवाप्रवाहर सुशासन आदि क्षेत्रहरूमा मा लैससास मूलप्रवाहीकरण तथा यसको लैससास परीक्षणको महत्त्व व्याख्या गर्न सक्ने छन् ।
- सहभागीहरूले आवश्यक विधि तथा औजारहरूको प्रयोग गरी लैससास परीक्षण सञ्चालन गर्न र उक्त परीक्षणको प्रतिवेदन तयार गर्न सक्षम हुने छन् ।

## १.४ लैससास परीक्षण प्रशिक्षण मोड्यूलका प्रयोगकर्ता

यो प्रशिक्षण मोड्यूल कर्णाली प्रदेशका स्थानीय सरकार (गाउँपालिका र नगरपालिका) हरूमा लैससास परीक्षण सञ्चालन गर्न खटिने स्रोतव्यक्ति/सहजकर्ताहरू तयार गर्न सञ्चालन गरिने तालिमलाई मार्गनिर्देश गर्नको लागि तयार गरिएको हो । साथै यो प्रशिक्षण मोड्यूल स्थानीय तहको लैससास परीक्षण गर्न खटिएका स्रोतव्यक्ति/सहजकर्ताहरूका लागि पनि उपयुक्त सामाग्री हुने छ । यसका अतिरिक्त स्थानीय सरकारको लैससास परीक्षण विषयका बारेमा सिक्न जान्न तथा अध्ययन गर्न इच्छुक जुनसुकै व्यक्ति वा संस्थाले यस प्रशिक्षण मोड्यूलबाट फाइदा लिन सक्ने छन् ।

# १.५ लैससास परीक्षण प्रशिक्षण मोड्यूलको रूपरेखा

यो प्रशिक्षण मोड्यूल स्थानीय तहमा लैससास परीक्षण तालिम सञ्चालन गर्ने अथवा लैससास परीक्षण गर्न सहयोग गर्ने उद्देश्यले तीन दिने मोड्यूलको रूपमा तयार गरिएको हो । यस प्रशिक्षण मोड्यूललाई निम्न अनुसार ५ परिच्छेदमा विभाजन गरिएको छ:

| | |
|---|---|
| परिच्छेद १ | परिचय |
| परिच्छेद २ | प्रशिक्षकका लागि मार्गदर्शन |
| परिच्छेद ३ | प्रशिक्षण योजना |
| परिच्छेद ४ | सत्र योजना |
| परिच्छेद ५ | हस्तपत्र (Handouts) तथा सन्दर्भ सामग्री |

कुल तीन दिनको तालिम अवधिमा प्रतिसत्र ९० मिनेटको समयसहित प्रत्येक दिन चार सत्र सञ्चालन हुने छ । सबै सत्र योजनाहरूको लागि निम्न अनुसारको संरचना हुने छ:




सत्र सञ्चालन तथा सत्र मूल्याङ्कन प्रक्रिया प्रत्येक सत्रको लागि आवश्यक मुख्य मुख्य सन्दर्भ सामग्रीहरू परिच्छेद ५ मा उपलब्ध गराइएको छ । यी सामग्रीहरू प्राप्त गरेपछि, सहजकर्ता/स्रोतव्यक्तिले सहभागीहरूको सङ्ख्या र उनीहरूको सक्षमता तथा अनुभवको आधारमा प्रशिक्षणलाई परिमार्जन गरेर सञ्चालन गर्न पनि सक्ने छ ।

# परिच्छेद २:
## प्रशिक्षकका लागि मार्गदर्शन

### २.१ पृष्ठभूमि

लैससास परीक्षणको सन्दर्भमा स्थानीय तहको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाका अध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू तथा वडाका वडासदस्यहरू, महिला तथा सामाजिक बञ्चितीकरणमा परेका व्यक्ति एवम् समूहहरूसमेत सहभागी हुने भएकाले, स्रोतव्यक्ति वा सहजकर्ताले आफूलाई भिन्न भिन्न ज्ञान, सीप तथा अवधारणा भएका सहभागीलाई आफ्ना मनका कुरा सहज रूपमा भन्न तथा कार्यशालामा समान रूपमा सहभागी हुने अवसर दिनु चुनौति पूर्ण छ । यस्ता विविधतायुक्त सहभागीहरूको आवश्यकता, चाहना र अपेक्षा पनि विविध नै हुने र सबै सहभागीहरूको अपेक्षा बुझेर सहजकर्ताले लैससास परीक्षण गर्न सहयोग गर्नुपर्ने भएकाले यस विषयमा जानकार हुनका लागि सम्बन्धित स्थानीय तहको विभिन्न महत्त्वपूर्ण दस्तावेजहरू (जस्तै– विभिन्न ऐन तथा नियमहरू, नीति तथा कार्यक्रम, आवधिक योजना, बार्षिक योजना, बार्षिक समीक्षा प्रतिवेदन, आर्थिक प्रतिवेदन, प्रोफाइल, विकास बुलेटिन आदि) मा लैससास सम्बन्धी भएका व्यवस्थाहरूका बारेमा टिपोट गरी सम्पूर्ण सूचनाहरूमा अपडेट हुन जरुरी छ ।


यसको साथै फरकफरक राजनैतिक, धार्मिक, भाषिक, आर्थिक, पदीय तथा लैङ्गिक पृष्ठभूमिबाट आएका सहभागीहरूका भिन्नतालाई सहजकर्ताले राम्रोसँग बुझेर कार्यशालाको समयमा न्यूनीकरण गरी सबै सहभागीहरूलाई विचार व्यक्त गर्न सुरक्षित महसुस गराउनु पर्दछ । लैससास परीक्षण प्रशिक्षणका सहजकर्ता/स्रोतव्यक्तिहरूमा लैससास संवेदनशीलताको साथसाथै वयस्क सिकाइका सिद्धान्तबारे सकारात्मक सोच, ज्ञान तथा सिप हुनु अनिवार्य छ । त्यसैले यस प्रशिक्षणका दौरान सहजकर्ता वा स्रोतव्यक्तिले वयस्क सिकाइका सिद्धान्तलाई आत्मसाथ गरेर सिकाइ प्रक्रियाको सहजीकरण गर्नुपर्दछ ।

### २.२ लैससास संवेदनशील वयस्क सिकाइका सिद्धान्त

वयस्क सिकाइ भन्नाले प्रत्यक्ष अनुभवबाट सिक्ने प्रक्रिया भन्ने बुझिन्छ । सहभागीहरू आपसी अन्तर सम्बन्ध तथा अन्तरक्रियाबाट स्व-निर्देशित रूपमा सिक्ने शिक्षा पद्दति हो । महिला, एकल महिला, विभिन्न जातिगत संस्कार संस्कृति, विभिन्न उमेर समूह, वर्ग तथा भैगोलिक रूपमा प्रतिनिधित्व गर्ने महिला र पुरुषहरू, अपाङ्गता भएका व्यक्तिहरू, लैङ्गिक तथायौनिक अल्पसङ्ख्यक (LGBTQI+) का अनुभवहरू फरकफरक हुन सक्छन् यो सिकाइ प्रक्रियामा ती सबै विविधताहरूलाई समेटेर छलफल चलाउँदै लैससास संवेदनशील हुन जरुरी हुन्छ ।

## २.३ वयस्क सिकाइ तथा अनुभवजन्य सिकाइ प्रक्रिया

व्यक्तिको अनुभवको आधारमा निरन्तर सिकिरहने प्रक्रिया नै वयस्क सिकाइ वा अनुभवजन्य सिकाइ प्रक्रिया हो । जसलाई अनुभव जन्य सिकाइ चक्र पनि भन्न सकिन्छ । यस वयस्क सिकाइ चक्रको सिद्धान्त अनुसार सामान्यतया वयस्कहरूले निम्न चित्रमा देखाए अनुसार चरणबद्ध रूपमा सिक्ने गर्दछन्:




वयस्कहरूले कुनै नयाँ कुरा, सूचना तथा जानकारी आदि सुनेर मात्र तुरुन्तै स्वीकार गर्दैनन् । त्यसमा उनीहरूको अनुभवको आधारमा तुरुन्तै प्रतिकार देखाउँछन् । त्यसपछि आफ्नो पुरानो सिकाइ वा अनुभवसँग उक्त नयाँ कुरा वा सूचनासँग सम्बन्ध जोड्दै स्व-विश्लेषण गर्दछन् । अनि मात्र सो कुरा स्वीकार गर्ने वा नगर्ने भनी निर्णय गर्छन् र उक्त निर्णय अनुसारको व्यवहार गर्छन् ।

## २.४ वयस्कहरूका विशेषताहरू

वयस्कहरूका आफ्नै विशेषता हुने भएका कारणले उनीहरूको सिक्ने प्रक्रियामा प्रत्यक्ष प्रभाव पार्दछ । तालिम सहजीकरण गर्नेसहजकर्ता/स्रोतव्यक्तिले प्रशिक्षण विधिको छनौट तथा कार्यान्वयन गर्दा उक्त विशेषतालाई ध्यान दिन जरुरी हुन्छ । सामान्यतया वयस्कहरूका निम्न विशेषताहरू हुन्छन्:

→ वयस्कहरू अनुभवी हुने भएकाले आफ्नो अनुभवसँग दाँजेर उचित लागेका कुराहरू मात्र सिक्दछन् ।
→ वयस्कहरूमा आत्मसम्मानको भावना हुने भएकाले उनीहरू आदरसूचक शब्द प्रयोग गरेको र सम्मानजनक व्यवहार गरेको मन पराउँदछन् ।
→ वयस्कहरूमा स्मरणशक्ति कम हुने भएकाले दोहोर्‍याएर स्पष्ट पारेको मन पराउँदछन् ।
→ वयस्कमा तर्कशक्ति बढी हुने भएकाले तर्क प्रस्तुत गर्ने अवसर खोज्दछन् ।

## २.५ सहजकर्ता/स्रोत व्यक्तिले वयस्कहरूलाई प्रशिक्षण दिँदा ध्यान दिनुपर्ने कुराहरू

- सहभागीबाट आएका जवाफहरू प्रति आदर प्रकट गर्ने,
- सहभागीबाट आएका विचारहरूको प्रशंसा गर्ने,
- कहिले पनि नकारात्मक टिप्पणी नगर्ने,
- जवाफ ठिक नआएमा पनि सकारात्मक तरिकाले प्रष्ट पार्दै कुरा थपिदिने ।

## २.६ अनुभवन्य सिकाइका लागि उपयुक्त विधिहरू

- खुल्ला छलफल
- दृष्य सामग्रीको प्रयोग
- कथाबाचन
- भूमिका अभिनय
- मस्तिष्क मन्थन
- साना समूह छलफल
- समूहकार्य वा समूहअभ्यास
- खेल, आदि ।
- बज समूह छलफल
- लघुप्रवचन
- प्रश्नोत्तर

## २.७ सहजकर्ता/स्रोतव्यक्तिले प्रशिक्षण दिँदा ध्यान दिनुपर्ने अन्य कुराहरू

यस प्रशिक्षण मोड्यूलमा दिइएको विषयको समय तालिका तथा मार्गदर्शनहरूलाई एउटा साङ्केतिक तरिकाको रूपमा लिँदै सहजकर्ता/स्रोतव्यक्तिले प्रत्येक पटकको प्रशिक्षण तयारी र सञ्चालन गर्दा स्थानीय परिवेश र सहभागीहरूको अनुकूलतालाई विचार गरेर विषयवस्तुअनुसार समय तालिका निर्धारण गर्न सक्दछन् । हरेक दिनको अन्त्यमा दिनभरि छलफल भएका विषयवस्तुहरूको सङ्क्षेपीकरण र दिनको शुरुवातमा अघिल्लो दिनको “आहा” लागेका कुरा, नयाँ सिकाइ तथा सुधार गर्नुपर्ने कुराहरूका बारेमा छोटकरीमा सहभागीमूलक तरिकाले पुनरावलोकन गर्नुपर्दछ ।

प्रशिक्षण मोड्युलमा उल्लेखित प्रशिक्षणका विषयवस्तु र प्रशिक्षण विधिहरूभित्र रहेर प्रशिक्षण सञ्चालन गर्नुपर्दछ र हरेक सत्रमा व्यावहारिक अभ्यासलाई प्राथमिकता दिनुपर्दछ ।

प्रशिक्षण अवधिमा सहभागीहरूको ज्ञान र कार्यसम्पादनका लागि आवश्यक सिप अभिबृद्धि सम्बन्धी सिकाइलाई कार्यक्षेत्रमा व्यावहारिक रूपमा लागु गर्ने कुरामा जोड दिनुपर्दछ । सत्र योजनाअनुसार सत्र सञ्चालन गर्ने प्रशिक्षणका सामग्री (पावरप्वाइन्ट, हस्तपत्र) हरू सहभागीहरूलाई उपलब्ध गराउनुपर्दछ । कुनै व्यक्ति वा सङ्घसंस्थाले प्रयोग गरेका प्रशिक्षण सामग्रीहरू यस प्रशिक्षणमा प्रयोग गरिने हो भने अनिवार्य रूपमा सोको स्रोत खुलाउनुपर्दछ ।

## २.८ सहभागीहरूका विषयमा सहजकर्ताले जान्नुपर्ने कुराहरू:



## २.९ सहभागीहरूको बसाइ व्यवस्थापन (प्रशिक्षण कक्षमा सहभागीहरूको लागि):

प्रशिक्षण कोठामा सहभागीहरूको  लागि गरिएको बसाइ उपयुक्त र आरामदायी भएनभने विषयवस्तु र प्रस्तुति जतिराम्रो भएपनि सिकाइ प्रभावकारी हुन सक्दैन । त्यसैले सहभागीहरूको लैङ्गिक संवेदनशीलता तथा शारिरिक अपाङ्गता भएका व्यक्तिहरूलाई समेत मध्यनजर गरी बसाइको प्रबन्ध मिलाउनुपर्दछ । यसका साथै प्रशिक्षक र सहभागीहरू बिच प्रत्यक्ष अन्तरक्रिया गर्न र आँखाको सम्पर्कबाट सक्रिय सहभागिता गराइरहन सकिने हुँदा U वा C आकारको बसाइ व्यवस्थापन गर्दा प्रशिक्षकले राम्रोसँग सबै सहभागीहरूमा आँखा पुर्‍याउन सकिन्छ  ।



U आकारको बसाइ व्यवस्थापन



C आकारको बसाइ व्यवस्थापन

## २.१० सुरक्षित वातावरण तथा सहज ठाउँको सिर्जना:

तालिम अघि सहजकर्ताहरूले सुरक्षित एवम् सहज स्थानको व्यवस्थापन गर्न आवश्यक हुन्छ । लैङ्गिकमैत्री एवम् अपाङ्गतामैत्री सुविधाहरू भए नभएको पहिचान गरी सकेसम्म फरक आवश्यकता भएका सहभागीहरूलाई उपयुक्त/सहज वातावरण प्रदान गर्नु पर्दछ । फरक व्यवहारिक आवश्यकता भएका सहजकर्ताहरूको हकमा कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानले संस्थागत तहबाट आवश्यक सहयोग प्रदान गर्नुपर्दछ ।

लैससास सम्बन्धी विषयवस्तुहरूमा छलफल चलाउँदा आइपर्न सक्ने चुनौतिहरूका बारेमा सहजकर्ता जानकार एवम् तयार हुनुपर्दछ । सत्र सञ्चालन गर्ने क्रममा सहभागीहरूले आफ्ना व्यक्तिगत तिता अनुभवहरू राख्न चाहेको खण्डमा वा एक अर्काप्रति दोषारोपण गर्न खोजेको खण्डमा सहजकर्ताले संयमतापूर्वक स्थितिलाई सम्हाल्नु पर्दछ ।

साथै लैससास परीक्षण गर्ने क्रममा सम्बन्धित स्थानीय सरकारका प्रतिनिधिहरू एवम् कर्मचारीहरूले लैससासको दृष्टिकोणबाट संस्थागत स्व-मूल्याङ्कन गर्नुपर्ने भएकाले स्थानीय तहका सहभागीहरूलाई लैससास परीक्षणको महत्त्वका बारेमा अवगत गराउँदै सक्रिय सहभागिताको लागि प्रोत्साहन गर्नुपर्दछ ।

## २.११ वातावरणमैत्री कार्यक्रमको सिर्जना:

→ आयोजकले सहभागीहरूलाई तालिमको हस्तपत्रहरू तथा सन्दर्भ सामाग्रीहरूको इलेक्ट्रोनिकप्रति उपलब्ध गराउने,
→ परेको खण्डमा न्यूनतम् मात्रामा मात्र प्रयोग गर्ने,
→ सकेसम्म तालिमपूर्व/पश्चात परीक्षा अनलाइन विधिमार्फत गर्ने,
→ फ्लेक्स, प्लास्टिक वा कागजको व्यानरको सट्टा डिजिटल व्यानरको प्रयोग गर्ने,
→ तालिमको क्रममा खाना खुवाउदा स्थानीय र जैविक (Organic) उत्पादनहरू छनौट गर्ने,
→ कम कार्बन उत्सर्जनको लागि शाकाहारी खानालाई प्राथमिकता दिने,
→ पुन: प्रयोगमा नआउने प्लास्टिकका सामाग्रीहरू जस्तै: प्लेट, बोत्तल, कप आदिको प्रयोग नगर्ने ।

## २.१२ लैससास दृष्टिकोणले हानिकारक तथा प्रयोग निषेध गर्नु पर्ने शब्दावलीहरू

| निषेध गर्नु पर्ने शब्दहरू | त्यसको सट्टामा प्रयोग गर्न सकिने शब्दहरू |
|---|---|
| श्रीमान | महोदय/ महोदया |
| सभापति | सभाध्यक्ष |
| अछुत, तल्लो जात, जुठो जात, चोखो जात | जातजातिअनुसार असमानता देखाउने शब्दहरू उच्चारण नै नगर्ने |
| पर सरेको/ | महिनावारी भएको |
| पोइल जाने | भागी विवाह |
| आइमाई | महिला |
| बोक्सा बोक्सी | यस्ता शब्द उच्चारण नै नगर्ने |
| हिजडा | तेस्रो लिङ्गी |
| वेश्या | यौनकर्मी/यौन व्यवसायी |
| कुकुर गधाजस्तो | पशुतुल्य व्यवहार |
| लाटो, डुडो, कानो, सुस्तमनस्थिति | अपाङ्गता भएका वा फरक क्षमता भएका व्यक्ति |
| राँडी | विधवा वा एकल महिला |
| जोइटिङ्ग्रे | श्रीमतीको कुरा खाने वा कुरा सुन्ने व्यक्ति |
| छोरीजस्तो डरपोक | छोरा वा छोरी कुनै एकजनालाई कमजोर बनाउने खालमा वा लैङ्गिक असमानता हुने गरी उदाहरण नदिने |
| अपुत्या, बाँझो | सन्तान नभएका व्यक्ति वा नि:सन्तान |

परिच्छेद ३:

# परिच्छेद ३:
## प्रशिक्षण योजनाको दैनिक विषय तालिका

### ३.१ पृष्ठभूमि

यस लैससास परीक्षण सम्बन्धी तीन दिने तालिममा जम्मा १२ वटा सत्रहरुको पाठ्यक्रम हुने छ, जसमा निम्न अनुसार विषयवस्तुहरु समेटिएका छन् ।

### ३.१.१ पहिलो दिन

| पहिलो दिन | समय | विषयवस्तु | सिकाइको उद्धेश्य | प्रशिक्षण विधि | शैक्षिक सामाग्री |
|---|---|---|---|---|---|
| सत्र१: उद्घाटन सत्र | ९० मिनेट | स्वागत तथा उद्घाटन परिचय कार्यक्रम तालिमको उद्देश्य र विषयवस्तुको बारेमाजानकारी तालिमको व्यवस्थापकीय जानकारी | तालिमप्रति अपनत्व तथा महसुसीकरण हुने छ ।<br>सहभागीहरुबिच आपसी घुलमिल हुने छ ।<br>तालिम कार्यक्रमको उद्देश्य र विषयवस्तुका बारेमा जानकारी हुने छ ।<br>तालिमको व्यवस्थापनबारेमा जानकारी हुने छ । | स्वागत मन्तव्य उदघाटन, आफ्नो नाम, संस्थागत जिम्मेवारी, लैससास तालिम लिए नलिएको जानकारीसहित सहभागीकोप्रस्तुति तालिम व्यवस्थापन पक्षको जानकारी प्रस्तुतीकरण | तालिम डिजिटल व्यानर, मार्कर, न्यजप्रिन्ट, मास्किङटेप, दर्ता किताव,कापी, कलम, मेटाकार्ड, तालिम पूर्व मूल्याङ्कन प्रश्नावली |
| सत्र २ | ९० मिनेट | नेपालमा लैससास पृष्ठभूमि र वर्तमान अवस्था | संघ, प्रदेश तथा स्थानीय सरकारको लैससास सम्बन्धी नीति तथा योजना र सवालहरू बारेमा जानकारी हुने छ । | पावर प्वाइन्ट प्रस्तुतीकरण र छलफल: राष्ट्रिय, प्रादेशिकर स्थानीय तहको लैससास तथ्याङ्क प्रस्तुतीकरण) | प्रोजेक्टर, मेटाकार्ड, मार्कर, मास्किङटेप, टास्नेवोर्ड, न्युजप्रीन्ट |
| खाजा ब्रेक | | | | | |
| सत्र ३ | ९० मिनेट | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा र लैससास शब्दावली | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको परिभाषा बताउन सक्ने छन् ।<br>लैससास शब्दावलीहरु (लैङ्गिकता, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, लैङ्गिक भूमिका, व्यवहारिक तथा रणनैतिक लैङ्गिक आवश्यकता, समानता र समता, सामाजिक समावेशीकरण, पँहुच नियन्त्रण, लैङ्गिक अन्तर्भिन्नता) को बारेमा बताउन सक्ने छन् । | सामाजिक समावेशीकरण तथा पँहुच नियन्त्रण गेम, प्रश्नोत्तर, प्रवचन तथा प्रस्तुतीकरण, | लैससास शब्दावलीसहित मेटाकार्ड, सेतोबोर्ड, मास्क टेप, पिनपोस्टर, हस्तपत्रहरु, चित्रहरु |
| सत्र ४ | ९० मिनेट | लैससास परीक्षणको अवधारणा, योजना र बजेटसँग लैससासको अन्तरसम्बन्ध | योजना तथा जेटसँग लैससास परीक्षणको अन्तर सम्बन्धका बारेमा बताउन सक्ने छन् ।<br>लैससास परीक्षण अवधारणागत तथा प्रक्रियागत विषयमा स्पष्ट हुने छन । | प्रस्तुतीकरण, समूह छलफल,चित्र छलफल | न्युजप्रीन्ट, मेटाकार्डमार्कर, बोर्ड, प्रोजेक्टर |

## ३.१.२ दोस्रो दिन

| दोस्रो दिन | समय | विषयवस्तु | सिकाइको उद्देश्य | प्रशिक्षण विधि | शैक्षिकसामाग्री |
|---|---|---|---|---|---|
| पहिलो दिनको समीक्षा | | | | | |
| सत्र ५ | ९० मिनेट | लैससास परीक्षणका पाँच मुख्य विषय क्षेत्रहरू र उपविषय क्षेत्रहरू | लैससास परीक्षणका मुख्य विषय क्षेत्रहरू र उपविषय क्षेत्रहरूका बारेमा बताउन सक्ने छन् । | प्रस्तुतीकरण र छलफल तथा प्रश्नोत्तर | न्युजप्रीन्ट, मेटाकार्डमार्कर, बोर्ड, हस्तपत्र, प्रोजेकटर |
| सत्र ६ | ९० मिनेट | लैससास परीक्षणका सूचक तथा उपसूचकहरू | लैससास परीक्षणका सूचक तथा उपसूचकहरूको अवस्था विश्लेषण गरी अङ्क प्रदान गरेर देखाउने छन् । | प्रस्तुतीकरणर समूह छलफल | न्युजप्रीन्ट/ppt, मेटाकार्डमार्कर, बोर्ड, हस्तपत्र (Handouts) ५ |
| खाजा ब्रेक | | | | | |
| सत्र ७ | ९० मिनेट | लैससास परीक्षण मापन परिणाम प्रस्तुतीकरणका विधि तथा औजारहरू (माकुरी जालो चित्र र स्तम्भ चित्र) | लैससास परीक्षण मापनको परीणाम प्रस्तुतीकरणको विधिहरूको प्रयोग गर्न सक्ने छन् । | समूहगत अभ्यास र छलफल | न्युजप्रीन्ट, मेटाकार्डमार्कर, बोर्ड, हस्तपत्र, प्रोजेकटर |
| सत्र ८ | ९० मिनेट | सकअचु विश्लेषणको विधिबाट स्थानीय तहको समग्र मूल्याङकन | सहभागीहरूले सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति (सकअचु) विश्लेषण गरी स्थानीय सरकारको सकअचु प्रस्तुत गर्न सक्षम हुने छन् । | समूह छलफल तथा सकअचु विश्लेषणको खाकामा अभ्यास | न्युजप्रीन्ट, मेटाकार्डमार्कर, बोर्ड, प्रोजेकटर |

### ३.१.३ तेस्रो दिन

| तेस्रोदिन | समय | विषयवस्तु | सिकाइको उद्धेश्य | प्रशिक्षण विधि | शैक्षिक सामाग्री |
|---|---|---|---|---|---|
| | | | दोस्रो दिनको समीक्षा | | |
| सत्र ९ | ९० मिनेट | लैससास परीक्षणका चरणहरूको परिचय (तयारी चरण, कार्यान्वयन चरण र प्रतिवेदन चरण) | लैससास परीक्षणका चरणहरूको व्याख्या गर्न सक्ने छन् । | प्रस्तुतीकरणर छलफल | न्युजप्रीन्ट, मेटाकार्ड मार्कर, बोर्ड, हस्तपत्र, प्रोजेक्टर |
| सत्र १० | ९० मिनेट | लैससास परीक्षण प्रतिवेदन तयारी अभ्यास | लैससास परीक्षणको परीणामको आधारमा प्रतिवेदन तयार गर्न सक्ने छन | प्रस्तुतीकरण, प्रश्नोत्तर र छलफल | न्युजप्रीन्ट, मेटाकार्ड, मार्कर, बोर्ड, प्रोजेक्टर |
| | | | खाजा ब्रेक | | |
| सत्र ११ | ९० मिनेट | लैससास कार्ययोजना तयारी | लैससास कार्यदलको संरचना र भूमिकाबारे स्पष्ट हुने छन् । सहभागीहरूले लैससास कार्ययोजना तयारी गरेर प्रस्तुत गर्ने छन् । | कमजोर पक्ष/ सूचकहरूमा सुधार ल्याउने कार्ययोजना खाकामाथि छलफल र कार्ययोजना तयारी | कार्ययोजना खाका |
| सत्र १२ | ९० मिनेट | तालिम अवधिको मुख्य मुख्य सिकाइहरू, तालिमको समग्र मूल्याङ्कन तथा तालिम समापन | सहभागीहरूबाट आएका सिकाइहरू र मूल्याङ्कनबाट आगामी तालिमहरूमा अझै प्रभावकारी बनाउन सहज हुने छ । | व्यक्तिगत रूपमा तालिम मूल्याङ्कन फाराम भर्ने | तालिम मूल्याङ्कन प्रश्नावली |

परिच्छेद ४:

# परिच्छेद ४:

## सत्र योजना

### ४.१ पृष्ठभूमि

यस परिच्छेदमा सम्पूर्ण सत्रहरुको विस्तृत विवरण सहित सत्र संचालन प्रक्रिया प्रस्तुत गरिएकोछ । प्रत्येक सत्र संचालन गर्न लाग्ने समय लगायत सत्रको विषयवस्तु र सत्रको उद्देश्य माथि प्रकास पारिएको छ । सत्र तयारि तथा सहजकर्तालाई नोट लगायत हस्तापत्र सम्बन्धि विवरण एवं सत्र संचालनका लागि आवश्यक शैक्षिक सामाग्रीहरु उल्लेख गरिएका छन् ।

# सत्र योजना १:

## शुभारम्भ, परिचय, प्रशिक्षणको उद्देश्य, प्रशिक्षण व्यवस्थापन, प्रशिक्षण पूर्वपरीक्षण

**समय: ९० मिनेट**

**सत्र सङ्ख्या: १**

**सत्रको विषय:** शुभारम्भ, परिचय, प्रशिक्षणको उद्देश्य, प्रशिक्षण व्यवस्थापन, प्रशिक्षण पूर्वपरीक्षण

**सत्रको उद्देश्य**

→ तालिमको औपचारिक शुरुवात हुने छ,
→ सहभागीहरू र प्रशिक्षकहरूबिच एकआपसमा परिचय भई घुलमिल तथा अनुभव आदानप्रदानको वातावरण तयार हुने छ,
→ सहभागीहरू तालिमको उद्देश्य, विषयवस्तुहरू र व्यवस्थापकीय पक्षका बारेमा जानकार हुने छन्,
→ सहभागीहरूको तालिम पूर्व मूल्याङ्कन (Pre-test) भएको हुने छ ।

**सत्र तयारी तथा सहजकर्तालाई नोट**

→ आवश्यक शैक्षिक सामग्रीहरू जस्तैः तालिमका लागि आवश्यक सामग्रीहरू जस्तैः तालिमको डिजिटल व्यानर, उद्देश्य तथा विषयवस्तु लेखिएको पावर प्वाइन्ट र तालिमको पूर्व मूल्याङ्कनको लागि सूचना तथा प्रविधिमा आधारित फारम (जस्तै कोबो) आदि तयार गर्नुहोस् । डिजिटल एवम् सूचना तथा प्रविधिमा आधारित सामग्रीहरूको प्रयोग असम्भव भएको खण्डमा अन्य विकल्पको प्रयोग गर्नुहोस् ।
→ आयोजकसँग समन्वय गरी तालिमको औपचारिक उद्घाटन सत्रमा उपस्थित हुने वा भएका सम्बन्धित व्यक्तिहरूमध्ये अध्यक्षता गर्ने, स्वागत तथा उद्घाटन मन्तव्य दिने, तालिमको उद्देश्य, विषयवस्तु र व्यवस्थापनका बारेमा जानकारी दिने व्यक्ति चयन गर्नुहोस र उद्घाटन सत्र सञ्चालनको लागि आफ्नो नोट तयार गरी निश्चत गरिएको विधिअनुरूप उद्घाटन कार्यक्रम सञ्चालन गर्नुहोस् ।

**हस्तपत्र (Handouts) तथा खाका/ढाँचा**

हस्तपत्र (Handouts) १: तालिम पूर्व तथ तालिम पश्चातको मूल्याङ्कन प्रश्नावली

**आवश्यक शैक्षिक सामग्रीहरू**

- फ्लिप चार्ट स्ट्यान्ड,
- ह्वाइटबोर्ड,
- बोर्डमार्कर,
- ब्राउनपेपर,
- मेटाकार्ड
- मार्कर,
- मास्किङटेप,
- साइनपेन,
- सहभागी उपस्थित रजिस्टर आदि

## सत्र सञ्चालन प्रक्रिया तथा मूल्याङ्कन

**क्रियाकलाप १:** उदघाटन **(समय: २० मिनेट)**

» शुरुमा उपस्थित सहभागीहरुको नामदर्ता गरी सबैजनालाई हलमा उपयुक्त तरिकाले बसाइ मिलाउने,
» उद्घाटन कार्यक्रम सञ्चालनको लागि निश्चित गरिएको विधिअनुसार तयारी गरी तालिम कार्यक्रमको उद्घाटन गर्ने,
» तालिमको औपचारिक उद्घाटन, मन्तव्य र तालिमको उद्देश्य र विषयवस्तुको बारेमा प्रस्तुतीकरण गर्ने,
» सबै सहभागीहरुलाई स्वागत गरेर प्रशिक्षणमा उनीहरुको उपस्थितिको लागि धन्यवाद दिने र परिचयात्मक कार्यक्रम अगाडि बढाउने,

**क्रियाकलाप २:** सहभागी परिचय **(समय: २० मिनेट)**

» सर्वप्रथम तालिमको सहजकर्ताहरुले आफ्नो परिचय दिने ।
» सहभागीहरुलाई आफ्नो नाम, ठेगाना, पदका साथै पहिला लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैससास परीक्षणका विषयमा तालिम लिए नलिएको वा तालिम सञ्चालन गरे नगरेको समेत खुलाएर आफ्नो परिचय दिन अनुरोध गर्ने,

**क्रियाकलाप ३:** तालिम पूर्व मूल्याङ्कन **(समय: १५ मिनेट)**

» हस्तपत्र (Handouts) १ मा भएका वैकल्पिक उत्तरहरु भएको तालिमको पूर्व मूल्याङ्कन प्रश्नावलीको फारम वितरण गरी सही उत्तरमा चिन्ह लगाउन भन्ने र उत्तरसहितको सबै फारमहरु सङ्कलन गर्ने ।

**क्रियाकलाप ४:** अपेक्षा सङ्कलन **(समय: २० मिनेट)**

» सहभागीहरुलाई निलो र पहेँलो २ रङ्गको मेटाकार्ड वितरण गरी निलोमा अपेक्षा र पहेँलोमा आशङ्का लेख्न लगाउनुहोस् र सङ्कलन गरी एक एक गरेर पढेर सुनाउँदै न्युज प्रिन्ट/फ्लिपचार्टमा टाँस्दै सहजकर्ताले ती कुराहरु यो प्रशिक्षणबाट समेट्न सकिने र नसकिने विषयका जानकारी गराउने ।

**क्रियाकलाप ५:** तालिमको नीति नियम तयारी तथा जिम्मेवारी बाँडफाँड **(समय: १५ मिनेट)**

» तालिमलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने उद्देश्यका साथ तालिम अवधिभर पालना गर्नुपर्ने नियमहरु सहभागितात्मक रुपमा तयार गर्न लगाउने,

३ दिनसम्म तालिम व्यवस्थापन गर्न सहभागितात्मक रुपमा व्यवस्थापन समूह, प्रतिवेदन समूह र मनोरञ्जन समूहहरु गठन गरी सो समूहका भूमिका तथा जिम्मेवारीका बारेमा व्याख्या गर्ने ।

### व्यवहारिक आधारभूत नियमहरुमा निम्न कुराहरु समावेश हुन सक्छन्

☑ सहभागीहरु एवं सहजकर्ताहरु समयमै तालिममा उपस्थित हुने,

☑ एकचोटीमा एकजना मात्र बोल्ने अर्थात बोल्दा पालै पालो बोल्ने,

☑ तालिम संचालन भइरहदा सेलफोनहरु साइलेन्स मोडमा राख्ने,

☑ अतिआवश्यक परेको खण्डमा बाहेक तालिम अवधिमा फोन नउठाउने,

☑ एक अर्काको विचारको सम्मान, तालिमका क्रममा व्यक्तिगत अनुभव र विचारहरुको सम्मान गर्दै गोपनियता कायम राख्ने

(व्यवस्थापन समूहको काम समय व्यवस्थान, खानपिन बसाइ सम्बन्धी रेखदेखको जिम्मेवारी, प्रतिवेदन तथा मूल्याङ्कन समूहले दिनभरिमा भएगरेका गतिविधिहरु, सिकाइहरु, राम्रा लागेका पक्ष र सुधार गर्नुपर्ने पक्षका बारेमा प्रतिवेदन तयार गरी सुनाउने र मनोरजञ्जन समूहले सहभागीहरुलाई रमाईलो गरी सिक्ने-सिकाउने वातावरण सिर्जना गर्ने) त्यसपछि तालिम आयोजकले तालिमको प्रशासनिक तथा व्यवस्थापकीय पक्षहरु र स्तनपान गराउने आमाहरु, अपाङ्गता भएका व्यक्तिहरुका लागि अन्य कुनै विशेष प्रावधानहरु छन् भने सो प्रावधानहरुको बारेमा पनि जानकारी गराउने,

# सत्र योजना २:

## नेपालमा लैससासको पृष्ठभूमि र वर्तमान अवस्था

**समय: ९० मिनेट**

**सत्र सङ्ख्या: २**

**सत्रको विषय:** नेपालमा लैससासको पृष्ठभूमि र वर्तमान अवस्था

**सत्रको उद्देश्य**

संघ, प्रदेश तथा स्थानीय सरकारको लैससास सम्बन्धी नीति तथा योजना र सवालहरूका बारेमा जानकारी हुने छ ।

**सत्र तयारी तथा सहजकर्तालाई नोट**

हस्तपत्र (Handouts) नं. २ मा भएको नेपालको संविधान, १५ औँ पञ्चवर्षीय योजना, कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, राष्ट्रिय लैङ्गिक समानता नीति, राष्ट्रिय सामाजिक समावेशीकरण नीति, कर्णाली प्रदेशको लैससास नीतिमा भएका लैससासका प्रावधानहरू समावेश गरिएको विषयवस्तु एवम् सम्बन्धित स्थानीय सरकारको पार्श्वचित्र (Profile), आवधिक योजना वा अन्य कुनै दस्तावेजहरूको अध्ययन गरी लैससासको अवस्था झल्काउने तथ्याङ्कहरू सङ्कलन गरी पावरप्वाइन्ट वा ब्राउन पेपरमा प्रस्तुतीकरणका लागि तयार गर्नुहोस् ।

**हस्तपत्र (Handouts), सन्दर्भ सामग्री तथा खाका/ढाँचा**

हस्तपत्र (Handouts) नं. २

**आवश्यक शैक्षिक सामग्रीहरू**

लैससास सम्बन्धी नीतिगत प्रावधानहरू, लैससासको अवस्था झल्काउने चित्रात्मक सूचना/तथ्याङ्कहरू भएको पावरपोइन्ट स्लाइडहरू

## सत्र सञ्चालन प्रक्रिया तथा मूल्याङ्कन

**क्रियाकलाप १:** राष्ट्रिय तथा प्रादेशिक स्तरको लैससास सूचना/तथ्याङ्कहरू प्रस्तुतीकरण **(समय: २० मिनेट)**

» हस्तपत्र (Handouts) नं. २ अनुसार लैससासको वर्तमान अवस्था झल्काउने विश्वव्यापी एवम् राष्ट्रियस्तरको सूचना/तथ्याङ्कहरूको प्रस्तुतीकरण गर्नुहोस,

» हस्तपत्र (Handouts) नं. २ मा भएअनुसारकै लैससासको वर्तमान स्थिति सम्बन्धी प्रादेशिक स्तरको सूचना/तथ्याङ्कहरूको प्रस्तुतीकरण गर्नुहोस्,

» हस्तपत्र (Handouts) नं. २ मा भएअनुसार लैससासको क्षेत्रमा भएका सुधारहरू सम्बन्धी तथ्याङ्कहरू प्रस्तुत गर्नुहोस्,

तथ्याङ्क प्रस्तुति पछि प्रगतिशील नीति तथा कार्यक्रमहरू मार्फत विद्यमान असमानतालाई हटाउन सकिने कुरामा जोडदिने, जसका लागि स्थानीय सरकारको भूमिका उल्लेखनीय रहेको कुरामा जोडदिने ।

**क्रियाकलाप २:** समूह छलफल कार्य **(समय: २० मिनेट)**

» सहभागीहरूलाई उनीहरूको आफ्नै वार्डहरूमा लैससासको स्थितिको बारेमा प्रश्न गर्दै यस सम्बन्धमा भएको उनीहरूको ज्ञानको प्रश्नउत्तर विधिबाट छलफल गर्नुहोस् ।

**क्रियाकलाप ३:** सङ्क्षेपीकरण तथा सम्बन्धित स्थानीय सरकारको लैससास स्थितिको तथ्याङ्क प्रस्तुतीकरण **(समय: ४० मिनेट)**

» सहजकर्ताले समूह कार्यको प्रस्तुतिसँग जोड्दै नेपालको संविधान, १५ औं पञ्चवर्षीय योजना, कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, राष्ट्रिय लैङ्गिक समानता नीति, कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, लै.स.सा.स नीति, दिगोविकास लक्ष्य सम्बन्धी नीति तथा योजनाहरू प्रस्तुत गर्ने ।

**क्रियाकलाप ४:** सत्र मूल्याङ्कन **(समय: १० मिनेट)**

» सहभागीहरूलाई यस सत्रको मुख्य सिकाइहरू केके रह्यो भनी प्रश्न गर्नुहोस्

» सम्पूर्ण सहभागीहरू – विशेष गरी महिला तथा सामाजिक वहिष्करणमा परेका समूहका सहभागीहरूलाई आफ्नो कुरा राख्न प्रोत्साहन गर्नुहोस्

प्रश्नोत्तर विधिको माध्यमबाट सत्र मूल्याङ्कन गर्नुहोस् ।

*(सहभागीहरूलाई निम्न अनुसारका प्रश्नहरू एक एक गरी सोध्दै उत्तर भन्न लगाउनुहोस्)*

**नेपालको संविधान २०७२ (2015) ले लैससास प्रवर्धनका लागि कुन कुरालाई विशेष प्रावधानको रूपमा व्यवस्था गरेको छ ?**

क) सामाजिक समावेशीकरण र विविधता

ख) गरिबी निवारण

ग) भौतिक विकास

**लैससास कार्यान्वयनलाई मार्गदर्शन गर्ने मुख्य राष्ट्रिय नीतिहरू निम्न मध्ये कुन कुन हुन्?**

क) सामाजिक समावेशीकरण नीति २०७६ र राष्ट्रिय लैङ्गिक समानता नीति २०७७

ख) विदेशबाट फर्कनेहरूका लागि लैससास नीति र महिला सुधार नीति २०७८

ग) कर्णाली प्रदेश सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८

**कर्णाली प्रदेशमा महिला परिवारमूली भएको परिवारहरूको प्रतिशत निम्नअनुसार छ:**

क) ३२.१%

ख) ३१.६%

ग) १७.१%

*तिनै प्रश्नको **"क"** नंवरमा भएका उत्तर सहि उत्तर हुन् ।*

# सत्र योजना ३:

## लैससासको अवधारणागत बुझाइ तथा सम्बन्धित शब्दावलीहरू

**समय: ९० मिनेट**

**सत्र सङ्ख्या:** ३

**सत्रको विषय:** लैससासको अवधारणागत बुझाइ तथा सम्बन्धित शब्दावलीहरू

**सत्रको उद्देश्य**

→ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको परिभाषा बताउन सक्ने छन्,

→ लैससास शब्दावलीहरू (लैङ्गिकता, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, लैङ्गिक भूमिका, व्यवहारिक तथा रणनैतिक आवश्यकता, समानता र समता, सामाजिक समावेशीकरण, पँहुच नियन्त्रण, लैङ्गिक अन्तर्भिन्नता) को बारेमा बताउन सक्ने छन् ।

**सत्र तयारी तथा सहजकर्तालाई नोट**

सहजकर्ताले हस्तपत्र (Handouts) मा उल्लेखित विषयवस्तुहरूको बारेमा यथेष्ट ज्ञान/जानकारी राख्नुहोस् साथै तालिममा प्रस्तुत गरिने विषयवस्तुलाई बुँदागत रूपमा न्युजप्रिन्ट वा पावरप्वाइन्टमा तयार गर्नुहोस् ।

**हस्तपत्र (Handouts) तथा सन्दर्भ सामग्री**

हस्तपत्र (Handouts) नं. ३

**आवश्यक शैक्षिक सामग्रीहरू**

- मार्कर,
- न्युजप्रिन्ट,
- मेटाकार्डहरू,
- प्रोजेक्टर,
- मास्किङटेप,
- फिल्पचार्टबोर्ड,
- रातो, हरियो र कालो रङ्गका टीकाहरू

## सत्र सञ्चालनप्रक्रिया तथा मूल्याङ्कन

**क्रियाकलाप १ :** लिङ्ग र लैङ्गिकताको परिभाषा **(समय: २० मिनट)**
सहभागीहरू समक्ष निम्नानुसार केही कथनहरु राख्नेर उनीहरुलाई उक्त कथनहरु प्राकृतिक हुन्, वा सामाजिक हुन् भनी सोध्ने

» महिलाहरुले बच्चा जन्माउँछन्, पुरुषहरुले जन्माउँदैन ।

» केटीहरु कोमल हुन्छन्, केटाहरु कडा हुन्छन् ।

» सामान्यतया, महिलाहरुलाई पुरुषको ज्यालाको ४०-६० प्रतिशत मात्र दिइन्छ ।

» महिलाले बच्चालाई स्तनपान गराउन सक्छन् ।

» पुरुषहरुले बच्चाहरुलाई बोतलमा राखेर दुध खुवाउन सक्छन् ।

» नेपालमा अधिकांश यान्त्रिक र प्राविधिक कामदार पुरुष छन् ।

» यौवनावस्थामा पुरुषको आवाज टुट्छ, महिलाको आवाज टुट्दैन ।

» पुरुषहरुले शुक्राणुकोषहरु उत्पादन गर्छन्, महिलाहरुले गर्दैनन् ।

सहभागीहरुको दृष्टिकोण बुझेपछि हस्तापत्र ३ मा उल्लेख भएअनुसार लिङ्ग र लैङ्गिकताको परिभाषा प्रस्तुत गर्दै निम्न कुराहरुमा जोड दिनुहोस्:
महिला र पुरुषबिचका अधिकांश भिन्नता कुनै न कुनै तरिकाले सामाजिक रुपमा सिर्जित वा सांस्कृतिक रुपमा निर्धारित छन् । यस्तो तब हुन्छ जब महिला र पुरुषलाई फरक खालका जिम्मेवारी, कामहरु तोकिन्छ शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जनका अवसरहरुमाथि असमान पहुँच रहन्छ । लैङ्गिकता भन्नाले सांस्कृतिक मूल्य मान्यता, रीतिरिवाज र आदर्शहरुद्वारा परिभाषित महिला र पुरुष, केटा र केटीबिचको सामाजिक सम्बन्धबाट ।
महिला र पुरुषबिचका लैङ्गिक सम्बन्धहरु परिवर्तन गर्न सकिन्छ । संस्कृतिअनुसार लैङ्गिक सम्बन्धहरु फरकफरक खालका हुन्छन् । तीमध्ये कुनै अरुभन्दा बढी सबलीकृत गर्ने खालका छन् ।

**क्रियाकलाप २:** लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक (LGBTQI) सम्बन्धी भिडियो प्रदर्शन तथा छलफल **(समय: १० मिनेट)**

» लैङ्गिक पहिचानका आधारमा तथा यौनिक अभिमुखीकरणका आधारमा समाजमा विविधता रहेको कुरा उल्लेख गर्नुहोस्

» ५ मिनेटको यौनिक अल्पसङ्ख्यक सम्बन्धी भिडियो[1] प्रदर्शन गर्नुहोस् र छलफल गरी थप स्पष्ट गर्नुहोस् ।

1 https://youtu.be/RpP1JvD-9q8

**क्रियाकलाप ३:** लैङ्गिकता निर्माण प्रक्रियाको बारेमा कथा **(समय: १५ मिनेट)** [2]

» सहभागीहरूलाई लैङ्गिकता निर्माण प्रक्रिया बुझाउन एउटा कथा सुनाउनुहोस्

*कल्पना गर्नुहोस्*

एउटा घरमा जुम्ल्याहा बच्चाहरु जन्मिएका छन् – एउटा छोरा र एउटा छोरी । उनीहरूको नाम मनसरी र बिर्खामान हो ।

हुर्कदै जाने क्रममा बिर्खामानलाई उसको बुवाले खेल्ने गाडी र बल ल्याइदिनुभयो भने मनसरीलाई भाँडाकुटी ल्याइदिनुभयो । मनसरी र बिर्खामानले लगाउने लुगाहरु पनि फरक थियो ।

जब उनीहरु विद्यालय जाने उमेरका भए मनसरीलाई सरकारी स्कूल र बिर्खामानलाई प्राइभेट स्कुलमा भर्ना गरिदिनुभयो ।

विद्यालयबाट फर्केपछि मनसरीले घरको सम्पूर्ण कामहरूमा आमालाई सघाउथ्यो भने बिर्खामान साथीहरुसँग खेल्न जान्थ्यो ।

उनीहरु किशोरावस्थामा पुगेपछि मनसरीलाई परिवारका सदस्यहरुले केही कुराहरुमा बन्देज लगाउन थाले - जस्तै: बेलुका अबेरसम्म बाहिर नजान / नबस्न, ठुलो अवाजमा नबोल्न, सहनशील हुन, आदि । बिर्खामानलाई चाहिँ कम्जोर नहुन, नरुन, निडर हुन प्रोत्साहन गरियो, सानैदेखि नै मनसरीलाई घरको काममा पोख्त हुन र घर गरिखान सक्ने हुन भनियो भने बिर्खामानलाई परिवारको रक्षा गर्न, कमाउन भनियो । एकदिन बिर्खामान रुदा बुवाले उसलाई छोरा मान्छे भएरनि रुन्छस् भनेर खिस्सी गर्नुभयो – त्यस दिनदेखि बिर्खामानले अरुले देख्नेगरि रुन छोडेको छ । मनसरीलाई भने उसको आमाले छोरी मान्छे भएर धेरै बोल्नु नहुने भन्दै बेलाबेलामा गाली गर्नुहुन्थ्यो ।

विवाहको उमेर पुगेपछि परिवारले बिर्खामानलाई पुर्ख्यौली जमिन उसको नाममा गरिदियो र उसको विवाह गरिदियो मनसरीको पनि विवाह भयो, परिवारले उसको नाममा केही दाइजो दिएतापनि जग्गा/जमिन भने दिएन । विवाहपछि मनसरीले पढाइ अगाडि बढाउन पाइन । उसको परिवारले उसलाई घरको कामभन्दा अन्य आयआर्जनको काममा लाग्न प्रोत्साहन गरेन ।

*उल्लेखित कथासँग जोड्दै लैङ्गिकता निर्माण प्रक्रिया, लैङ्गिक भूमिका र लैङ्गिक आवश्यकताबारे सहभागीहरूलाई प्रष्टपार्नुहोस्*

**क्रियाकलाप ४ :** समानता र समता **(समय: १० मिनट)**

» समानता र समताको बारेमा हस्तपत्र (Handouts) नं. ३ मा उल्लेख गरिएको चित्रविधिमार्फत प्रष्ट पार्ने

**क्रियाकलाप ५ :** अन्तरविभाजन/अन्तर्भिन्नता (Intersectionality) **(समय: १० मिनट)**

» सहभागीहरूलाई के सम्पूर्ण महिलाहरूको अनुभव, भोगाइ, समस्या एवम् आवश्यकता एकै किसिमको हुन्छ वा भिन्न हुन्छ प्रश्न गर्ने ?

» सहभागीहरूलाई के दलित महिला र शिक्षित ब्राह्मण समुदायको महिलाको अनुभव र आवश्यकता एकै किसिमको हुन्छ कि फरक हुन्छ प्रश्न गर्ने छलफल गर्ने ?

» छलफल पश्चात अन्तर्भिन्नताको बारेमा हस्तपत्र (Handouts) नं. ३ मा उल्लेख गरेअनुसार परिभाषित गर्ने

---

2 Gender and Identity Transformative Training, The Asia Foundtaion

**क्रियाकलाप ६ :** सामाजिक समावेशीकरण सम्बन्धी खेल **(समयः १५ मिनेट)**

» सहजकर्ताले खेल खेलाउनु अगि हामी सबैजना समान छौँ भनी सहभागीहरूलाई बताउने ।अहिले खेलिन लागेको टीका खेल हाम्रो समाजमा बहिष्करण अर्थात् वञ्चितीकरणमा परेका समुदायले कस्तो अनुभव गर्छन् भनेर बुझ्न तथा महसुस गर्नका लागि मात्र खेल्न लागिएकोहो भनी जानकारी दिने । यो खेल समाजमा भएका/हुने गरेका सामाजिक प्रचलनलाई आधार मानेर खेलिने हुनाले यसलाई खेलकै रूपमा मात्र लिन र व्यक्तिगत रूपमा नलिन अनुरोध गर्ने ।

त्यसपछि दुईजना सहभागीलाई अवलोकन गर्न लगाउने र बाँकी सहभागीहरूलाई खेल खेल्नका लागि अगाडि लैजाने र खेलमा संलग्न भएका सबै सहभागीहरूको निधारमा फरकफरक रङको टीका टाँसिदिने तर सहभागीहरूलाई आफ्नो निधारमा कुन रङको टीका टाँसिएको छ भन्ने कुरा थाहा नदिने ।

टीकाका रङको अर्थ बताइदिने । जस्तैः रातो– इज्जत गर्नुपर्ने, असल र समाजको ठुलोबडो व्यक्ति । कालो– सबैले हेप्ने, तल पारिएको, बेवास्ता गरिएको । हरियो– सामान्य व्यक्ति ।

सहभागीहरूलाई अब साथीको निधारमा भएको टीकाको रङको आधारमा उससँग व्यवहार गर्न लगाउने । जस्तैः यदि कसैको निधारमा रातो टीका छ भने उसलाई एकदम उत्साहपूर्ण तरिकाले नमस्ते गर्ने र खुसी व्यक्त गर्ने किनकि रातो टीका लगाएको व्यक्ति समाजमा एकदम प्रतिष्ठावान् र महत्त्वपूर्ण व्यक्तिको रूपमा परिचित छ । ऊ खुसी भयो भने तपाईंले चाहेको कुरा पाउन सक्नुहुन्छ भन्ने । यदि कसैले हरियो टीका लगाएको छ भने उसलाई दिनहुँ भेटघाट हुँदा जस्तो साधारण हेलो, हाइ नमस्ते गर्ने । त्यो मान्छेबाट आफूलाई केही फाइदा छैन भन्ने जानकारी दिने । त्यसैगरी कालो टीका लगाएको व्यक्तिलाई बेवास्ता गर्ने, उसले नमस्कार गरे पनि उसको नमस्कारलाई नफर्काइ हिँड्ने । त्यो व्यक्तिले भेट्यो भने तपाईंसँग सहयोग माग्छ भन्ने जानकारी दिने । तर खेल खेल्दा कुनैपनि सहभागीले बोल्न पाइँदैन केवल हाउभाउले मात्र व्यवहार गर्नुपर्छ भन्ने ।

खेलको समय सकिएपछि सहभागीहरूलाई आँखा बन्द गर्न लगाइ साथीहरूले गरेको व्यवहारबाट के महसुस भयो भनी सोध्ने ।

अब सहभागीहरूलाई आफूले लगाएको टीकाको रङको आधारमा ३ वटा समूहमा विभाजन गर्ने (रातो, हरियो र कालो)

त्यसपछि ३ वटै समूहलाई यो खेल खेल्दा कस्तो अनुभव भयो भनेर सोध्ने । सुरु गर्दा रातो रङको टीका लगाएको सहभागीबाट सुरु गर्ने, अनि हरियो त्यसपछि कालो टीका लगाएको सहभागीलाई सोध्ने ।

त्यसपछि सहजकर्ताले निम्न प्रश्न सोधी छलफल गर्नेः

(छलफल गर्दा सहजकर्ताले सहभागीहरूलाई समय सापेक्षिक र संवेदनशील उदाहरणहरू दिँदै प्रश्न सोध्ने । जस्तैः महिला, विपन्न एकल महिला, दलित अपाङ्गता भएका व्यक्ति, समलिङ्गी तथा तेस्रो लिङ्गीहरू आदि ।)

→ यो अभ्यासले हाम्रो समाजलाई कस्तो सन्देश दिन्छ ?
→ हाम्रो समाजमा कस्ता खाले भेदभावहरू भइरहेका छन् ?
→ यो खेल खेलिसके पछि समाजले पछाडि पारेका समूहहरूबारे तपाईंले कस्तो महसुस गर्नुभयो?
→ हाम्रो समाजमा सामाजिक समावेशीकरण कसरी गर्न सकिन्छ ?

**निष्कर्षः**

→ सामाजिक समावेशीकरण भनेको समाजमा पछाडि परेका र पारिएका कुनै व्यक्ति वा समूहलाई समाजको सम्पूर्ण तहका निर्णय र विकास प्रक्रियामा अर्थपूर्ण सहभागी गराउने प्रक्रिया हो ।
→ आफूले अरूबाट आदर सम्मान चाहने हो भने पहिला अरूलाई आदर सम्मान गर्न सिक्नुपर्दछ ।
→ जातीय, वर्गीय, लैङ्गिक, अपाङ्गता, धनी–गरिब, शिक्षित–अशिक्षितको आधारमा कसैलाई विभेद गर्नु हुँदैन, यदि त्यसो गरेमा कानुनबमोजिम सजाय हुन्छ ।

**क्रियाकलाप ७:** सत्रको सिकाइ मूल्याङ्कन **(समयः १० मिनेट)**

सहभागीहरूलाई यस सत्रको मुख्य सिकाइहरू केके रह्यो भनेर प्रश्न गर्नुहोस्

सम्पूर्ण सहभागीहरू- विशेषगरि महिला तथा सामाजिक वहिष्करणमा परेका समूहका सहभागीहरूलाई आफ्नो कुरा राख्न प्रोत्साहन गर्नुहोस्

# सत्र योजना ४:

## लैससास परीक्षणको पृष्ठभूमि, अवधारणा, महत्व, योजना र बजेटसँग लैससास परीक्षणको अन्तरसम्बन्ध

**समय: ९० मिनेट**

**सत्र सङ्ख्या:** ४

**सत्रको विषय:** लैससास परीक्षणको पृष्ठभूमि, अवधारणा, महत्व, योजना र बजेटसँग लैससास परीक्षणको अन्तरसम्बन्ध

**सत्रको उद्देश्य**

सहभागीहरूले लैससास परीक्षणको अवधारणागत तथा प्रक्रियागत विषयमा स्पष्ट हुनेछन् र योजना तथा बजेटसँग लैससास परीक्षणको अन्तरसम्बन्धका बारेमा बताउन सक्ने छन् ।

**सत्र तयारी तथा सहजकर्तालाई नोट**

सहजकर्ताले हस्तपत्रमा उल्लेखित विषयवस्तुहरूको बारेमा यथेष्ट ज्ञान/जानकारी राख्नुहोस् साथै चित्रमा देखाएअनुसार लैससास योजना तथा बजेट सम्बन्ध खाकालाई प्रस्तुत गर्नका लागि न्युजप्रिन्ट वा पावरप्वाइन्टमा तयार गर्नुहोस् ।

**हस्तपत्र (Handouts) तथा सन्दर्भ सामग्री**

हस्तपत्र (Handouts) नं. ४

**आवश्यक शैक्षिक सामग्रीहरु**

- न्युजप्रिन्ट पेपर,
- मेटाकार्डहरू,
- बोर्ड,
- प्रोजेक्टर,
- मास्किङटेप

## सत्र सञ्चालन प्रक्रिया तथा मूल्याङ्कन

**क्रियाकलाप १:** स्थानीय सरकारको योजना तर्जुमा कार्यक्रमहरूमा बारेमा छलफल **(समय: ३० मिनेट)**

» सर्वप्रथम सहभागीहरूलाई स्थानीय सरकारको योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी बनाउन केके गर्नुपर्छ भनि सोध्नुहोस । छलफल चलाउदा निम्न विषयवस्तुहरु|कुराहरूमा जोड दिनुहोस् :


→ योजना तथा बजेट तर्जुमा प्रक्रियामा लैससास मुलप्रवाहीकरण सुनिश्चित गर्न केके गर्न सकिन्छ ?

→ स्थानीय सरकारको लक्षितवर्ग तथा समूहहरूलाई सम्बोधन गरी महिला तथा सीमान्तकृत वर्गहरूको अर्थपूर्ण सहभागिता गराउन के कस्ता प्रक्रिया अपनाउने गरिएको छ ?

→ विषयगत हस्तपत्र (Handouts) ४ बाट लैससास परीक्षण र योजना तथा बजेट सम्बन्ध खाका समेतको पावरप्वाइन्ट तयार गरी प्रस्तुतीकरण गर्नुहोस् र योजनालाई कसरी लैससास उत्तरदायी बनाउने भन्ने बारेमा छलफल गर्नुहोस,

→ सहभागीहरूलाई हस्तपत्र (Handouts) नं. ४ को अध्ययन गर्न प्रोत्साहन गर्नुहोस् ।

→ स्थानीय सरकारले गर्ने सम्पूर्ण क्रियाकलापहरू- संस्थागत एवम विकासका योजना तथा कार्यक्रमहरूमा लैससास मुलप्रवाहीकरण भए नभएको सुनिस्चित गर्न लैससास परीक्षणलाई संस्थागत गर्नुपर्ने कुरामा जोड दिनुहोस् ।



**क्रियाकलाप २:** लैससास परीक्षण बारेमा छलफल तथा प्रस्तुतीकरण **(समय: ४०मिनेट)**

» बजग्रुपको माध्यमबाट सहभागीहरू बसेकै ठाँउमा स-साना समूह बनाइ निम्न प्रश्नहरूमाथि छलफल गर्न लगाउनुहोस्-

→ लैससास परीक्षण भनेको के हो ?

→ लैससास परीक्षण किन आवश्यक छ ?

→ लैससास परीक्षणका चरणहरू केके हुन् ?

त्यसपछि २/४ जना सहभागीहरूलाई छलफलको निष्कर्ष सेयर गर्न लगाउनुहोस् र पावरपोइन्टमा तयार पारिएको प्रस्तुतीकरण प्रस्तुत गर्नुहोस् ।

लैससास परीक्षण दिग्दर्शनमा उल्लेख भए अनुसार र हस्तपत्र- ४ मा भएअनुसार विषयवस्तुहरूमा प्रस्तुतीकरण गर्नुहोस् ।

**क्रियाकलाप ४:** सत्र मूल्याङ्कन **(समय: १०मिनेट)**

» सहभागीहरूलाई यस सत्रको मुख्य सिकाइहरू केके रह्यो भनि प्रश्न गर्नुहोस् ।

» सम्पूर्ण सहभागीहरू- विशेष गरी महिला तथा सामाजिक वहिष्करणमा परेका समूहका सहभागीहरूलाई आफ्नो कुरा राख्न प्रोत्साहन गर्नुहोस् ।

सहभागीहरूलाई निम्न अनुसार प्रश्न सोध्दै प्रश्नोत्तर (quiz) विधिबाट सत्र मूल्याङ्कन गर्नुहोस्:

**तलका उत्तरहरु मध्ये एउटा सही उत्तरमा चिन्ह लगाउनुहोस्:**

लैङ्गिक उत्तरदायी बजेट पद्धति महिलाका लागि छुट्टै बजेट नभई बजेटका सबै उपलब्धीमा महिला र पुरुषको सन्तुलित सहभागिता र सन्तुलित लाभ हासिल भए नभएको विश्लेषण गर्ने प्रक्रिया हो ।

लैङ्गिक उत्तरदायी बजेट पद्धतिले लैङ्गिक समानताका सम्पूर्ण पक्षहरूलाई मूलप्रवाहीकरण गरी क्षेत्रगत निकायको लगानीलाई परिणाम तर्फ डोऱ्याउन मद्दत गर्दछ ।

**माथिमा दुवै लैससास परीक्षण गर्नाको उद्देश्य के हो ?**

क) स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, दलित, जनजाती तथा सिमान्तकृत वर्गहरुको अर्थपूंर्ण सहभागितागराई लैङ्गिक अन्तरहरुलाई सम्वोधन गर्दै मूल प्रवाहीकरण र सशक्तीकरण गर्दै लैजाने ।

ख) स्थानीय सरकारको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमालैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरुको समाधान गर्दै भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

ग) माथिका दुवै

प्रश्नका सहि उत्तर **“ग”** हुन् ।

# सत्र योजना ५:

## लैससास परीक्षणको मुख्य विषय क्षेत्रहरू, उपविषय क्षेत्रहरू र सूचकहरू

**समय: ९० मिनेट**

**सत्र सङ्ख्या:** ५

**सत्रको विषय:** लैससास परीक्षणको मुख्य विषय क्षेत्रहरू, उपविषय क्षेत्रहरू र सूचकहरू

**सत्रको उद्देश्य**

लैससास परीक्षणको अवधारणा, लैससास परीक्षणका पाँच प्रमुख विषय क्षेत्रहरू र सबै प्रमुख क्षेत्रहरूको उपविषय क्षेत्रहरू र सूचकहरूका बारेमा जानकारी हुने छ ।

**सत्र तयारी तथा सहजकर्तालाई नोट**

सहजकर्ताले ह्यान्सआउटमा उल्लेखित विषयवस्तुहरूको बारेमा यथेष्ट ज्ञान/जानकारी राख्नुहोस् साथै प्रस्तुत गर्नका लागि न्युजप्रिन्ट वा पावरप्वाइन्ट मा तयार गर्नुहोस् ।

**हस्तपत्र (Handouts) तथा सन्दर्भ सामग्री**

हस्तपत्र (Handouts) नं. ४ र ५,
लैससास परीक्षण दिग्दर्शन २०७८ को तालिका नं. १

**आवश्यक शैक्षिक सामग्रीहरू**

- न्युजप्रिन्ट पेपर,
- मेटाकार्डहरू,
- बोर्ड,
- प्रोजेक्टर,
- मास्किङटेप

## सत्र सञ्चालन प्रक्रिया तथा मूल्याङ्कन

**क्रियाकलाप १:** लैससास परीक्षणको पृष्ठभूमि र यसका पाँच प्रमुख विषय क्षेत्र र २२ उपविषय क्षेत्रहरू बारेमा जानकारी **(समय: २०मिनेट)**

» विषयगत हस्तपत्र (Handouts) नं. ४ र ५ बाट लैससास परीक्षणको पृष्ठभूमि र यसका पाँच प्रमुख विषय क्षेत्र र २२ उपविषय क्षेत्रहरूको पावरप्वाइन्ट वा न्युज प्रिन्टमा पहिले नै लेखेर तयार गर्नुहोस्,

» सहभागीहरूसँग लैससास परीक्षणका प्रमुख विषय क्षेत्र तथा उपविषय क्षेत्रहरूमा छलफल गर्दै तयार गरिएको पावरप्वाइन्ट प्रस्तुतीकरण गर्नुहोस् ।

**क्रियाकलाप २:** मुख्य तथा उपविषय क्षेत्रका सूचक (अङ्क तालिका) माथि छलफल **(समय: ६०मिनेट)**

» सहभागीहरूलाई चार वा पाँच समूहमा विभाजन गर्नुहोस् र

» अङ्क तालिकाको फारम वितरण गरी प्रत्येक सूचकमा लेखाजोखा गरी कस्तो अवस्थामा कति अङ्क प्रदान गर्ने भन्ने अवस्थाका बारेमा छलफल गरी नमुना अभ्यास गराउनुहोस् ।

**क्रियाकलाप ३:** सत्र मूल्याङ्कन **(समय: १०मिनेट)**

» प्रत्येक मुख्य विषय क्षेत्र तथा उपविषय क्षेत्र र कुनै कुनै अङ्क तालिका सूचकहरूमा स्पष्टताको लागि प्रश्नोत्तर (Quiz) विधिबाट छलफल गर्दै सत्र मूल्याङ्कन गर्नुहोस्:

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ अनुसार लैससास परीक्षणका मुख्य विषय क्षेत्रहरू र उपविषय क्षेत्रहरू निम्न अनुसार छन्:**

क) पाँच मुख्य विषय क्षेत्रहरू र ७० उपविषय क्षेत्रहरू

ख) पाँच मुख्य विषय क्षेत्रहरू र २२ उपविषय क्षेत्रहरू

ग) सात मुख्य विषय क्षेत्रहरू र २२ उपविषय क्षेत्रहरू

लैससास परीक्षणका लागि पहिचान गरिएका मुख्य विषय क्षेत्रहरू तलका मध्ये कुन सही हो?

क) लैससास परीक्षण परिणामहरू; लैससास नीतिहरू; समानता नीति; प्रादेशिक योजना; मानव संसाधन; र सेवा प्रवाह ।

ख) नीति, कानुन र योजना; संस्थागत व्यवस्था; मानव संसाधन तथा क्षमता विकास; सेवा प्रवाह; र सुशासन र उत्तरदायित्व

ग) प्रादेशिक योजनाहरू; लैससास दिशानिर्देशहरू;वित्तीय परिणामहरू; सामाजिक परिणामहरू; र भौतिक कार्य सम्पादन

**दुबै प्रश्नको “ख” नम्बरमा भएको उत्तर सही हुन् ।**

# सत्र योजना ६:

## लैससास परीक्षणको मुख्य विषय क्षेत्र र उपविषय क्षेत्र अन्तर्गतका सूचकहरूमा अभ्यास

**समय: ९० मिनेट**

**सत्र सङ्ख्या:** ६

**सत्रको विषय:** लैससास परीक्षणको मुख्य विषय क्षेत्र र उपविषय क्षेत्रअन्तर्गतका सूचकहरूमा अभ्यास

**सत्रको उद्देश्य**

सहभागीहरूमा लैससास परीक्षणका मुख्य विषय र उपविषय अन्तर्गतका १०० वटा सूचकहरूमा कस्तो अवस्थामा कति अङ्क प्रदान गर्ने भन्ने कुरामा गहिरो बुझाइ हासिल गरी वास्तविक रूपमा अङ्क प्रदान गर्न सक्षम हुने छन् ।

**सत्र तयारी तथा सहजकर्तालाई नोट**

सहजकर्ताले लैससास परीक्षण दिग्दर्शन २०७८ को तालिका नं. १ अनुसारको कम्तिमा ५ सेट फारम प्रिन्ट गरी पहिल्यै तयार गर्नुहोस् र उल्लेखित विषयवस्तुहरूको बारेमा आफूमा पनि यथेष्ट बुझाइ विकास गर्नुहोस् ताकी सहभागीहरूको प्रश्न र अस्पष्टतालाई प्रष्ट पार्न सकियोस् ।

**हस्तपत्र (Handouts) तथा सन्दर्भ सामग्री**

लैससास परीक्षण दिग्दर्शन २०७८ को तालिका नं. १

**आवश्यक शैक्षिक सामग्रीहरू**

लैससास परीक्षण दिग्दर्शन २०७८ को तालिका नं. १ अनुसारको ५ सेट प्रिन्टेड फारम

## सत्र सञ्चालन प्रक्रिया तथा मूल्याङ्कन

**क्रियाकलाप १:** मुख्य विषय क्षेत्र तथा उपविषय क्षेत्रका सूचकहरूमा अभ्यास **(समय: ६०मिनेट)**

» सहभागीहरूलाई निम्नअनुसार ५ समूहमा विभाजन गर्नुहोस्:

| १) | २) | ३) | ४) | ५) |
| --- | --- | --- | --- | --- |
| नीति, कानुन र योजना | संस्थागत व्यवस्था | मानव संसाधन तथा क्षमता विकाश | सेवाप्रवाह | सुशासन र उत्तरदायित्व |

» अघिल्लो सत्रमा भएको छलफलसँग जोड्दै प्रत्येक समूहलाई एक एकवटा मुख्य विषय क्षेत्रहरूसँग सम्बन्धित सूचकहरूमा छलफल गरी अङ्क प्रदान गर्न लगाउनुहोस्,

» प्रत्येक विषय क्षेत्रअनुसार छलफलमा भइरहेको समूह समूहमा सहभागी हुँदै थप स्पष्टताको लागि सहयोग गर्नुहोस् ।

**क्रियाकलाप २:** सूचकहरूमा प्राप्त अङ्कहरूको प्रस्तुति **(समय: २०मिनेट)**

» प्रत्येक मुख्य विषयअनुसारका समूहबाट प्रदान गरिएको नम्वरहरूलाई प्लेनरीमा प्रस्तुत गर्दै छलफल गर्न लगाउनुहोस्,

» हरेक समूहबाट एक एक जनाको सहभागीहरूको एउटा उप समूह बनाउनुहोस् र उक्त समूहलाई सबै विषयगत क्षेत्रका अङ्कहरूलाई एकत्रित गरी समग्रमा अङ्क प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३:** सत्र मूल्याङ्कन **(समय: १०मिनेट)**

» सहभागीहरूलाई अङ् कप्रदान गर्ने क्रममा आइपरेका समस्या तथा अफ्ठ्याराहरूको बारेमा सोध्नुहोस् ।

» सम्पूर्ण सहभागीहरू- विशेष गरी महिला तथा सामाजिक वहिष्करणमा परेका समूहका सहभागीहरूलाई आफ्नो कुरा राख्न प्रोत्साहन गर्नुहोस् ।

» प्रत्येक मुख्य विषय क्षेत्र तथा उपविषय क्षेत्र र कुनै कुनै अङ्क तालिका सूचकहरूमा स्पष्टताको लागि प्रश्नोत्तर (Quiz) विधिबाट छलफल गर्दै थप निम्न प्रश्नहरूमार्फत सत्र मूल्याङ्कन गर्नुहोस्:

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ अनुसार लैससास परीक्षणका मुख्य विषय क्षेत्रहरु र उपविषय क्षेत्रहरु निम्न अनुसार छन्:**

क) पाँच मुख्य विषय क्षेत्रहरु र ७० उपविषय क्षेत्रहरु
ख) पाँच मुख्य विषय क्षेत्रहरु र २२ उपविषय क्षेत्रहरु
ग) सात मुख्य विषय क्षेत्रहरु र २२ उपविषय क्षेत्रहरु

लैससास परीक्षणका लागि पहिचान गरिएका मुख्य विषय क्षेत्रहरु तलका मध्ये कुन सही हो?

क) लैससास परीक्षण परिणामहरु; लैससास नीतिहरु; समानता नीति; प्रादेशिक योजना; मानव संसाधन; र सेवा प्रवाह ।
ख) नीति, कानुन र योजना; संस्थागत व्यवस्था; मानव संसाधन तथा क्षमता विकास; सेवा प्रवाह; र सुशासन र उत्तरदायित्व
ग) प्रादेशिक योजनाहरु; लैससास दिशानिर्देशहरु;वित्तीय परिणामहरु; सामाजिक परिणामहरु; र भौतिक कार्य सम्पादन

**दुबै प्रश्नको “ख” नम्बरमा भएको उत्तर सही हुन् ।**

# सत्र योजना ७:

## लैससास परीक्षण मापन परिणाम प्रस्तुतीकरणका विधि तथा औजारहरू (माकुरी जालो चित्र र स्तम्भचित्र)

**समय: ९० मिनेट**

**सत्र सङ्ख्या:** ७

**सत्रको विषय:** लैससास परीक्षण मापन परिणाम प्रस्तुतीकरणका विधितथा औजारहरू (माकुरी जालो चित्र र स्तम्भचित्र)

**सत्रको उद्देश्य**

लैससास परीक्षण मापनको सूचकहरू र उप-सूचकहरूले प्राप्त अङ्कहरू माकुरी जालो चित्र (स्पाइडरवेब डायग्राम) र स्तम्भ चित्र (बारचार्ट) मा प्रस्तुतीकरण गर्न सक्षम हुने छन् ।

**सत्र तयारी तथा सहजकर्तालाई नोट**

माकुरीजालो चित्र र स्तम्भ चित्र बनाउने सिप अभ्यास गरी प्रस्तुतीकरण गर्नको लागि तयार हुने, माकुरी जालो चित्र र स्तम्भ चित्रको नमुना तयार गर्नुहोस् ।

**हस्तपत्र (Handouts) तथा सन्दर्भ सामग्री**

हस्तपत्र (Handouts) नं. ६

**आवश्यक शैक्षिक सामग्रीहरू**

- न्युजप्रिन्ट,
- मार्कर,
- बोर्ड,
- कम्प्यूटर,
- प्रोजेक्टर,
- माकुरी जालो चित्र र स्तम्भ चित्रको नमुना

## सत्र सञ्चालन प्रक्रिया तथा मूल्याङ्कन

**क्रियाकलाप १:** माकुरी जालो चित्र र स्तम्भ चित्रका बारेमा जानकारी **(समय: २० मिनेट)**

» हस्तपत्र (Handouts)नं.६ अनुसार लैससास परीक्षण मापन परिणाम प्रस्तुतीकरणका विधितथा औजारहरु (माकुरी जालो चित्र र स्तम्भचित्र) का बारेमा जानकारी गराउनुहोस्,

**क्रियाकलाप२:** माकुरी जालो चित्र र स्तम्भ चित्रका बारेमा अभ्यास **(समय: ६० मिनेट)**

» सत्र ६ मा छलफल गरी प्राप्त गरेको अङ्कलाई सोही समूहमा (अङ्क प्रदान गर्दा बनाएकै समूहमा) छलफल तथा अभ्यास गरी हस्तपत्र (Handouts) नं.६ मा उल्लेख गरिएको प्रक्रिया अनुसार नै माकुरी जालो चित्र र स्तम्भ चित्रमा तयार गर्न लगाउनुहोस् ।

» बिच बिचमा चित्र बनाउने अभ्यास गरिरहेको समूहमा अवलोकन गर्दै कोचिङ्ग गर्नुहोस् ।

» समूहले तयार गरेको माकुरी जालो चित्र र स्तम्भ चित्रलाई प्रस्तुति गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३:** सत्र मूल्याङ्कन **(समय: १० मिनेट)**

» माकुरी जालो चित्र तयारी प्रक्रियाका बारेमा प्रश्न गर्दै सत्र मूल्याङ्कन गर्नुहोस् ।

# सत्र योजना ८:

## सम्बन्धित स्थानीय सरकारको सवलपक्ष, कमजोरपक्ष, अवसर र चुनौतिहरूको विश्लेषण (सकअचु विश्लेषण)

**समय: ९० मिनेट**

**सत्र सङ्ख्या:** ८

**सत्रको विषय:** सम्बन्धित स्थानीय सरकारको सवलपक्ष, कमजोरपक्ष, अवसर र चुनौतिहरूको विश्लेषण (सकअचु विश्लेषण)

**सत्रको उद्देश्य**

सहभागीहरूले (सकअचुविश्लेषण) गरी सम्बन्धित स्थानीय सरकारको सवलपक्ष, कमजोरपक्ष, अवसर र चुनौतिहरू प्रस्तुत गर्न सक्षम हुने छन् ।

**सत्र तयारी तथा सहजकर्तालाई नोट**

मूल विषय सूचकहरूमा सम्बन्धित स्थानीय सरकारको सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतिहरूले मिल्ने गरी चारवटा कोठा भएको फारमको ढाँचा तयार गरिलिनुहोस् । (हस्तपत्र (Handouts) नं. ७) र आफू यस विषयमा अध्ययन गरी स्पष्ट हुनुहोस् ।

**हस्तपत्र (Handouts) तथा सन्दर्भ सामग्री**

हस्तपत्र (Handouts) नं.७

**आवश्यक शैक्षिक सामग्रीहरू**

सकअचु विश्लेषणको फारम, न्युजप्रिन्ट, बोर्ड, मार्कर आदि ।

## सत्र सञ्चालन प्रक्रिया तथा मूल्याङ्कन

**क्रियाकलाप १:** सकअचु विश्लेषण विधिका बारेमा जानकारी **(समय: २० मिनेट)**

» हस्तपत्र (Handouts) नं.७ को प्रयोग गरी सहभागीहरूलाई सकअचु विश्लेषण विधिको बारेमा जानकारी गराउनुहोस्, त्यस पछि लैससासको सन्दर्भमा गरिने विश्लेषण फारमको बारेमा पनि जानकारी गराउनुहोस् ।

**क्रियाकलाप २:** सकअचु विश्लेषण विधिमा अभ्यास **(समय: ६० मिनेट)**

» सहभागीहरूलाई अघिल्लो सत्रमा बनाएको ५ समूहमा विभाजन गरी समष्टिगत रूपमा सम्बन्धित स्थानीय सरकारको सकअचु विश्लेषण बिधिबाट लैससासका दृष्टिकोणले पाँच मुख्य विषय क्षेत्रहरु

१) नीति, कानुन र योजना,

२) संस्थागत विश्लेषण,

३) मानव संसाधन तथा क्षमता विकास,

४) सेवाप्रवाह र

५) सुशासन तथा उत्तरदायित्वमा विश्लेषण गर्न लगाउनुहोस्,

प्रत्येक समूहलाई आ-आफ्नो मूल विषय सूचकको सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौति तयार गरी प्रस्तुत गर्न लगाउनुहोस्,

प्रस्तुतीकरण पछि एकअर्काको प्रस्तुतीकरणमा पुनरावलोकन गरी परिमार्जन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३:** सत्र मूल्याङ्कन **(समय: १० मिनेट)**

» सकअचु विश्लेषणका ४ वटै पक्षहरूमा प्रश्न गर्दै सत्र मूल्याङ्कन गर्नुहोस् ।

# सत्र योजना ९:

## लैससास परीक्षणका चरणहरूको परिचय (तयारी चरण, कार्यान्वयन चरण र प्रतिवेदन चरण)

**समय: ९० मिनेट**

**सत्र सङ्ख्या:** ९

**सत्रको विषय:** लैससास परीक्षणका चरणहरूको परिचय (तयारी चरण, कार्यानवयन चरण र प्रतिवेदन चरण)

**सत्रको उद्देश्य:**
लैससास परीक्षणका चरणहरूको व्याख्या गर्न सक्ने छन् ।

**सत्र तयारी तथा सहजकर्तालाई नोट**
सहजकर्ताले हस्तपत्र (Handouts) तथा सन्दर्भ सामग्रीहरू राम्रोसँग समीक्षा गरी विषयवस्तुको बारेको बुझाइमा स्पष्ट हुनुहोस् ।

**हस्तपत्र (Handouts) तथा सन्दर्भ सामग्री**
हस्तपत्र (Handouts) नं. ४

**आवश्यक शैक्षिक सामग्रीहरू**

- न्युजप्रिन्ट,
- मार्कर,
- बोर्ड,
- कम्प्यूटर,
- प्रोजेक्टर

## सत्र सञ्चालन प्रक्रिया तथा मूल्याङ्कन

**क्रियाकलाप १:** लैससास परीक्षणका चरणहरु बारेमा जानकारी **(समय: ३० मिनेट)**

» सहजकर्ताले लैससास परीक्षणका निम्न ३ चरणहरुको बारेमा न्युजप्रिन्टमा वा पावरप्वाइन्टमा तयार गरी प्रस्तुतीकरण गर्नुहोस्:

→ तयारी चरण (समावेशी कार्यदल गठन, कार्यदलको जिम्मेवारी र सहभागितामूलक कार्यशाला सञ्चालन बारेमा प्रस्तुति

→ कार्यान्वयन चरण (SWOT analysis, फोकसग्रुप छलफल, सूचनादातासँगको अन्तर्वार्ता आदिका बारेमा प्रस्तुतिं)

→ प्रतिवेदन चरण (प्रतिवेदन तयारीको बारेमा सामान्य जानकारी दिदै विस्तृत छलफल अर्को सत्रमा गरिने कुराको जानकारी गराउने)

**क्रियाकलाप २:** लैससास परीक्षणका प्रयासहरुका बारेमा छलफल **(समय: ४५ मिनेट)**

» सहभागीहरुलाई ४ समूहमा विभाजन गरि हाल सम्बन्धित स्थानीय सरकारहरुमा लैससास परीक्षणको लागि गरिएका प्रयासहरुका बारेमा छलफल गराउनुहोस्, समूह कार्यको निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३:** सत्र मूल्याङ्कन **(समय: १५ मिनेट)**

» सबै सहभागीहरुलाई मेटाकार्ड वितरण गर्नुहोस् र त्यसमा लैससास परीक्षणका चरणहरु लेख्न लगाइ सत्रको मूल्याङ्कन गर्नुहोस् ।

# सत्र योजना १०:

## लैससास परीक्षण प्रतिवेदन तयारी चरणका बारेमा छलफल तथा अभ्यास

**समय:** ९० मिनेट

**सत्र सङ्ख्या:** १०

**सत्रको विषय:** लैससास परीक्षण प्रतिवेदन तयारी चरणका बारेमा छलफल तथा अभ्यास

**सत्रको उद्देश्य**

लैससास परीक्षणको परीणामको आधारमा प्रतिवेदन तयार गर्न सक्ने छन् ।

**सत्र तयारी तथा सहजकर्तालाई नोट**

लैससास परीक्षण दिग्दर्शन २०७८ अनुसार प्रतिवेदन चरणका खण्डहरू र परिणाम प्रस्तुत गर्ने औजार, अभ्यास गर्ने तौरतरिकाका बारेमा एकएक गरी नोट तयार गर्ने र आवश्यक फारमहरू पहिलेनै प्रिन्ट गरी तयार हुनुहोस् ।

**हस्तपत्र (Handouts) तथा सन्दर्भ सामग्री**

हस्तपत्र (Handouts) नं.८

**आवश्यक शैक्षिक सामग्रीहरू**

हस्तपत्र (Handouts) नं.८ र नमुनाको रूपमा हस्तपत्र (Handouts) नं.१० मा समावेश भएको धनगढी उप-महानगरपालिकाको लैससास परीक्षण प्रतिवेदन पनि हेर्न सकिन्छ ।

## सत्र सञ्चालन प्रक्रिया तथा मूल्याङ्कन

**क्रियाकलाप १:** लैससास परीक्षणका प्रतिवेदनको ढाँचाका बारेमा जानकारी **(समय: २० मिनेट)**

» सहभागीहरूलाई हस्तपत्र (Handouts) नं.८ अनुसार लैससास परीक्षण प्रतिवेदनको ढाँचाका बारेमा प्रस्तुतीकरण गरी जानकारी गराउनुहोस् ।

- परिचय खण्ड,
- तथ्याङ्क प्रस्तुतीकरण खण्ड,
- विश्लेषण खण्ड,
- मुख्य उपलब्धि
- निष्कर्ष
- सुझाव

लैससास परीक्षण प्रतिवेदनको ढाँचामा उल्लेखित खण्डहरूको बारेमा उदाहरणसहित प्रष्ट पार्नुहोस ।

**क्रियाकलाप २:** लैससास परीक्षणका प्रतिवेदन तयारीको अभ्यास **(समय: ६० मिनेट)**

» सहभागीहरूलाई पहिलेकै पाँच समूहमा विभाजन गरी लैससास प्रतिवेदनको ढाँचा (दिग्दर्शनको तालिका नं. २ देखि ८ सम्म) को तयारीको लागि अभ्यास गराउनुहोस् ।

» समूहगत रुपमा मुख्य मुख्य परिणामहरूको १/१ वटा शीर्षकहरूमा प्रतिवेदन प्रस्तुत गर्न लगाउनुहोस् ।

**क्रियाकलाप ३:** सत्र मूल्याङ्कन **(समय: १० मिनेट)**

» सहभागीहरूलाई यस सत्रको मुख्य सिकाइहरू केके रह्यो भनि प्रश्न गर्नुहोस् ।

» सम्पूर्ण सहभागीहरू- विशेष गरी महिला तथा सामाजिक वहिष्करणमा परेका समूहका सहभागीहरूलाई आफ्नो कुरा राख्न प्रोत्साहन गर्नुहोस् ।

# सत्र योजना ११:

## लैससास कार्ययोजना तयारी

**समय: ९० मिनेट**

**सत्र सङ्ख्या:** ११

**सत्रको विषय:** लैससास कार्ययोजना तयारी

**सत्रको उद्देश्य**

सहभागीहरूले लैससास कार्ययोजना तयारी गरेर प्रस्तुत गर्ने छन् ।

**सत्र तयारी तथा सहजकर्तालाई नोट**

कार्ययोजना निर्माणको लागि तयार गरिएको फारमको नमुना लिएर आफू त्यसको प्रयोग बारेमा प्रष्ट हुने ।

**हस्तपत्र (Handouts) तथा सन्दर्भ सामग्री**

हस्तपत्र (Handouts) नं.९

**आवश्यक शैक्षिक सामग्रीहरू**

- न्युजप्रिन्ट,
- मार्कर,
- बोर्ड,
- कम्प्यूटर,
- प्रोजेक्टर,
- कार्ययोजना फारमको नमुना

## सत्र सञ्चालन प्रक्रिया तथा मूल्याङ्कन

**क्रियाकलाप १:** लैससास कार्ययोजना तयारीका बारेमा जानकारी **(समय: २० मिनेट)**

» लैससास परीक्षण दिग्दर्शनमा उल्लेखित ढाँचामा वा हस्तपत्र (Handouts) नं. ९ मा भएअनुसार सहभागीहरूलाई लैससास कार्ययो जनाको खाका बारे प्रष्ट पार्नुहोस,

» लैससास कार्ययोजनामा समावेश गर्न सकिने क्रियाकलापहरूको बारेमा मस्तिस्क मन्थनगर्नुहोस र सम्भावित कार्यक्रमहरूको सुची प्रस्तुत गर्नुहोस

**क्रियाकलाप २:** लैससास कार्ययोजना तयारीमा अभ्यास **(समय: ६० मिनेट)**

» समूह अभ्यासको लागि सहभागीहरूलाई ५ समूहमा विभाजन गर्नुहोस् ।

» प्रत्येक समूहलाई प्रस्तुत भएका परिणामहरू स्पाइडरवेब र स्तम्भचित्र, सकअचु विश्लेषण तथा अन्य ढाँचाहरूमा भएका अघिल्ला प्रस्तुतीकरणहरूमा छलफल गरिहरेका मुख्य विषय क्षेत्रअनुसार सुधार गर्नुपर्ने पक्षहरूमागर्नुपर्नेकाम, आवश्यक बजेट र जिम्मेवारी बाँडफाडसहितको लैससास कार्ययोजना तयार गर्न लगाउनुहोस् (हस्तपत्र नं. ९) मा भएको कार्ययोजनाको ढाँचा उपलब्ध गराउनुहोस्) ।

» कार्ययोजना बनाइरहेका सहभागीहरूलाई बिचबिचमा सरसल्लाह दिएर सिकाउँदै वास्तविक कार्ययोजना तयार गर्न सहयोग गर्नुहोस् ।

**क्रियाकलाप ३:** सत्र मूल्याङ्कन **(समय: १० मिनेट)**

» सहभागीहरूलाई यस सत्रको मुख्य सिकाइहरू केके रह्यो भनि प्रश्न गर्नुहोस्  ।

» सम्पूर्ण सहभागीहरू- विशेष गरी महिला तथा सामाजिक वहिष्करणमा परेका समूहका सहभागीहरूलाई आफ्नो कुरा राख्न प्रोत्साहन गर्नुहोस् ।

# सत्र योजना १२:

## तालिम अवधिको मुख्य सिकाइहरु सहित तालिमको समग्र मूल्याङ्कन तथा समापन

**समय: ९० मिनेट**

**सत्र सङ्ख्या:** १२

**सत्रको विषय:** तालिम अवधिको मुख्य सिकाइहरुसहित तालिमको समग्र मूल्याङ्कन तथा समापन

**सत्रको उद्देश्य:**
सहभागीहरुबाट आएका सिकाइहरु र मूल्याङ्कनबाट आगामी तालिमहरुमा अझै राम्रो बनाउन सहज हुने छ ।

**सत्र तयारी तथा सहजकर्तालाई नोट**
सहभागीहरुका पृष्ठपोषणहरुलाई प्रशंसा गरी खुसी मनले स्वीकार गर्न तयार हुने ।

**हस्तपत्र (Handouts)तथा सन्दर्भ सामग्री**
हस्तपत्र (Handouts) १: तालिम पूर्व तथा तालिम पश्चातको मूल्याङ्कन प्रश्नावली

**आवश्यक शैक्षिक सामग्रीहरु**
- न्युजप्रिन्ट,
- मार्कर,
- बोर्ड

## सत्र सञ्चालन प्रक्रिया तथा मूल्याङ्कन

**क्रियाकलाप १:** सहभागीमूलक समीक्षा तथा सङ्क्षेपीकरण **(समय: ३० मिनेट)**

» सहभागीमूलक तरिकाले प्रशिक्षण कार्यक्रमको समीक्षा गरी ३ दिनसम्म भएका छलफलका विषयवस्तुहरूको बारेमा स्मरण गर्न लगाउनुहोस्,

» सहभागीहरूबाट आएका विषयवस्तुहरूसँग जोड्दै सहजकर्ता/स्रोतव्यक्तिले सङ्क्षेपीकरण गर्नुहोस्,

**क्रियाकलाप २:** मुख्य मुख्य सिकाइ तथा पृष्ठपोषण सङ्कलन **(समय: ३० मिनेट)**

» सबै सहभागीहरूलाई एकएकवटा भिन्नाभिन्नै रङ्गको मेटाकार्ड वितरण गर्नुहोस् र उक्त निलोकार्डमा तालिमका प्रमुख ३ सिकाइहरू लेख्ने र पहेलोकार्डमा सुधार गर्नु पर्ने पक्षहरू लेख्न लगाउनुहोस् (कार्डमा नाम लेख्न नपर्ने कुराको जानकारी दिनुहोस्) ।

» सबैले लेखिसकेपछि समय भएमा एउटै कुरालाई नदोहर्‍याई पढेर सुनाउदै न्युज प्रिन्टमा टाँस्दै जानुहोस् ।

**क्रियाकलाप २:** तालिम समापन कार्यक्रम **(समय: ३० मिनेट)**

» सहभागीहरूलाई तालिम पश्चातको मूल्याङ्कन गर्नको लागि प्रश्नावलीको फारम वितरण गरी मूल्याङ्कन गर्न लगाउनुहोस् ।

» आयोजकसँग समन्वय गरी छोटो समापन कार्यक्रमको आयोजना गरी तालिम समापन भएको जानकारी गराउनुहोस् ।

# परिच्छेद ५:

## हस्तपत्र (Handouts) तथा सन्दर्भ सामग्री

### ५.१. हस्तपत्र (Handouts) नं. १:
### मूल्याङ्कन प्रश्नावली

तालिम पूर्व तथा तालिम पश्चात (Pre-test/Post-test) को मूल्याङ्कन प्रश्नावली
(कृपया प्रत्येक प्रश्नको तीनवटा विकल्पहरूमध्ये आफ्नो एउटा सही उत्तरमा गोला घेरा लगाउनुहोस)

| प्रश्नहरू | जवाफका लागि विकल्पहरू |
|---|---|
| तपाईंले लैङ्गिकता (Gender) लाई कसरी परिभाषित गर्नुहुन्छ ? | (क) लैङ्गिकता भनेको महिलाको समस्या तथा सवालहरूको पहिचान हो ।<br>(ख) लैङ्गिकता भनेको समाजद्वारा निर्माण गरिएको महिला र पुरुषको बेग्ला बेग्लै भूमिका हो ।<br>(ग) लैङ्गिकता भनेको महिलाको उन्नतिको लागि काम गर्नु हो । |
| सामाजिक समावेशीकरण भनेको के हो ? | (क) महिलाको रुचिलाई मान्यता दिने प्रक्रिया हो ।<br>(ख) विपन्न वर्गहरूको विचारलाई सम्मान गर्दै उनीहरूलाई फाइदा गराउने प्रक्रिया हो ।<br>(ग) संरचनात्मक अवरोधहरू हटाइ वञ्चितीकरणमा परेका वर्गलाई विकासको मूलप्रवाहमा सहभागी गराउँदै उनीहरूको फाइदालाई सुनिश्चित गराउने प्रक्रिया हो । |
| लैङ्गिक विश्लेषण भन्नाले के बुझ्नुहुन्छ ? | (क) महिलाहरूले पितृ सत्तात्मक समाज व्यवस्थामा सामना गरेका बाधाहरूको विश्लेषण<br>(ख) विशेष सन्दर्भमा काम तथा स्रोत/साधनको पहुँच/नियन्त्रणमा आधारित महिला र पुरुषको लैङ्गिक भूमिकाअनुसार उनीहहरूको भिन्न भिन्न व्यवहारिक र रणनीतिक आवश्यकता र चासोहरूको विश्लेषण<br>(ग) संस्थागत रूपले लैससासको विकासमा विभिन्न सङ्घसंस्थाले खेल्नुपर्ने भूमिकाको विश्लेषण |
| तपाईंले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणको अवधारणालाई कसरी व्याख्या गर्नुहुन्छ? | (क) लैससास दृष्टिकोणलाई अगाडि बढाउने प्रणालीको रूपमा<br>(ख) समावेशीकरण प्रक्रियाको समाधानको रूपमा<br>(ग) लैङ्गिक समानताका सम्पूर्ण पक्षहरूलाई मूलप्रवाहीकरण गरी स्थानीय सरकारको संरचना, नीति निर्माण र सञ्चालन हुने योजना तथा कार्यक्रमलाई र क्षेत्रगत निकायको लगानीलाई परिणामतर्फ डोऱ्याउन मद्दत गर्ने पद्धतिको रूपमा |
| लैससास परीक्षण नीतिको उद्देश्य के हो? | (क) पारदर्शिता कायम गर्न<br>(ख) लैससा ससंवेदनशील विकास प्रक्रिया प्रति जवाफदेही बन्न<br>(ग) लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरूको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिन |
| लैससास परीक्षण प्रक्रिया योजना र बजेटसँग कसरी सम्बन्धित छ? | (क) बार्षिक योजना तर्जुमा गर्दा लक्षित वर्गहरु र उनीहरूको समस्याहरूको पहिचानको आधारमा खोजी गर्ने प्रक्रिया<br>(ख) महिला तथा सीमान्तकृत वर्गहरूको अर्थपूर्ण सहभागिता गराउने प्रक्रियामा आवश्यक खण्डीकृत तथ्याङ्क तथा सूचनाहरु सङ्कलन गरी प्रयोग गर्ने आधार<br>(ग) दलित र शोसित वर्गको भनाइहरूलाई मनन गरी उनीहरूलाई नै स्वयम् परिचालित हुने गरी कार्यक्रम बनाउन लगाउने प्रक्रिया |

| | |
|---|---|
| लैससास परीक्षणका प्रमुख सूचकहरू के हुन्? | (क) नीती कानुन र योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवाप्रवाह, र सुशासन र उत्तरदायित्व विधिको शासन, प्रभावकारिता तथा दक्षता, समानता एवम् स मावेशीता, जनसहभागिता, उत्तरदायित्व<br>(ख) सहभागिता, पारदर्शिता, निश्पक्षता र जवाफदेहिता |
| लैससास परीक्षणका लागि कतिवटा उपसूचकहरू छन्? | (क) ५० वटा<br>(ख) ८० वटा<br>(ग) १०० वटा |
| लैससास परीक्षणको सन्दर्भमा SWOT विश्लेषणका प्रमुख तत्त्वहरू के हुन् ? | (क) सुशासनका पाँच पक्षहरूमा लैससासमा आधारित सूचकहरू<br>(ख) लैससास कार्यान्वयनमा स्थानीय सरकारहरूको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिहरू<br>(ग) स्थानीय सरकारको नीतिगत प्रतिबद्धताहरूका विवरणहरू |
| तपाईँले लैससास परीक्षणमा SWOT विश्लेषण कसरी प्रस्तुत गर्नुहुन्छ ? | (क) विश्लेषणात्मक प्रतिवेदन लेखन गरेर<br>(ख) सुशासनका पाँचवटा पक्षमा उपलब्धी र अन्तर देखाउन स्पाइडरको वेबको चित्र प्रयोग गरेर<br>(ग) पाँचवटा प्रमुख सूचकहरूको पक्षमा पहिचान भएका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिहरूलाई टेवुल र फाराममा पोस्ट गर्ने |
| माकुरी जालो (Spider Web) चित्र डिजाइनको लागि विचार गर्नुपर्ने प्रमुख क्षेत्रहरू के हुन्? | (क) १. विधिको शासन २. प्रभावकारिता तथा दक्षता ३. समानता एवम् समावेशीता ४. जनसहभागिता ५. उत्तरदायित्व<br>(ख) १. सहभागिता, २. पारदर्शिता, ३. निष्पक्षता, ४. जवाफदेहिता ५. उत्तरदायित्व<br>(ग) १. नीती, कानुन र योजना २. संस्थागत व्यवस्था ३. मानव संसाधन तथा क्षमता विकाश ४. सेवा प्रवाह ५. सुशासन र उत्तरदायित्व |
| माकुरी जालो (Spider Web) को चित्र डिजाइन गर्दा लैससास परीक्षण निष्कर्षहरू देखाउने आधार के हो? | (क) लैससास परीक्षणका मुख्य सूचक तथा उपसूचकहरूले प्राप्त गरेको अङ्कबाट<br>(ख) SWOT मूल्याङ्कनबाट आएको सामूहिक विश्लेषणबाट<br>(ग) लैससास विश्लेषणबाट प्राप्त जानकारीहरूबाट |
| लैससास अडिटमा बार चार्टले के सङ्केत गर्छ ? | (क) महिलाहरूको विकासमा भएको उपलब्धि<br>(ख) लैससास परीक्षणको नतिजा<br>(ग) लैससास प्रक्रियामा भएको उपलब्धि |
| लैससास परीक्षण प्रक्रियाका चरणहरू के हुन् ? | (क) लैङ्गिक विश्लेषण, दस्तावेज, र रिपोर्टिङ<br>(ख) स्थितिको मूल्याङ्कन र रिपोर्टिङ<br>(ग) तयारी चरण, कार्यान्वयन चरण, र प्रतिवेदन चरण |
| तयारी चरणमा तपाईंले के विचार गर्न आवश्यक छ? | (क) समावेशी कार्यदल गठन र सहभागीतामूलक कार्यशाला सञ्चालन<br>(ख) सबै वर्गका जनताको सहभागिता लैससास खण्डीकृत तथ्याङ्क सिट |

| | |
|---|---|
| लैससास परीक्षण प्रतिवेदनलाई के कुराले प्रभावकारी बनाउँछ? | (क) रिपोर्टिङमा पारदर्शिता सुशासनका पाँच पक्षहरूमा लैससास कार्यान्वयनको प्रभावकारितामा विस्तृत विश्लेषणात्मक तथ्याङ्क सुझावका आधारमा कार्यान्वयन गर्ने लैससास कार्य योजना |
| लैससासमैत्री कार्य योजनाका लागि आवश्यक पूर्व सर्तहरू के हुन्? | (क) लैङ्गिक प्रभावहरूमा प्रमाणमा आधारित तथ्याङ्क लैससास परीक्षणमार्फत उत्पादन गरिएको र SWOT विश्लेषणमार्फत विश्लेषण गरी व्यवस्थित रूपमा प्रस्तुत गरिएको तथ्याङ्क आर्थिक स्रोतको उपलब्धता |
| स्थानीय सरकारमा लैससास परीक्षण कार्ययोजना कार्यान्वयन गर्नको लागि को जिम्मेवार छ ? | (क) लैससासका अभियन्ताहरू जिम्मेवार छन्<br>(ख) नागरिक समाजका कार्यकर्ताहरू जिम्मेवार छन्<br>(ग) स्थानीय सरकारका प्रदाधिकारी तथा कर्मचारीहरू जिम्मेवार छन् । |
| लैससासमैत्री कार्य योजना ढाँचामा के के कुरा समावेश गरिन्छ ? | मूलशीर्षक, अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप, जिम्मेवारी, समयावधि र थप दायित्व पर्ने/नपर्ने कुरा क्रियाकलाप, समय, बजेट र जनशक्तिको आँकलनका कुरा स्थानीय सरकार, नागरिक समाज र लक्षित समूहको लागि छुट्टा छुट्टै क्रियाकलाप र बजेटका कुरा |
| लैससास परीक्षण गर्दा सहजकर्ताले के कुरामा बढी ध्यान दिनुपर्छ | सम्बन्धित दस्तावेजहरूको समीक्षा, लक्षित समूहहरूसँग छलफल र प्रमुख व्यक्तिहरूसँगको अन्तर्वार्ताका कुरामा  सहभागितात्मक विधिको प्रयोग र लैससास परीक्षणका विषयवस्तु तथा प्रयोगात्मक औजारहरूमा विज्ञताको कुरामा लैससास परीक्षण गर्दा आवश्यकीय स्रोत सामग्रीहरूको व्यवस्थापनका कुरामा |

माथिका प्रश्नहरूको उत्तर निम्न अनुसार छ:

| प्रश्न नं. | उत्तर | प्रश्न नं. | उत्तर |
|---|---|---|---|
| १ | ख | २ | ग |
| ३ | ख | ४ | ग |
| ५ | ग | ६ | ख |
| ७ | क | ८ | ग |
| ९ | ख | १० | ग |
| ११ | ग | १२ | क |
| १३ | ख | १४ | ग |
| १५ | क | १६ | ग |
| १७ | ख | १८ | ग |
| १९ | क | २० | ख |

# हस्तपत्र (Handouts) नं. २:
## नेपालमा लैससासको पृष्ठभूमि र वर्तमान अवस्था

विगतमा दशौँ योजना (२०५९–२०६४) मा लैंङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर-सम्बन्धित विषय (Cross-cutting issues) का रूपमा स्थान दिइएको थियो ।

नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुनःसंरचना गरी देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरूलाई समाधान गर्न सङ्कल्प गरे अनुरूप नेपालमा सामाजिक समावेशीकरणको विषयलाई प्रमुख बहसको रूपमा अङ्गीकार गरिएको थियो । आर्थिक वर्ष २०६४/०६५ देखि नेपाल सरकारका सबै मन्त्रालयबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास हुँदै आएको छ ।

यस अनुरूप समावेशीकरण नीति तर्जुमा गर्ने कार्य र लैससास सम्बन्धी संरचनाहरू स्थापना गर्ने कार्यको थालनी पनि हुँदै आएको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, २०६६ तर्जुमा गरी कार्यान्वयनमा रहेको थियो । देशको बदलीदो राजनीतिक परिस्थिति र संवैधानिक व्यवस्थाअनुरूप भएको राज्य पुनM संरचना पश्चात हाल सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सामाजिक समावेशीकरण नीति २०७६ र महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय लैङ्गिक समानता नीति २०७७" तर्जुमा गरी लागु गरेको अवस्था छ ।

नेपालको संविधान २०७२ ले यसको प्रस्तावनामै सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त विशेषतालाई आत्मसाथ गरी विविधताबिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र  सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ  ।

संविधानको धारा १६ मा सबै व्यक्तिहरूको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १८ मा सबै नागरिकहरू कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरी समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा ३१ मा शिक्षा सम्बन्धी हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हक, धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्थामार्फत महिला, बालबालिका, जेष्ठ नागरिक, दलित आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम कुनै पनि भेदभाव गर्न नपाइने गरी सामाजिक न्याय र सुरक्षाको हक प्रदान गरेको छ  ।

**संविधानमा भएका समावेशीकरणका प्रावधानहरू निम्न अनुसार रहेको छ:**

- राष्ट्रपति र उपराष्ट्रपति फरकफरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने
- मन्त्रिपरिषदको गठन गर्दा सङ्घीय संसदका सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम गर्ने
- प्रतिनिधि सभाको गठन गर्दा सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्ने,
- राष्ट्रिय सभाको गठन गर्दा जम्मा उनन्साठीजना सदस्यमध्ये २२ जना महिला हुने,
- प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुने गरी निर्वाचन गर्नुपर्ने,
- राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने गरी निर्वाचन गर्नुपर्ने,
- सङ्घीय संसदको दुई सदनका बिचको कार्य प्रणालीलाई व्यवस्थित गर्न गठन गरिने संयुक्त समितिमा समावेशिताको आधारमा बढीमा पच्चीस जना सदस्य रहने,
- प्रदेश मन्त्रिपरिषदको गठन गर्दा प्रदेशसभाका सदस्यमध्येबाट समावेशी सिद्धान्तबमोजिम प्रदेश मन्त्रिपरिषद गठन गर्ने,
- प्रदेशसभाको गठन गर्दा प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्ने ।

» गाउँ कार्यपालिकामा गाउँसभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका दुई जना सदस्यसमेत गाउँ कार्यपालिकाको सदस्य हुने,

» गाउँसभाको गठन गाउँसभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहने छन् ।

» नगर कार्यपालिकामा नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका तीन जना सदस्यसमेत नगर कार्यपालिकाको सदस्य हुने,

» नगरसभाको गठन नगरसभामा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख, वडाअध्यक्ष र प्रत्येकवडाबाट निर्वाचित चार जना सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहने छन् नगरसभामा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने,

» जिल्लासभा र जिल्ला समन्वय समिति (३) जिल्लासभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने,

» नेपाली सेनामा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडावर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा सङ्घीय कानुनबमोजिम सुनिश्चित गरिने,

» सरकारी सेवाको गठन सङ्घीय निजामती सेवालगायत सबै सङ्घीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा सङ्घीय कानुनबमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुने छ ।

» राजनीतिक दलले दलदर्ताका लागि निवेदन दिंदा दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्ने,

» राष्ट्रपतिले नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्दा समावेशी सिद्धान्तको आधारमा गर्न सक्ने,

» संवैधानिक अङ्ग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्तबमोजिम गरिने,

» विशेष अधिकारको समीक्षा तथा पुनरावलोकनः नेपाल सरकारले प्रत्येक दश वर्षमा हुने राष्ट्रिय जनगणनासँगै महिला तथा दलित समुदायको विशेष अधिकारको व्यवस्थाको कार्यान्वयन र त्यसको प्रभाव सम्बन्धमा मानव विकास सूचकाङ्कको आधारमा समीक्षा तथा पुनरावलोकन गर्नुपर्ने,

**सम्बन्धित आयोगहरूको प्रावधानः**

→ राष्ट्रिय महिला आयोग
→ राष्ट्रिय दलित आयोग
→ राष्ट्रिय समावेशी आयोग
→ आदिवासी जनजाति आयोग
→ मधेशी आयोग
→ थारू आयोग
→ मुस्लिम आयोग

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकार (सञ्चालन) ऐन, २०७४ लगायतका कानुनहरू र प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७ स्थानीय तहका लागि सामाजिक समावेशीकरण नीति, २०७८ (नमुना) पनि तर्जुमा भई कार्यान्वयनमा आइसकेका छन् ।

## नेपालको पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

लैङ्गिक समानता तथा महिला सशक्तीकरण

**सोचः** लैङ्गिक समानता मूलक राष्ट्र ।

**लक्ष्यः** महिलाको समान तथा अर्थपूर्ण सहभागितासहित सारभूत समानता कायम गर्ने ।

### उद्देश्यः

१. लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु ।

२. महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्नु ।

३. आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्नु ।

### रणनीति

→ **रणनीति १:** राज्यको सबै तह र क्षेत्रले लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति, कानुन तथा कार्यक्रम तर्जुमा गर्ने ।

→ रणनीति २ राज्यको सबै तहको सरकार, क्षेत्र तथा निकायहरुमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने ।

→ रणनीति ३ राज्यका सबै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने ।

→ रणनीति ४ लैङ्गिक समानता तथा सशक्तीकरण मापन गर्ने तथ्याङ्क प्रणालीको विकास गर्ने ।

→ रणनीति ५ आर्थिक रूपले विपन्न र सामाजिक रुपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिंदै आर्थिक सशक्तीकरण र सामाजिक रुपान्तरण गर्ने ।

→ रणनीति ६ महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यको लागि निरोधात्मक, संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने ।

**कार्यनीतिः**

१. लैङ्गिक समानता सम्बन्धी नीति तर्जुमा, विद्यमान कानुन तथा कार्यक्रममा पुनरावलोकन गरी कार्यान्वयन गरिने छ ।

२. सङ्घीय, प्रादेशिक तथा स्थानीय तहबाट सबै क्षेत्रमा समान रूपमा अवसर, पहुँच, प्रतिफल र लाभ सुनिश्चित गर्न लैङ्गिक समानताको नीति अवलम्बन गरिने छ ।

**कार्यनीतिः**

१. राज्यका सबै तह, संरचना तथा विकास प्रक्रियाका प्रत्येक चरणमा क्रमशः महिलाको सहभागिता ५० प्रतिशत हुने व्यवस्था गरिने छ ।

२. राज्यको सबै तह र क्षेत्रको नीति निर्माण तहमा महिलाको सहभागिता वृद्धि गरी कार्यक्रम कार्यान्वयन, अनुगमन मूल्याङ्कनलगायत लाभ तथा प्रतिफलमा महिलाको सारभूत सहभागिता सुनिश्चित गरी असल अभ्यासको अनुकरण गरिने छ ।

३. महिलाको श्रम र समयको बचत गर्ने प्रविधिको प्रयोगमा जोड दिइने छ ।

४. सारभूत लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको सक्रिय सहभागिता सुनिश्चित गरिने छ ।

५. सामाजिक उत्तरदायित्व कोष अन्तरगतका निश्चित रकम महिला सशक्तीकरणमा उपयोग गर्ने नीतिगत व्यवस्था गरिने छ ।

६. सार्वजनिक निकायलाई लैङ्गिक संवेदनशील तुल्याउन नीतिगत व्यवस्था गरिने छ ।

» **रणनीति ३:** राज्यका सबै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने ।

**कार्यनीतिः**

१. लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहसम्म संस्थागत गर्दै लैङ्गिक बजेट विनियोजन अनुपात वृद्धि गरिने छ ।

२. लैङ्गिक सशक्तीकरण सूचकाङ्क समेतलाई आधार लिई प्रदेश तथा स्थानीयतहलाई वित्तीय हस्तान्तरण गर्ने व्यवस्था गरिने छ ।

३. राज्यका सबै तहमा लैङ्गिक सम्पर्क बिन्दु तोकी महिला लक्षित बजेट विनियोजन व्यवस्था अनिवार्य गरिने छ ।

४. लैङ्गिक सम्पर्क बिन्दु तथा अन्य सम्बद्ध व्यक्तिहरुको लागि लैङ्गिक आचार संहिता बनाइ कार्यान्वयन गरिने छ ।

५. लैङ्गिक लेखापरीक्षण पद्धतिलाई राज्यका सबै तहमा लागू गरिने छ ।

» **रणनीति ४** लैङ्गिक समानता तथा सशक्तीकरण मापन गर्ने तथ्याङ्क प्रणालीको विकास गर्ने ।

**कार्यनीतिः**

१. लैङ्गिक समानता तथा सशक्तीकरण मापन सूचकहरु तयार गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइने छ ।

२. नेपालमा हुने सबै किसिमका सर्वेक्षण तथा तथ्याङ्क सङ्कलन गर्दा लैङ्गिक खण्डीकृत विषय अनिवार्य रूपमा समावेश गर्ने व्यवस्था गरिने छ ।

३. प्रदेश तथा स्थानीय तहबाट तयार गरिएको प्रतिवेदनको आधारमा सङ्घबाट महिला सम्बन्धी एकीकृत वार्षिक प्रतिवेदन तयार गरिने छ ।

» **रणनीति ५:** आर्थिक रूपले विपन्न र सामाजिक रुपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिंदै आर्थिक सशक्तीकरण र सामाजिक रुपान्तरण गर्ने ।

**कार्यनीतिः**

१. उद्यमशीलताको माध्यमबाट पिछडिएका तथा विपन्न महिलाको आर्थि1क सशक्तीकरण गर्नको लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरिने छ ।

२. महिलाको घरेलु श्रम तथा पारिवारिक हेरचाह सम्बन्धी क्रियाकलापको मूल्य कायम गरी राष्ट्रिय आयमा महिलाको योगदानको गणना गरिने छ ।

३. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

४. प्राविधिक शिक्षामा रहेको लैङ्गिक खाडल कम गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

५. विपन्न तथा ग्रामीण महिलाको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई देशव्यापी बनाइने छ ।

६. महिला विकास कार्यक्रमलाई परिमार्जित गरी विगतका असल अभ्यास र उपलब्धिलाई स्थानीय तहमा संस्थागत गर्दै महिला समूहद्वारा प्रवर्तित महिला सहकारी संस्थालाई महिलाहरूका उत्पादन मूलक व्यवसाय तथा स्वरोजगारको क्षेत्रमा परिचालन गरिने छ ।
७. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकप्रति सामाजिक विभेद हटाउन सचेतनामूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।
८. गरिब तथा विपन्न दलित, आदिवासी, जनजाती, एकल तथा अपाङ्गता भएका महिला, बादी, कमलरी, कमैया, चेपाङजस्ता वञ्चितीमा परेका सबै समुदायका महिला तथा किशोरीको आय -आर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिने छ ।
९. महिलालाई व्यवसाय सञ्चालन तथा आय मूलक कार्य गरी स्वरोजगार तथा उद्यमशीलता विकास गर्न सहुलियत पूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाइने छ ।

→ **रणनीति ६:** महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यको लागि निरोधात्मक, संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने ।

### कार्यनीतिः

१. महिला माथि हुने सबै किसिमका हिंसाविरुद्ध शून्य सहनशीलताको नीति प्रभावकारी बनाइने छ ।
२. लैङ्गिक हिंसा, बोक्सीको आरोप, छाउपडीजस्ता कुरीति, कुप्रथा अन्त्यका लागि लैङ्गिक हिंसाविरुद्धको वर्ष घोषणा गरी राज्यका सबै तहसम्म सचेतना अभिवृद्धिको लागि सामाजिक अभियान सञ्चालन गरिने छ ।
३. हिंसा पीडित तथा प्रभावित महिलाको लागि प्रदेश तथा स्थानीय तहसम्म एकीकृत सेवासहितको दीर्घकालीन तथा अल्पकालीन पुन: स्थापना केन्द्र सञ्चालन गरिने छ ।
४. लैङ्गिक हिंसा अन्त्यको लागि आवश्यक संयन्त्र निर्माण गरी हिंसाविरुद्ध निगरानी बढाइने र पीडित तथा प्रभावित महिलालाई न्याय प्रदान गरिने छ ।
५. महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवम् नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र पहुँच योग्य बनाइने छ ।
६. हिंसा पीडित तथा प्रभावितको राहत, उद्धार, निःशुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श र सीपमूलक कार्यक्रमको लागि प्रदेश र स्थानीय तहमा आपतकालीन पुनः स्थापना कोष स्थापना गरिने छ ।
७. लैङ्गिक हिंसाका विविध आयामहरूको अध्ययन तथा अनुसन्धान गर्ने तथा लैङ्गिक हिंसामुक्त क्षेत्र घोषणा गर्ने सूचकको निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

### सामाजिक समावेशीकरण

**सोचः** राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा समावेशी विकास ।

**लक्ष्यः**मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायहरूको सशक्तीकरण र समानुपातिक विकास गर्ने ।

### उद्देश्यहरूः

आर्थिक सामाजिक तथा राजनैतिक अवसरबाट वञ्चितीमा परेका लक्षितवर्गका लागि मुलुकमा उपलब्ध साधन स्रोत तथा सुविधामा समानुपातिक समावेशी पहुँचको सुनिश्चितता गर्नु ।

### रणनीति

१. मुलुकमा उललब्ध स्रोत साधनहरूमा लक्षित वर्गको समानुपातिक पहुँच बढाउने ।
२. राज्यका तीन तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेदर आरक्षणको माध्यमबाट अर्थपूर्णसहभागिता सुनिश्चिता गर्ने ।
३. सीप विकास तालिम प्रदान गरी मुलुकमा उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम बनाउने ।
४. आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम समुदाय तथा पिछडावर्गको भाषा तथा संस्कृतिको संरक्षण एवम् वद्र्धन गर्ने

*स्रोत : पेज नं. ३५२ देखि ३५४ पन्ध्रौं योजनाको आधारपत्र*

*राष्ट्रिय लैङ्गिक समानता नीति २०७७:*

यस नीतिको दीर्घकालीन सोच जातीय, क्षेत्रीय र लैङ्गिक भेदभावमुक्त समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

**लक्ष्यः** लैङ्गिक तथा सामाजिक समतामूलक विकासको माध्यमबाट लैङ्गिक तथा सामाजिक सम्बन्धमा सुधार ल्याई गरिबी न्यूनीकरण गर्ने ।

### उद्देश्यः

» यस गाउँपालिकाअन्तर्गतका कार्यपालिकाको कार्यालय, विषयगत शाखा, वडा कार्यालय तथा विकास साझेदार र सामुदायिक संस्थाहरूलाई संस्थागत एवम् कार्यक्रमगत रूपमा लैससासका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्नु,

- संस्थागत एवम् कार्यक्रमगत रुपमा समावेश गर्ने गरी लैससास उत्तरदायी अवधारणालाई सुनिश्चित एवम् प्रभावकारी रूपमा लागु गर्नु,
- महिला, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जवाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नु,
- सरोकारवालाहरूलाई वार्षिक, आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैससासको विषयमा संवेदनशील, उत्तरदायी, जफावदेही हुन अभिप्रेरित गर्नु,
- स्थानीय जनता विशेष गरी महिला, बालबालिका, गरिब तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरूको क्षमता विकास गरी यी वर्गहरूको स्थानीयतहको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशीविकासद्ध प्रक्रियालाई संस्थागत गर्नु,
- यो नीति र रणनीतिको कार्यान्वयनले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई गाउँपालिकाको कार्यक्रममा दिगो रुपमा मूलप्रवाहीकरण गर्नु ।

## प्रमुख नीतिहरू:

- पछाडि परेका वा पारिएका वर्ग, समुदाय र क्षेत्रका जनताको विकासका लागि कार्यक्रमहरूलाई कार्यान्वयन गरी समानुपातिक विकास गरिने छ ।
- विकासलाई सामाजिक समावेशीकरण र लैङ्गीकीकरण गरिदै लगिने छ ।
- महिला, बालबालिका, दलित, आदिवासी, जनजाति, उत्पीडित, विपन्नवर्ग, अपाङ्ग तथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक सहभागितातर्फ कार्य गरिने छ ।
- महिला, बालबालिका, दलित, आदिबासीजनजाति, विपन्नवर्ग तथा पिछडिएका वर्गहरूको सशक्तीकरण गर्दै लगिने छ ।
- महिला, बालबालिका, आदिवासी जनजाति, मानव अधिकारलगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसङ्घ तथा अन्तराष्ट्रिय घोषणाका प्रावधानहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिने छ ।

## रणनीति:

- लैससासको मूलप्रवाहीकरण एकाङ्की रुपमा हुन सक्तैन । यसका लागि विकेन्द्रित शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको आवश्यकता पर्दछ । विकेन्द्रीकरण, सहभागितात्मक विकास र सामाजिक वहसकै प्रक्रियाबाट लैससासका सवालहरूलाई सम्बोधन गर्न सकिन्छ । यस रणनीतिमा गाउँपालिकाका कार्यक्रमको समग्र संरचना र कार्यक्रमले सुधार गर्न चाहेको क्षेत्रभित्र पर्ने कार्य प्रणालीलाई अरु बढी लैससासमैत्री बनाउन आवश्यक व्यवस्था गरेको छ ।

## स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा लैससासका प्रावधानहरू

- गाँउ तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा स्थानीय स्तरमा विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत रुपमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाइ लागू गर्नुपर्ने कुरालाई कानुनी दायित्वको रुपमा व्यवास्था गरेको र योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तर सम्बन्धित विषयलाई ध्यान दिनुपर्ने भनी उल्लेख गरेको छ ।
- लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगोविकासको अवधारणाअनुरूप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्ने ।
- गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था गरेको ।
- गाउँपालिका तथा नगरपालिकाले सङ्घ तथा प्रदेश कानुनको अधिनमा रही सामाजिक सुरक्षा र गरिबी निवारण सम्बन्धी काम गर्ने ।
- वडा समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत तथ्याङ्क अद्यावधिक तथा संरक्षणअन्तर्गत खण्डीकृत तथ्याङ्क सङ्कलन, विकास कार्यअन्तर्गत बालविवाह, बहु-विवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको ।
- स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयनअन्तर्गत योजना तर्जुमा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धिमा जोडदिएको ।

## कर्णाली प्रदेश लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति, २०७८

कर्णाली प्रदेश सरकारले लैससास मूलप्रवाहीकरणका लागि देखिएका संथागत अवरोधहरूलाई सम्बोधन गर्दै नीतिगत सुधार र लक्षित क्रियाकलापहरूमार्फत महिला र सीमान्तकृत समुदायहरूको सशक्तीकरण गर्न र परिवर्तनकारी नतिजाहरू हासिल गर्नका लागि आफ्नो लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति, २०७८ तयार गरी अनुमोदन गरेको छ । त्यसैगरी, लैससास परीक्षण कार्यविधि, २०७७ तर्जुमा गरी लागु गरेको छ । जसले कर्णाली प्रदेशका प्रादेशिक मन्त्रालयहरूलाई लैससास परीक्षण गर्दा धेरै सूचकहरू पालना गर्न प्रतिबद्ध गर्दछ । त्यसैगरी कर्णालीप्रदेशको पञ्चवर्षीय योजना (२०७६/७७–२०८०/८१) ले सकारात्मक विभेदमार्फत सबै क्षेत्रका विकासका अवसरहरूमा महिला र सीमान्तकृत समूहको समान पहुँच र तिनीहरूको अर्थपूर्ण प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने लक्ष्यसहित लैङ्गिक समानतामा आधारित प्रदेश निर्माण गर्ने परिकल्पना गरेको छ ।

## राष्ट्रिय जनगणना २०७८ बमोजिम नेपाल र कर्णाली प्रदेशको वर्तमान तथ्याङ्कीय अवस्था

| | नेपाल | कर्णाली प्रदेश | महिला | पुरुष |
|---|---|---|---|---|
| नेपालको कुल जनसङ्ख्या | २९१६४५७८ | - | ५१.१३% | ४८.८७% |
| कर्णाली प्रदेशको जनसङ्ख्या | - | १६८८४१२ | ५१.२१% | ४८.७९% |
| अन्य लिङ्गी (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) जम्मा २९२८ जना | ०.०१% | ०.०१% को २.८% | - | - |
| नेपालको साक्षारता दर | ७६.२% | - | ६९.४% | ८३.६% |
| कर्णाली प्रदेशको साक्षारता दर | - | ७६.१% | ६९.४% | ८३.३% |
| नेपालमा अपाङ्गता भएका व्यक्ति | २.२% | - | ४५.८% | ५४.२% |
| कर्णालीमा अपाङ्गता भएका व्यक्ति | - | ३.१% | ४४.४% | ५५.६% |
| जम्मा परिवार सङ्ख्या | ६६६०८४१ | ३६६२५५ | - | - |
| परिवारमूली महिला भएका परिवार | ३१.६% | ३२.१% | - | - |
| घर जग्गामा महिलाको स्वामित्व भएका परिवार सख्या | | १२.५% मा घर वा जग्गा वा दुवै भएको | | |
| घरमा मात्र स्वामित्व भएको | २.३ प्रतिशत | - | - | - |
| जग्गामात्र स्वामित्व भएको | ९.७ प्रतिशत | - | - | - |
| घर जग्गा दुवैमा स्वामित्व भएको | ११.८ प्रतिशत | ६.२ % | - | - |
| घर जग्गा दुवैमा स्वामित्व नभएको | ७४.६ प्रतिशत | - | - | - |
| स्वामित्व बारेमा उल्लेख नभएको | १.६ प्रतिशत | - | - | - |
| श्रमशक्ति सर्वेक्षण २०७४ अनुसार श्रमशक्ति सहभागिता | | | २६.३% | ५३.८५% |
| श्रम शक्ति सर्वेक्षण २०७४ अनुसार पुरुषको तुलनामा महिलाले ३०% कम ज्याला पाउँछन् । | | | | |
| शारीरिक, मानसिक वायौन हिंसाबाट पिडित | | | २४.४% | N/A |
| राजनीतिक तहमा महिलाहरूको सहभागिता तथा नेतृत्व | | | | |
| २०७८ को निर्वाचन नतिजा अनुसार:<br>• राष्ट्रिय सभामा ३२.२०%<br>• प्रतिनिधि सभामा ३३.४५%<br>• प्रदेश सभामा ३४.५५%<br>• स्थानीय तहमा ३९ प्रतिशत | | | | |
| कुल ७५३ स्थानीय तहमध्ये २५ स्थानीय तहमा महिला प्रमुख रहेको अवस्था छ । जुन ३.३२ प्रतिशत हो र ५६८ स्थानीय तहमा महिला उप प्रमुख रहेको अवस्था छ । जुन ७५.४३ प्रतिशत हो भने देशैभरिका ६७४३ वडाहरूमध्ये ५७ वडाहरूमा महिला वडा अध्यक्षहरू छन् जुन ०.८५ प्रतिशत हो । | | | | |

*लैङ्गिक अन्तर (Gender gap): सन् २०१५ मा नेपाल विश्वमा ११० औँ स्थानमा र सन् २०२० मा १०१औँ स्थानमा रहेको छ ।*

**युएनडिपीले सार्वजनिक गरेको २०२१/२२ को प्रतिवेदन अनुसार नेपालको मानव विकास सूचकाङ्क निम्न अनुसार छ:**

| | |
|---|---|
| नेपालको मानव विकास सूचकाङ्क | ०.६०२ अङ्कसहित १९१ मुलुकमध्ये १४३ औँ स्थानमा रहेको छ । |
| महिलाको मानव विकास सूचकाङ्क | ०.५४९ |
| पुरुषको मानव विकास सूचकाङ्क | ०.६१२ |
| लैङ्गिक विकास सूचकांक | ०.८९७ |
| विश्व आर्थिक मञ्चको २०२२ को सर्वेक्षण अनुसार नेपालको लैङ्गिक सशक्तीकरण सूचकांक | ६९ अङ्कसहित १४६ मुलुकमध्ये ९६ औँ स्थानमा रहेको छ । |

नेपालको कुल जनसङ्ख्याको करिब २.२ प्रतिशत जनसङ्ख्यामा कुनै एक वा बढी प्रकारको अपाङ्गता देखिएको छ ।पन्ध्रौं योजना अनुसार मुलुकमा निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८.७ र बहु आयामिक गरिबी २८.६ प्रतिशत रहेको छ ।

राष्ट्रिय जनगणना, २०७८ बमोजिम कुल जनसङ्ख्याको १ प्रतिशत भन्दा कम जनसङ्ख्या हुने विभिन्न जातजातिहरूको सङ्ख्या १२५ भन्दा बढी रहेको छ । नेपालमा करिब १२४मातृभाषाहरू रहेको देखिन्छ । नेपालमा हिन्दु धर्म मान्ने जनसङ्ख्या अधिक भए तापनि यस बाहेक अन्य ९ वटा समेत जम्मा १० वटा धर्मावलम्बीहरू रहेको देखिन्छ । नेपाल, बंगलादेश र भारत पछि दक्षिणएसियामा बाल विवाहदरउच्च भएको तेस्रो देश हो । नेपालमा ३४.४ प्रतिशत (कर्णालीमा ३९.३%) व्यक्तिहरूले १८ देखि २० वर्षको उमेरमा गर्छन् भने २२.३ प्रतिशत (कर्णालीमा २६.७%)ले १५ देखि १७ वर्षको उमेरमा, त्यसैगरि ७ प्रतिशत (कर्णालीमा ६.४%)ले १० देखि १४ बर्षको उमेरमा र ०.३प्रतिशत (कर्णालीमा ०.१%)ले १० वर्षभन्दा पहिले नै विवाह गर्ने गरेका छन् (राष्ट्रिय जनगनणा, २०७८) समग्रमा पहिलो विवाह गर्दाको औषत उमेर १९ वर्ष छ जसमा महिलाको १८ बर्ष र पुरुषको २० बर्ष रहेको छ ।

यी तथ्यहरूबाट नेपाली समाजमा आर्थिक तथा सामाजिक, जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय विविधता रहेको प्रष्ट हुन्छ । यी विविधताभित्र पनि भौगोलिक, लैङ्गिक, जातीय र आय वर्गबिच गरिबीको असमानता र गहनताको अन्तर अझै उल्लेख्य रूपमा विद्यमान रहेको विभिन्न तथ्याङ्कबाट देखिन्छ । यसर्थ समावेशी विकासको मान्यतालाई आत्मसात् गरी यी असमानताहरूलाई स्थानीय तहदेखि नै सम्बोधन गर्न लैससास परीक्षण पध्दतिलाई अनुसरण गर्न गराउन आवश्यक देखिएको छ ।

**महिलाको सुविधा सम्बन्धी विशेष व्यवस्था**

- → महिलाको पारिश्रमिक आयमा १० प्रतिशत छुट हुने व्यवस्था,
- → महिलाको नाममा उद्योग दर्ता गर्दा लाग्ने दर्ता दस्तुरमा ३५ प्रतिशत छुट,
- → महिलाको नाममा स्वामित्व प्राप्त हुने गरी घरजग्गा रजिष्ट्रेशन दस्तुरमा २५ प्रतिशत छुट र एकल महिलाको हकमा ३५ प्रतिशत छुट (हिमाली क्षेत्रमा ५० प्रतिशत)
- → साविकको घरजग्गाको स्वामित्व पतिपत्नीको संयुक्त नाममा लिखित गर्न चाहेमा जम्मा १०० रुपैया मात्र रजिस्ट्रेशन दस्तुर लाग्ने,
- → लैङ्गिक हिंसाबाट पीडितलाई तत्काल सहायताका लागि गर्नुपर्ने खर्चहरू जस्तै: खाना, यातायात, औषधी उपचार, कानुनी सहायता, मनोवैज्ञानिक उपचारसमेत व्यवसाय सञ्चालन र पुन: स्थापनाका लागि प्रारम्भिक व्यवस्था,
- → एकल महिला सुरक्षा सहायताका लागि उद्धार राहत, औषधी उपचार, कानुनी सहायता, शिक्षा र सिपमूलक तालिमका लागि सहयोगको व्यवस्था,
- → मानव बेचविखन तथा ओसारपसारबाट पिडितहरूलाई आधारभूत सहायतासमेत पुन: स्थापना केन्द्र राख्ने व्यवस्था,
- → घरेलु हिंसा पीडित (प्रभावित) हरूलाई उपचार तथा अस्पताल खर्च पिडकहरूबाट नै खर्च व्यहोर्ने व्यवस्था,
- → सामुदायिक विद्यालयहरूमा छात्रालाई नि:शुल्क शिक्षाको व्यवस्था,
- → निजामति सेवालाई समावेशी बनाउन खुल्लाबाट छुट्याइएको ४५ प्रतिशत पदमध्ये ३३ प्रतिशत महिलालाई आरक्षण गरिएको,
- → आमा सुरक्षा र महिला स्वास्थ्य कार्यक्रममार्फत सुरक्षित मातृत्वको व्यवस्था गरिएको,
- → प्रत्येक महिलालाई पैतृक सम्पत्तीमा भेदभावबिना समान हकको व्यवस्था छ ।

*स्रोत: राष्ट्रियसूचनाआयोग, काठमाण्डौं नेपाल, २०७३ (info@nic.gov.np)*

# हस्तपत्र (Handouts) नं. ३:
## लैससास शब्दावली र LGBTQI सम्बन्धी भिडियो

लैङ्गिकताले महिला र पुरुषबिचको सामाजिक भिन्नतालाई बुझाउँछ, जुन समाजद्वारा सिकाइन्छ । समयको साथ परिवर्तनशील छ र संस्कृतिकहरुभित्र र बिचमा व्यापक भिन्नताहरु छन् । (European Commission, 1998). लैङ्गिकता भनेको सामाजिक र सांस्कृतिक रुपमा निर्माण गरिएका विशेषताहरु, सामाजिक भूमिकाहरु, जिम्मेवारीहरु, शक्ति सम्बन्धहरु, पहिचानहरु र व्यवहार ढाँचाहरुको सेट हो जसले महिला हरुलाई पुरुषहरुबाट फरक पार्छ ।लिङ्ग भन्नाले पुरुष, महिला र अन्तरलिंगी (प्रजननमा आधारित भिन्नताहरुः प्रजनन अंग, क्रोमो जोम, हर्मोनमा) बीचको जैविक र शारीरिक भिन्नतालाई बुझाउँछ । यो सार्वभौमिक र अपरिवर्तनीय छ ।

### लैङ्गिकता:

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक (LGBTQI) परिभाषाहरु

» **यौनिक अभिमुखीकरण:** एक व्यक्तिको अरुप्रतिको यौन आकर्षणमा आधारित एक पहिचान र त्यो कसरी व्यक्तिको आफ्नै लिङ्ग ती व्यक्तिहरुको लिङ्गसँग मेल खान्छ जसलाई त्यो व्यक्ति आकर्षित गर्दछ ।

» **महिला समलिङ्गी (Lesbian):** एक महिला जो यौनिक रुपमा समान लिङ्गमा आकर्षित हुन्छिन् ।

» **पुरुष समलिङ्गी (Gay):** एक पुरुष जो यौनिक रुपमा समान लिङ्गसँग आकर्षित हुन्छ । साथै प्रायः यो शब्द कुनै पनि लिङ्ग जो समान लिङ्गसँग यौन आकर्षण रुपमा आकर्षित हुने व्यक्तिहरु जनाउन प्रयोग गरिन्छ ।

» **उभयलिङ्गी वा द्विलिङ्गी (Bisexual):** एक व्यक्ति जो यौनिक रुपमा समान र विपरीत दुवै लिङ्गप्रति आकर्षित हुन्छ ।

» **समलिङ्गी (Homo sexual):** जसले ती व्यक्तिहरुलाई जनाउँछ जो आफ्नै लिङ्गप्रति यौन रुपमा आकर्षित हुने गर्छन् । केही देशहरुमा, यो शब्दलाई अनुपयुक्त रुपमा हेरिएको छ र बोलचालको प्रयोगको लागि पुरानो, यसको क्लिनिकल र प्याथोलोजिकल अर्थ दिइएको छ ।

» **विपरीत लिङ्गी (Heterosexual):** एक शब्द जसले विपरीत लिङ्गप्रति आकर्षित व्यक्तिहरुलाई बुझाउँछ ।

### तेस्रोलिङ्गी (ट्रान्सजेन्डर):

ती व्यक्तिहरुको लागि छाता शब्द जसको लैङ्गिक पहिचान र/वा अभिव्यक्ति आफ्नो जैविक लिङ्गभन्दा फरक हुन्छ अर्थात जो पुरुषको लिङ्ग लिएर जन्मेका छन् तर आफूलाई महिला मान्छन् र महिला भनेर चिनाउन वा महिला बन्न चाहन्छन् । त्यसैगरी जो महिलाको अङ्ग लिएर जन्मेका छन् तर आफूलाई पुरुष मान्छन् र पुरुष भनेर चिनाउन वा पुरुष बन्न चाहन्छन् ।


» **(Transsexual):** एक व्यक्ति जसको जैविक लिङ्गले आफ्नो लिङ्गसँग पहिचान गर्दैन र सामान्यतया हार्मोन वा सर्जरीमार्फत यौन विशेषताहरु परिवर्तन गर्न चाहन्छ । यो शब्द क्लिनिकलको रुपमा बढ्दो रुपमा प्रयोग गरिएको छ ।

» **(Gender queer):** एक व्यक्ति जस्को लिङ्ग सांस्कृतिक परिभाषाले गर्ने व्यख्याभन्दा बाहिर पर्छ, न पुरुष न महिला । यो व्यक्ति वहुलिङ्ग, कुनै लिङ्ग होइन वा लिङ्गको मूलधारको भन्दा बाहिरको लिङ्गको धारणासँग पहिचान गर्दछ ।

» **सिजेन्डर:** ती व्यक्तिहरु जसको जैविक लिङ्ग उनीहरुको पहिचान वा अभिव्यक्ति सांस्कृति अपेक्षाहरुसँग मिल्छन् ।

» **अलैङ्गिक (Asexual):** एक व्यक्ति जसले कुनै यौन भावना वा इच्छाहरु अनुभव गर्दैन, वा जसले कसैलाई यौन आकर्षित गर्दैन । समता शब्दले न्यायोचित, निष्पक्षता र सम-व्यवहारलाई जनाउँछ भने समानताले बराबरी बाँड्ने र ठ्याक्कै भाग लगाउने कुरा गर्छ ।

“लैङ्गिक समता” भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समता मूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनुपर्छ ।
“लैङ्गिक समानता” भन्नाले महिला र पुरुषबिच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनुपर्छ । समानता र समतालाई तलको चित्रबाट स्पष्ट हुन सकिन्छ:




कुनै पनि व्यक्तिलाई जात, लिङ्ग, धर्म आदिको आधारमा भेदभाव नगरी समान दृष्टिले हेरी व्यवहार गर्नु समानता हो । असमानताको स्थितिमा रहेकाहरूका लागि समानताको स्थितिमा पुऱ्याउन अलग व्यवहार वा विशेष उपाय गर्ने प्रक्रिया समता हो ।
महिला र पुरुषको अवस्था र स्तरको अन्तर अत्यन्तै फराकिलो छ । यो अन्तरलाई पूरा गर्न पछाडि रहेको वर्ग (जेण्डरको कुरा गर्दा महिला) को लागि उसको अवस्था, क्षमताअनुसार विशेष उपायहरू अपनाएर सशक्तीकरण गर्नु आवश्यक छ । यसरी महिला (पछाडि परेका वर्ग) कै लागि भनेर विशेष उपाय अपनाउनु न्यायसङ्गत हुन्छ । त्यसैले समतालाई न्यायिक समानता पनि भनिन्छ ।
विकासको अवधारणामा पनि यसरी नै तय गरिएको हुन्छ । जस्तै कुनै गाउँमा स्कुल निर्माण गर्न आवश्यक रकम जुटाउनु पऱ्यो । त्यस गाँउका सबै व्यक्तिको लागि स्कुल अनिवार्य आवश्यकता पनि हो । अब समानताको आधारमा रकम सङ्कलन गर्ने हो भने सबै घरधुरीबाट बराबर रकम उठाउनु पर्दछ तर त्यस गाउँमा कोही अत्यन्त धनी छन् भने कोही एक छाक पूरा खान नपुग्ने पनि छन् । त्यसैले त्यस गाउँको नेतृत्व सम्हालेका व्यक्तिले आम्दानीको आधारमा समुदायलाई विभिन्न समूहमा विभाजन गरे त्यसमध्ये पहिलो समूहका व्यक्तिहरू धेरै धनीमध्येका थिए । उनीहरूले उठाउने पैसा धेरै तोकियो । क्रमशः पाँचौ समूहका गरिब थिए उनीहरूले पैसा दिन नपर्ने भयो । अरु सरह श्रम मात्र दिए हुने निर्णय भयो । यो न्यायिक समानता वा समता हो । यसको लक्ष्य सबै घरका केटाकेटीले त्यस स्कुलमा पढ्न पाउनु हो । त्यस्तै छोरा र छोरीमध्ये छोरा एकदम तिक्ष्णबुद्धिको छ तर छोरी कमजोर छ भने छोरी कमजोर भएकोले ट्युसन पढाउनु समता हो ।

समानता मात्रात्मक हुन्छ, समता गुणात्मक कुरा हो ।

→ लैङ्गिक समता भनेको महिला र पुरुषलाई उनीहरूका आवश्यकताअनुसार निष्पक्ष व्यवहार गर्नु हो । यसमा समान व्यवहार वा फरक व्यवहार पनि पर्न सक्छ, तर त्यसलाई अधिकार, लाभ, दायित्व तथा अवसरका दृष्टिले चाहिँ बराबरीका रूपमा लिइन्छ ।
→ युनेस्कोका अनुसार लैङ्गिकताले महिला र पुरुषबिचका सामाजिक भिन्नता तथा सम्बन्धहरूलाई जनाउँछ जुन सिकिएका हुन्, समाज र संस्कृतिअनुसार व्यापक रुपले फरकफरक हुन्छन्, र समयअनुसार परिवर्तन भइरहन्छन् । लैङ्गिक समानताको अर्थ महिला र पुरुषलाई, केटा र केटीलाई समान व्यवहार गर्नु होM अधिकार र दायित्वका दृष्टिले समान ।
→ लैङ्गिक समता भनेको कार्यहरूको (बअतष्यलक) एउटा समूह हो जसले अवसरहरू दिन्छ र सबै व्यक्ति, महिला र पुरुष समेतबाट अपेक्षाहरू राख्छ ।
→ समता भनेको स्रोत तथा लाभहरू वितरणको एउटा प्रक्रिया हो जसले असुविधामा परेकाहरूलाई र विभिन्न समूहहरूका अलग–अलग आवश्यकताहरूलाई ध्यानमा राख्छ ।
→ यसको अर्थ ज्यादा असुविधामा परेका समूहहरूलाई बढी स्रोत साधन दिइन्छ ताकि उनीहरूको विकासको गति छिटो होस्, उनीहरूले सबै पक्षहरूमा समान अधिकार उपभोग गर्न सकुन् भन्ने पनि हुन्छ । महिला तथा अन्य असुविधामा परेका समूहहरूको समताको आकाङ्क्षा सहजीकरण गर्न “समतायुक्त” वितरणको यो प्रक्रिया आवश्यक छ ।
→ त्यसैले समता भनेको समानता प्राप्तिको एउटा साधन वा प्रक्रिया हो भने समानता भनेको लक्ष्य हो ।


**पहुँचः** पहुँच भनेको स्रोत साधन भोगचलन गर्ने अवसर प्राप्त गर्नु हो अर्थात पहुँचको अर्थ केही कुरा उपयोग गर्न पाउने अवसर हो । पहुँच हुने भन्नुको मतलब स्रोत साधनबाट उत्पादन गर्ने र प्रयोग गर्नेसम्मको अवसर हुन्छ तर प्राप्त उत्पादनलाई आफ्नो निर्णय र आवश्यकताअनुसार थपघट गर्ने वा बेचबिखन गर्ने अधिकार हुँदैन । जस्तैः कुनै महिलाले सुनका गरगहना लगाइ रहेको हुन सक्छिन तर आवश्यक परेको दिन त्यसलाई आफ्नो निर्णयमा बेचेर काम चलाउन सक्ने अधिकार नहुन सक्छ ।

**नियन्त्रणः** नियन्त्रण भनेको स्रोत साधनलाई कहाँ, कसरी र कहिले प्रयोग गर्ने वा स्रोत साधनबाट आएको उत्पादनलाई कहाँ उपयोग गर्ने भन्ने कुराको निर्णय गर्ने अधिकार हो । जस्तैः कुनै पनि आफ्नो स्रोत वा सम्पत्ति– घर, जग्गा, गहना स्वनिर्णयमा बेच्ने वा नबेच्ने निर्णय गर्नु, आफू संलग्न समूह वा संस्थाको लाभांश वितरण तथा नीति नियम तर्जुमा गर्दा आफ्नो निर्णय लागु गर्नु आदि । यसलाई अर्को किसिमले निर्णय शक्ति पनि भन्न सकिन्छ ।

**सामाजिक समावेशीकरण**

"सामाजिक समावेशीकरण" भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई बहिस्करणमा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनयापन गर्नबाट बञ्चित एवम् विपन्न तथा सामाजिक रूपमा पछाडि परेका समूहहरूलाई राज्यका सबै तहको संरचनामा प्रतिनिधित्व तथा विकास निर्माण र कार्यसम्पादनका प्रक्रियामा सहभागी गराइ उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनुपर्छ । साथै यस शब्दले बञ्चितीकरणमा परेकाहरूको पहिचान, प्रतिनिधित्व, सहभागिता, पहुँच बृद्धि, सशक्तीकरण र आवश्यकता परिपूर्ति गर्ने लगायतका कार्यलाई जनाउँदछ ।

नेपालको सन्दर्भमा बञ्चितीकरणमा परेका वर्ग भन्नाले महिला, दलित, जनजाती, मधेशी, दुर्गम क्षेत्र, अपाङ्गता भएका व्यक्तिहरू, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक आदिलाई जनाउँदछ भने बञ्चितिकरणमा परेका वर्गहरूको समावेशीकरणको लागि निम्न ढाँचा अनुसार दुई तर्फबाट सम्बोधन गरी सशक्तीकरण गर्न सकिन्छः




*स्रोतः विश्व बैङ्क र DFID, Unequal Citizens, 2006.*

**लैससास सम्बन्धित अन्य शब्दावली तथा तिनीहरूको परिभाषा**

→ **"व्यवहारिक लैङ्गिक आवश्यकता र रणनीतिक लैङ्गिक चासो"** व्यवहारिक लैङ्गिक आवश्यकता भन्नाले महिलाहरूको दैनिक जीवनयापनको लागि आवश्यक पर्ने विषयहरू बारेमा चर्चा गरिन्छ, यी आवश्यकताहरू छोटो अवधिमा पूरा गर्न सकिन्छ साथै यी आवश्यकता सबै महिलाहरूलाई एकै किसिमको बोध नहुन सक्छ तर रणनीतिक लैङ्गिक चासो भन्नाले महिलालाई नीतिगत किसिमले आवश्यक पर्ने दीर्घकालीन समाधानको लागि आवश्वक पर्ने विषय बुझिन्छ । यसको बारेमा स्वयम् पहिचान गर्न सक्दैनन् र यसमा अरुले बोध गराइ दिन आवश्यक हुन्छ, जसलाई लैङ्गिक सचेतना (Sensitization) भनिन्छ । जस्तैः महिला र पुरुषको ज्यालामा फरक ।

→ **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरूबिचको असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने विषयलाई सम्झनुपर्छ ।

→ **लैङ्गिक भूमिकाः** भन्नाले समाजद्वारा निर्धारण गरिएको महिला र पुरुषले निर्वाह गर्ने बेग्लाबेग्लै काम वा भूमिका भन्ने बुझिन्छ । यी भूमिकाहरू जैविक आधारमा वर्गीकरण नगरी समाजले यस्ता यस्ता कामहरू महिलाले गर्ने र यस्ता कामहरू पुरुषले गर्ने भनेर तोकिएकै आधारमा गरिएका हुन्छन् । जस्तैः बालबच्चा हुर्काउने कामलाई महिला पुरुषबिचको सामाजिक सम्बन्ध अनुसार महिलाको भूमिका भनिन्छ तर यो भूमिका महिला पुरुष दुबैले उत्तिकै राम्ररी गर्न सक्दछन् ।

→ **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्पर्क व्यक्ति"** भन्नाले कुनै कार्यालय वा सरकारका विभिन्न तहहरूमा लैससास विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रूपमा तोकिएको पदाधिकारी वा कर्मचारीलाई सम्झनुपर्छ ।

→ **"बञ्चित समूह"** भन्नाले परम्परागत रूपमा लामो समयदेखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठनागरिक एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनुपर्दछ ।

→ **"अल्प सङ्ख्यक"** भन्नाले सङ्घीय कानुनबमोजिम निर्धारित प्रतिशतभन्दा कम जनसङ्ख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनुपर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाइ राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

→ **"सीमान्तीकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि परेका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका सङ्घीय कानुन बमोजिमको मानव विकासको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनुपर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदायसमेतलाई जनाउँछ ।

→ **"लक्षितसमूह"** भन्नाले आर्थिक रूपमा विपन्नवर्गका महिला एवम बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू)सबैजातजातिका विपन्नवर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय) सम्झनुपर्छ ।

→ **लैङ्गिक संवेदनशील दृष्टिकोण:** मौजुदा लैङ्गिक भिन्नता, सवालहरू र असमानताहरूलाई स्वीकार गर्ने, उजागर गर्ने र तिनीहरूलाई रणनीति र कार्यहरूमा समावेश गर्ने क्षमता हो (यूएनडिपि) । लैङ्गिक संवेदनशीलताको अवधारणा महिला विरुद्धको भेदभावद्वारा निर्मित व्यक्तिगत र आर्थिक विकासका अवरोधहरू कम गर्ने तरिकाको रूपमा विकसित गरिएको हो । यो यस्तो कार्यक्रमको व्यवस्था हो । जसले महिला, पुरुष, केटारकेटीहरूको विभिन्न आवश्यकताहरू पहिचान गर्दछ र लैङ्गिक शक्तिको गतिशीलतालाई स्वीकार गर्दछ तर कार्यक्रम डिजाइन भित्र यी गतिशीलताहरूको बुझाइलाई एकीकरण गर्ने प्रयास गर्नुबाहेक सवालहरूलाई सम्बोधन गर्न सक्दैन ।

→ **लैङ्गिक उत्तरदायी दृष्टिकोण:** यस्तो कार्यक्रमको व्यवस्था जस्ले समुदाय भित्रका लैङ्गिक असमानताहरू कम गर्ने प्रयास र त्यसका लागि विशेष कार्यहरू समावेश गरी सवालहरूलाई सम्बोधन गर्दछ ।

→ **लैङ्गिक रूपान्तरण दृष्टिकोण:** त्यस्ता कार्यक्रमहरू र गतिविधिहरू जस्ले व्यक्तिहरूलाई सक्रिय रूपमा असमान लैङ्गिक मूल्य मान्यताहरूलाई चुनौति दिन, समुदायमा महिलाहरूको सामाजिक र राजनीतिक प्रभावको स्थिति बढाउन र विभिन्न लिङ्गहरूका व्यक्तिहरूबिचको शक्ति असमानतालाई सम्बोधन गर्नका लागि अवसरहरू सिर्जना गर्ने तरिका वा पद्धति नै लैङ्गिक रूपान्तरण दृष्टिकोण हो (स्रोत: न्यायमा महिलाको पहुँच: एक रुपान्तरणमुखि दृष्टिकोण, संयुक्त राष्ट्र सङ्घ, अक्टोबर २०१६) । यो यस्तो कार्यक्रमको व्यवस्था जस्ले समाजभित्र भएका लैङ्गिक असमानताको मूल कारणहरूलाई सम्बोधन गर्ने एक मौलिक उद्देश्यको साथ डिजाइन गरिएको हुन्छ । यस अवधारणाले असमानताको कारणहरूलाई जरादेखि नै उखेलेर परिवर्तनकारी मूल्य मान्यता स्थापित गराउन मद्दत गर्दछ ।

→ **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरणर उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषणसहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।

→ **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट"** भन्नाले स्थानीय योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढङ्गले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरूप्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुनेगरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनुपर्छ ।

→ **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण"** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबिचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तयग रिएको नीति, बजेट र कार्यक्रममार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनुपर्छ ।

→ **"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीतिनियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र, प्रक्रिया तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरूलाई समाहित गर्ने प्रक्रियालाई सम्झनुपर्छ ।

→ **"सामाजिक वञ्चितीकरणमा परेका समूहहरू"** भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउँदछ ।

→ **"लैङ्गिक प्रभाव विश्लेषण"** भन्नाले नीति तथा अभ्यासहरूको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम् पुरुष कत्तिको लाभान्वित भएका छन् भन्ने अवस्थाको लेखाजोखा गर्ने कार्यलाई सम्झनुपर्दछ ।

→ **अन्तर विभाजन/अन्तर्भिन्नता (Intersectionality):** व्यक्तिको विभिन्न सामाजिक पहिचानहरू (लिङ्ग, यौन झुकाव, जातजाति, वर्ग, शक्ति, उमेर, बसाइको स्थिति, नागरिकता स्थिति, धर्म, अपाङ्गता आदी) को आधारमा गरिने विभिन्न प्रकारका भेदभावहरू जोडिदै आएर उत्पन्न हुने भेदभावको अर्को रूप वा एकअर्कालाई असर गर्ने तरिकाको तहमा भएको फरकपनालाई छुट्याएर केलाउने तरिकालाई अन्तरविभाजन वा अन्तर्भिन्नता (Intersectionality) भनिन्छ । (जस्तैः कालीकोटको एक दुर्गम गाँउको विपन्न वर्गको अनपढ, एकल, दलित महिलालाई गरिने भेदभावको रूप र सुर्खेत बजारको एक शिक्षित क्षेत्री महिलामाथि हुने भेदभावको रूप र उनीहरूलाई असर गर्ने तरिका वा तह पनि फरकफरक हुन सक्छ) । महिला हुने वित्तिकै सबै ठाँउका सबै महिलाका सवालहरू एकै नहुन सक्छन् भन्ने मान्यताका साथ महिलाहरूभित्र पनि भेदभावको तह तथा सवालहरूका आधारमा छुट्याएर विश्लेषण गर्नु अन्तरविभाजन/अन्तर्भिन्नता हो ।

→ **"सशक्तीकरण"** स्रोत र साधनमा पँहुच बढाउन आवश्यक पर्ने गरिब र बञ्चित वर्गको क्षमता बढाइ व्यक्तिको आत्मबल र सामुहिक शक्ति बढाउने कुरा नै सशक्तीकरण हो । यस्ता कार्यले उनीहरूमा स्वाभिमान र आत्मविश्वास बढाइ अन्त्यमा स्वावलम्वी बनाउन मद्दत पुर्‍याउँदछ । विश्व बैङ्कका अनुसार सामाजिक रूपले बञ्चितिमा परेका व्यक्ति तथा समूहका लागि नीति बनाउने तथा सेवा दिने संस्थालाई आफूप्रति जवाफदेहि बनाउनका लागि आवश्यक क्षमताको अभिबृद्धि गर्ने प्रक्रिया नै सशक्तीकरण हो ।

→ **महिला विरुद्धको हिंसा:** संयुक्त राष्ट्रसङ्घ (१९९३) को अनुसार लैङ्गिकतामा आधारित हिंसाको कुनै पनि कार्य जसले गर्दा महिलालाई शारीरिक, यौनिक वा मनोवैज्ञानिक हानि वा पीडा निम्त्याउने वा हुन सक्ने सम्भावित खतराहरूसहित यस्तो कार्य महिलाको सार्वजनिक वा निजी जीवनमा जबरजस्ती वा स्वतन्त्रताको हनन हुन्छ भने त्यसलाई महिला विरुद्धको हिंसा भनिन्छ ।

→ **महिला विरुद्धको हिंसाले** "महिलाहरूको मर्यादा, क्षमता र उनीहरूको मानव अधिकारको सम्पूर्ण श्रृङ्खलाको फाइदा लिन सक्ने क्षमतालाई अशक्त बनाउँदछ ।" यसले महिलाको स्वास्थ्य र सशक्तीकरणमा नकारात्मक प्रभाव पार्छ र परिवार र समाजको स्वास्थ्य र विकासमा पनि ठूलो मात्रामा प्रभाव पार्छ । (एर्टर्किन, याकिन (२००९) महिला विरुद्ध हिंसामा संयुक्त राष्ट्र विशेष प्रतिवेदक)

# हस्तपत्र (Handouts) नं. ४:
## लैससास परीक्षणको पृष्ठभूमि, योजना र बजेटसँगको अन्तरसम्वन्ध

**लैङ्गिक उत्तरदायी बजेट**

नेपालको संविधान २०७२ ले कानुनको दृष्टिमा सबै नागरिकहरू समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित न गरिने प्रतिवद्धता सहित नागरिकहरूलाई समानताको हकको प्रत्याभूत गराएको छ । संविधानको प्रस्तावनामै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । त्यसैगरी छुवाछुत तथा भेदभाव बिरुद्धको हकमार्फत कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जातजाति, समुदाय, पेशा व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने व्यवस्थाको साथसाथै शिक्षाको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक सुनिश्चित गर्दै समावेशीकरण तथा सम्बन्धित आयोगहरूको प्रावधानहरूसमेतको व्यवस्था गरेको छ । नेपालले विभिन्न समयमा लैससास सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय अभिसन्धिहरूमा प्रतिवद्धता व्यक्त गर्दै लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरणलाई कानुनी रूपले स्वीकार गरेको छ । नेपालको संविधान एवम् प्रचलित कानुनहरू र विभिन्न अन्तराष्ट्रिय प्रतिवद्धताहरूले प्रत्याभूत गरेका प्रावधानहरूसमेतलाई मध्यनजर गरी बनाइएका लैससास समन्धी नीति रणनीति तथा कार्यविधिहरू अनुसार लैससासको मूलप्रवाहीकरणको अभ्यासलाई मूर्त रूप दिनका लागि नेपाल सरकारका सबै मन्त्रालयहरूले आर्थिक वर्ष २०६४/६५ देखि नै लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास गर्दै आएकाछन् र लैङ्गिक उत्तरदायी बजेटको मान्यता अनुरूप आफ्ना कार्यक्रमहरू कार्यान्वयन भए नभएको विश्लेषण गरी प्रतिवेदन तयार गर्ने गरेका छन् । नेपालको पन्ध्रौँ योजना (२०७६/७७–२०८०/८१) ले राज्यका तीनै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा पद्दतीलाई संस्थागत गर्ने रणनीति लिएकोछ भने अर्थ मन्त्रालयले आफ्नो बजेट तथा कायक्रम महाशाखा मातहत लैङ्गिक उत्तरदायी बजेट समिति गठन गरी प्रदेश तथा स्थानीय तहसँगको सहकार्यमा लैङ्गिक उत्तरदायी बजेट निर्माणका लागि नमुना निर्देशिका २०७७ समेत तयार गरी सकेको अवस्था छ ।

→ लैङ्गिक उत्तरदायी बजेट पद्धतिलाई लैङ्गिक समानता र महिला सशक्तीकरणलाई थप सुदृढ गराउने एक औजारको रूपमा लिन सकिन्छ । लैङ्गिक उत्तरदायी बजेट पद्धति महिलाका लागि छुट्टै बजेटन भई बजेटका सबै उपलब्धीमा महिला र पुरुषको सन्तुलित सहभागिता र सन्तुलित लाभहासिल भए नभएको विश्लेषण गर्ने प्रक्रिया हो । लैङ्गिक उत्तरदायी बजेट पद्धतिले लैङ्गिक समानताका सम्पूर्ण पक्षहरूलाई मूलप्रवाहीकरण गरी क्षेत्रगत निकायको लगानीलाई परिणामतर्फ डोऱ्याउन मद्दत गर्दछ ।

→ लैङ्गिक उत्तरदायी बजेटको विश्लेषण गर्दा तर्जुमा गरिएका सरकारी व्यवस्था, योजना, कार्यक्रम र सेवालाई दुई तहमा लैङ्गिक उत्तरदायी सङ्केत (कोडिङ) गरिन्छः तह १–योजनाका क्रियाकलाप विकास र वर्गीकरण, र तह २–योजनाको लैङ्गिक उत्तरदायित्वको लागि सङ्केत (कोडिङ) गर्ने । यसरी तह १ योजनाका क्रियाकलापलाई वर्गीकरण गर्दा क्रियकलापहरूलाई निम्न अनुसार तीन तहमा वर्गीकरण गरी कोडिङ गर्नुपर्दछः

**निर्दिष्टः** महिला तथा बालिकाहरूप्रति निर्दिष्ट रूपले लक्षित क्रियाकलापहरू, उदाहरणको लागि महिलाहरूका लागि सीप विकास तालिम, बालिकाहरूका लागि छात्रवृत्ति ।

**सहयोगीः** महिला सशशीकरण तथा लैङ्गिक समानताप्रति उत्तरदायी तथा सोको लागि सहज वातावरणको श्रृजना गर्ने खालका क्रियाकलापहरू, उदाहरणको लागि खण्डीकृत तथ्याङ्क सङ्कलन, लैङ्गिक समानताका लागि मूल्याङ्कन अध्ययन, सेवा प्रदायकहरूका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम, विभेद जन्य पितृसत्तात्मक मूल्य मान्यताहरूमा परिमार्जनका लागि पुरुष तथा बालकहरूसँग कार्य गर्ने र

**तटस्थः** महिला सशक्तीकरण तथा लैङ्गिक समानताका अवरोधहरूको पहिचान नगर्ने वा सम्बोधन नगर्ने क्रियाकलापहरू ।

भने तह २—लैङ्गिक उत्तरदायित्वको लागि सङ्केत (कोडिङ) गर्दा :निर्दिष्ट, सहयोगी तथा तटस्थमा वर्गीकृत गरिएका क्रियाकलापहरूका लागि विनियोजित बजेटको जम्मा निकाल्ने र जम्मा निकाली सकेपछि क्रियाकलापको जम्मा बजेट कुल बजेटको ६० प्रतिशतभन्दा माथि छ भने त्यस्तो योजनालाई सङ्केत कोडिङ १ (निर्दिष्ट) दिनुपर्दछ, यदि क्रियाकलापहरूको जम्मा बजेट कुल बजेटको १० देखि ५९ प्रतिशत छ भने त्यस्तो योजनालाई सङ्केत कोडिङ २ (सहयोगी) र यदि क्रियाकलापको जम्मा बजेट कुल बजेटको ९ प्रतिशत वा त्योभन्दा कम छ भने त्यस्तो योजनालाई सङ्केत कोडिङ ३ (तटस्थ) दिनुपर्दछ । यसरी क्रियाकलापहरूको कोडङ गरी निकालिएको बजेटको प्रतिशत हेरेर विनियोजन गरिएको बजेट निर्दिष्ट, सहयोगी वा तटस्थ कुन अवस्थामा छ भनी पहिचान गर्न र सोहीअनुसार निर्दिष्ट बनाउने पहल गर्न सकिन्छ ।

नेपालको संविधान र अन्य प्रचलित कानुनबमोजिम प्रदेश तथा स्थानीय सरकारहरूले वि. सं. २०७५ देखि नै आफ्नो योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गर्दै आएको सन्दर्भमा उनीहरूले पनि लैङ्गिक मूलहप्रवाहीकरणका विषयलाई बजेटको प्रक्रियामा सम्माहित गर्नु र लैङ्गिक उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयनको नतिजा हेर्नका लागि लैससास परीक्षण प्रतिवेदन तयारी गर्नु अपरिहार्य रहन्छ । प्रदेश तथा स्थानीय तहको लैससास परीक्षणले स्थानीय तहको समग्र शासन प्रणालीमा समावेशी सिद्धन्तका आधारमा विकासका अवसरबाट बञ्चित, श्रोत र साधनको पहुँच तथा नियन्त्रणमा पछाडि परेका, गरिब, महिला, आदिवासी जनजाती, मधेशी, दलित, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक आदिको अर्थपूर्ण सहभागिता गराइ मुलुकको समग्र विकास निर्माण प्रकियामा समेत योगदान गर्न सक्ने गरी सक्षम बनाउन सशक्तीकरण गर्दै मूलप्रवाहीकरण गरेको सुनिश्चतता गर्दछ ।

**योजना तथा बजेट तर्जुमाका चरणहरूमा लैङ्गिक उत्तरदायी बजेटका प्रावधानहरू**

| क्र. स | सुचकहरू | जिम्मेवारी | अभ्यासमा रहेको | आवश्यक सुधारात्मक कदम |
|---|---|---|---|---|
| **चरण १: बजेटको पूर्व तयारी ।** | | | | |
| १ | खण्डीकृत तथ्याङ्क सङ्कलन गर्ने -<br>महिलाका निर्दिस्ट सरोकार समूह (जस्तैः दलित, जनजाति, मधेशी महिला, अपाङ्ग महिला, गरिब आय समूह, दुर्गम छेत्रका महिलाहरु, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) र पुरुषसँग लैङ्गिकसँग सम्बन्धित पहिचान गरिएका सवाल, प्राथमिकता र क्षमताको मूल्याङ्कनका लागि परामर्श गर्ने गरिएको छ । | विषयगत समिति तथा महाशाखा/शाखा/एकाइ | | |
| २ | खण्डीकृत तथ्याङ्क, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विश्लेषण र प्रदेश तथा स्थानीय तहमा लैङ्गिक अवस्थाको वास्तविक तथ्य भएको सुनिश्चत गर्ने, मध्यमकालीन खर्च संरचना तयारीका लागि जानकारी गराउने गरेको छ । | विषयगत महाशाखा/शाखा, प्रमुख प्रशासकीय अधिकृत | | |
| ३ | राजस्व अभिवृद्धिका उपायहरुबाट नकारात्मक लैङ्गिक प्रभाव नपर्ने वा गरिब सीमान्तकृत समूहलाई असर नपर्ने तथा कर नीतिहरूले महिला सशक्तीकरण तथा लैङ्गिक समानतालाई प्रवर्दन गर्ने कुरा सुनिश्चित गर्दै राजस्वको यथार्थपरक अनुमानमा आधारित भई प्रक्षेपण गर्ने गरेको छ । | राजस्व परामर्श समिति र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | | |
| ४ | समुदायस्तरका महिला, पुरुष तथा अन्य सरोकारवालाहरूसँगको गहन छलफल तथा खण्डीकृत तथ्याङ्क नेपालले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय मानव अधिकार प्रतिबद्धता र दायित्वमा आधारित भई आय व्यय अनुमान तयार गर्ने गरेको छ । | सम्बन्धित कार्यपालिका | | |

| | | | | |
|---|---|---|---|---|
| | आय-व्ययको अनुमानमा समावेश गर्न सकिने गरिब, वञ्चतीकरणमा परेका तथा जोखिममा रहेकाहरू सहित महिलाहरूको विभिन्न छेत्रमा व्यवधानहरू, आवश्यकताहरू र प्राथमिकताहरू तथा सम्भावित उपायको पहिचान गर्ने गरेको छ । | सम्बन्धित कार्यपालिका | | |
| ५ | जिम्मेवारी दिदा महिला तथा पुरुष सदस्यहरू संयुक्त रूपमा काम गर्न सक्ने तथा छलफल तथा निर्णयहरूमा महिलाले प्रभाव पार्न सक्ने कुरा सुनिश्चित गर्ने गरिएको छ । | सम्बन्धित कार्यपालिका | | |

| | | | | |
|---|---|---|---|---|
| **चरण २: स्त्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति** | | | | |
| १ | महिला तथा वञ्चितीकरणमा परेकाको जीविकोपार्जन तथा आवाज सशाक्तीकरण तथा पुरुषत्व सम्बन्धी मूल्य मान्यतामा पुनरावलोकनका लागि पुरुष सहभागितासहित विद्यमान विभेद जन्य नीति: नियमहरू, मानसिकता, सामाजिक तथा लैङ्गिक मूल्यमान्यता तथा अभ्यासहरूमा परिवर्तन ल्याउनका लागि गर्नुपर्ने अत्यावश्यक कार्यहरूलाई बजेटको सीमाले समेट्ने गरेको छ । | सम्बन्धित कार्यपालिका | | |
| २ | निर्दिष्ट सरोकार समूहहरूलाई छलफलमा बोलाउने गरेको छ । | प्रमुख/ अध्यक्ष | | |
| ३ | परिवर्तनका तीन छेत्रहरू (जीविकोपार्जन, अवाज सशक्तीकरण तथा विभेद जन्य नीतिहरू तथा अभ्यासहरूमा परिवर्तन) लाई समेट्ने खालका कार्यक्रम योजना गर्न सुझाव उपलब्ध गराउन अनुरोध गर्ने गरेको छ | | | |
| ४ | नीति तथा कार्यक्रमले सशक्तीकरण तथा विभेद जन्य नीति तथा अभ्यासहरूको रुपान्तरण दुबैलाई समेटेको कुरा सुनिश्चित गर्ने गरेको छ । | बजेट तथा योजना तर्जुमा समिति | | |
| ५ | महिलाहरूलाई सशक्तीकरण गर्ने तथा विभेद जन्य नीतिहरू तथा अभ्यासहरूमा रुपान्तरणका लागि पुरुष तथा बालकहरूसँग काम गर्ने खालका कार्यक्रमहरूलाई प्राथमिकतामा राख्ने खालका आधारहरू समावेश गर्ने गरेको छ । | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | | |
| ६ | बजेट सीमा निर्धारण, विषयगत छेत्र तथा बजेट तर्जुमा मार्गदर्शन महिलाको हालको अवस्था तिनीहरूका व्यवधानहरू र प्राथमिकताहरू तथा महिला र पुरुषबिचका विद्यमान लैङ्गिक सम्बन्ध बारे खण्डीकृत तथ्याङ्कमा आधारित हुने गरेको छ । | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | | |
| ७ | विद्यमान सामाजिक तथा सांस्कृतिक विविधता तथा विषयगत छेत्रमा महिलाको सशक्तीकरणका आवश्यकताहरू तथा मानसिकताहरूमा परिवर्तनका लागि पुरुष तथा बालकहरूसँग गर्नुपर्ने कार्यहरूमा आधारित भई बजेट सीमा निर्धारण गर्ने गरेको छ । | प्रमुख प्रशासकीय अधिकृत | | |

| | | | | |
|---|---|---|---|---|
| **चरण ३: बस्ती तहका योजना छनौट** | | | | |
| ! | बस्तीस्तरको योजना छनौटका लागि परामर्श गर्न वञ्चित सामाजिक समूहहरूको बाक्लो उपस्थिति भएका बस्तीहरूमा जाने गरेको वा समावेश गर्न गरेको छ । | वडा समिति | | |
| २ | बस्तीका महिलाहरूसँग छुट्टै बैठकहरू आयोजना गर्ने गरेको छ । | वडा समिति | | |
| ३ | खण्डीकृत तथ्याङ्क तथा तथ्यहरूको प्रयोग गर्ने गरेको छ । | वडा समिति | | |
| ४ | महिला सदस्यहरूलाई योजना तर्जुमा प्रक्रियामा जिम्मेवारी दिने गरेको छ । | वडा समिति | | |
| ५ | समुदायका महिला तथा विभिन्न सामाजिक समूहका मानिसहरूलाई उचित तवरले जानकारी गराइएको छ । | वडा समिति | | |
| ६ | महिला तथा विभिन्न समुदायका विकासका आवश्यकताहरू सम्बोधन हुने र उहाँहरूको प्राथमिकताका योजनाहरू सिफारिस गर्ने कार्यमा सहजीकरण गरिएको छ । | वडा समिति सामुदायिक/ नागरिक समाज संस्था | | |
| ७ | महिला तथा उनीहरूमध्ये गरिब, वञ्चितीकरण तथा जोखिममा रहेकाहरूको जीविकोपार्जन तथा आवाज सशक्तीकरण र विभेद जन्य सामाजिक तथा लैङ्गिक मूल्य मान्यता तथा मानसिकताहरूमा परिवर्तनका लागि कार्यक्रम तथा योजनाहरूको प्राथमिकीकरण गर्न परामर्श दिइने गरिएको छ । | वडा समिति सामुदायिक/ नागरिक समाज संस्था | | |
| ८ | बस्तीस्तरबाट अन्तिम छनौटमा परे वडा समितिमा पठाइएका योजनाहरू सार्वजनिक गर्ने गरेको छ । | वडा सदस्यहरू तथा वडा सचिव | | |

| | | | | |
|---|---|---|---|---|
| **चरण ४: वडा चरणमा योजना छनौट र प्राथमिकीकरण** | | | | |
| १ | पेश गरिएको योजना तथा कार्यक्रमहरूमा स्थिति विश्लेषण गर्दा तथा विभिन्न दस्तावेजहरू नगर पाश्र्वचित्र, गुरुयोजना आदि तयार गर्दा सङ्कलन गरिएका खण्डीकृत तथ्याङ्क तथा तथ्यहरू समावेश गर्ने गरेको छ । | वडा समिति | | |
| २ | वडाहरू बचि साझा सवालहरू सम्बोधन होस् भनी लैङ्गिक असमानता तथा लैङ्गिक हिंसालाई सम्बोधन गर्ने योजनाहरू सूचीमा समावेश गर्ने गरेको छ । | वडा समिति | | |
| ३ | गैरसरकारी संस्था तथा समुदायमा आधारित संस्थाहरूबाट कार्यन्वयन हुने सचेतना अभिबृद्धि तथा पैरवी सम्बन्धी कार्यक्रम तथा योजनाहरू समावेश गर्ने गरेको छ । | गैसस तथा सहकारी तथा अन्य सङ्घ/ संस्था | | |

| चरण ५: बजेट तथा कार्यक्रम तर्जुमा | | | | |
|---|---|---|---|---|
| १ | लैङ्गिक विश्लेषणमा योजना तथा कार्यक्रमहरूको पहिचान बारे उल्लेख गर्ने गरेको छ । | सम्बन्धित महाशाखा, शाखा | | |
| २ | छलफलमा विभिन्न विषयगत क्षेत्रका मुख्य मुख्य लैङ्गिक सवालहरू बारे उल्लेख गर्ने गरिएको छ । | विषयगत समितिहरू | | |
| ३ | जीविकोपार्जन र आवाज सशक्तीकरण एवम् विभेद जन्य नीति तथा अभ्यासहरूमा परिवर्तनलाई सम्बोधन गर्ने क्रियाकलापहरूका लागि महिला तथा बालकहरूसँगको संवादलाई समावेश गर्ने गरिएको छ । | बजेटतथा कार्यक्रम तर्जुमा समिति | | |
| ४ | पैरवी, सचेतना अभिबृद्धि कार्यक्रमहरू, पुरुषत्व सम्बन्धी मूल्यमान्यताहरूको समीक्षाका लागि महिला तथा बालकहरूको संवादलाई समावेश गर्ने गरिएको छ । | बजेटतथा कार्यक्रम तर्जुमा समिति | | |
| ५ | विनियोजन विधेयकमा पर्याप्त बजेट भएको सुनिश्चित गरिएको छ । | बजेटतथा कार्यक्रम तर्जुमा समिति | | |
| ६ | महिलाहरूको सशक्तीकरण, लैङ्गिक समानता तथा पुरुष सहभागिताका लागि बजेट विनियोजन गर्ने गरेको छ । | बजेट तथा कार्यक्रम तर्जुमा समिति | | |

| चरण ६: गाउँ\नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृत । | | | | |
|---|---|---|---|---|
| १ | महिला सशक्तीकरण तथा लैङ्गिक समानताका लागि प्रस्तावित योजनाहरू समावेश भएको जाँचबुझ गर्ने गरेको छ । | कार्यपालिका | | |
| २ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी योजनाहरू समावेश भएको विधेयक स्वीकृत गर्ने गरेको छ । | कार्यपालिका | | |

| चरण ७: गाउँ तथा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत | | | | |
|---|---|---|---|---|
| १ | महिलाहरू र लैङ्गिक समानताका लागि योजनाहरू समावेश भएको सुनिश्चित गरी स्वीकृत गर्ने गरेको छ । | स्थानीय सभा | | |
| २ | प्रमाणीकरण गर्नु अघि ऐनमा महिला सशक्तीकरण तथा लैङ्गिक समानताका सवालहरू सम्बोधन भएको सुनिश्चित गर्ने गरेको छ । | प्रमुख/ अध्यक्ष | | |
| ३ | स्थानीय समुदायको पहुँच पुरयाउन तथा उनीहरूले बुझ्न सकुन भनी लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी विस्तृत विवरणहरूसहित उपयुक्त भाषामा दस्तावेज प्रकाशन गर्ने गरेको छ । | प्रमुख प्रशासकीय अधिकृत | | |

**लैससास परीक्षणको उद्देश्य निम्न अनुसार रहेको छः**

- → लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमार्फत स्थानीय तहको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला, लक्षित वर्ग र सीमान्तकृत समूहहरूलाई समावेशी गरी लैङ्गिक समानता र सबै जात, जातिको अर्थपूर्ण सहभागिता गराइ लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरण गर्दै लैजाने,
- → महिला, लक्षित वर्ग र सीमान्तकृत समूहहरूलाई समावेश गरी उनीहरूको योजनाबद्ध रूपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तीकरण गर्ने,
- → स्थानीय तहको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने,
- → लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरूको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

माथि उल्लेखित उद्देश्य प्राप्त गर्नको लागि हरेक स्थानीय तहले लैससासको विषय तर्जुमा गर्ने आवधिक योजना तथा वार्षिक विकास कार्यक्रमको अभिन्न अङ्गको रूपमा रहेको हुन्छ । तसर्थ स्थानीय तहले आवधिक र वार्षिक योजना तर्जुमा गर्दा लैससाससँग सम्बन्धित मामिलाहरूलाई गाउँ/बस्ती स्तरबाटै उठान गरी आवधिक र वार्षिक योजना दस्तावेजमै समावेश गर्नुपर्दछ । साथै आवधिक योजना कार्यान्वयन गर्दा छुट भएका लैससासका सवालहरूलाई वार्षिक विकास योजना तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ । साथै वार्षिक विकास कार्यक्रम र योजना तयार गर्दा लैससासलाई सबै विषय क्षेत्रमा समेट्नु पर्दछ । स्थानीय तहहरूबाट लैससाससम्बन्धी कार्यक्रमका लागि आफ्नो स्रोत साधनबाहेक अन्य गैर्सरकारी संस्था, सामाजिक सङ्घ संस्था तथा निजी क्षेत्रको सहयोगसमेत परिचालन गर्न सकिन्छ ।

**लैससास योजना तथा बजेट सम्बन्ध खाका**



### लक्षित समूह छलफल

स्थानीय तहको लैससास परीक्षणको क्रममा लक्षित समूह छलफल विधि वडास्तरमा रहेका विभिन्न लैससास सरोकारका समूह एवम् व्यक्तिहरुलाई समेटी छलफल गराउनु पर्दछ । जस्तै महिला समूह, बालक्लवका सदस्यहरु, विभिन्न उपभोक्ता समूहहरु, टोल सुधार समिति, सामाजिक रुपमा वञ्चितिमा परेका समूहहरु (जातजाति), जेष्ठ नागरिक, लैङ्गिकतथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति आदि ।
सहजकर्ताले विभिन्न समूहहरुसँग लक्षित समूह छलफल गर्दा ध्यान दिनुपर्ने विषयहरु
लक्षित समूह छलफल भएकोले सम्भव भएसम्म एउटै किसिमको समूहहरु समेटी छलफल चलाउने जस्तै महिला समूह, उपभोक्ता समूह आदि ।

» समूहमा ८ देखि १२ जनासम्म राख्ने
» छलफल समय १ घण्टा (प्रत्येक समूहलाई)

सहजकर्ताले सम्वन्धित सरोकार समूहहरुलाई सोधिने प्रश्नहरुको पूर्व तयारी पहिल्यै गरेर छलफल चलाउने ( लैसासास परीक्षणको सूचकहरुलाई आधार मानी प्रश्न तयार गरी छलफल चलाउने), प्रश्नहरु तयार गर्दा १०–१२ वटा प्रमुख प्रश्नहरु तयार गरी सम्बन्धित समूहका सहभागिहरुलाई सोध्ने । प्रत्येक समूहमा सोधिने प्रश्न सम्बन्धित समूहहरुको फरक फरक हुने छ ।
अन्तरवार्ता र टिपोट गर्ने व्यक्ति फरक फरक गर्ने ।
सहभागिहरुमा छलफल चलाँउदा छलफलको उद्देश्य, समय, गोपनियताको सुनिश्चिता गर्ने
छलफलको फोटो, रेकर्ड लिनको लागि सहजकर्ताले सहभागीको पूर्व स्वीकृति लिने
एउटा स्थानीय तहको लैससास परीक्षण गर्दा लैससासको विषयमा सबै वडाको प्रतिनिधित्वको विचार आउने गरी बढीमा ५ वटा जति समूहहरुको लक्षित समूह छलफल गर्ने ।
*नोट : सहजकर्ताले वडा स्तरमा लक्षित समूह छलफल गर्दा लैससास परीक्षणको लागि तय गरेका सूचकहरुको आधारमा गर्नुपर्दछ ।*

## लैससास परीक्षणका चरणहरु

स्थानीय तहले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणलाई प्रभावकारी बनाउन देहायका तीन चरणमा कार्य सम्पादन गर्नुपर्दछ :

### १ तयारी चरण

सर्वप्रथम प्रत्येक स्थानीय तहले स्थायी प्रकृतिको देहाय बमोजिम लैससास कार्यान्वयन समिति गठन गर्नुपर्दछ:

| | |
|---|---|
| गाउँपालिका/नगरपालिकाका अध्यक्ष/प्रमुख | - संयोजक |
| उपप्रमुख/उपाध्यक्ष | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| सामाजिक विकास समितिका संयोजक, | – सदस्य |
| कार्यपालिकाका सदस्यहरुमध्येबाट कम्तिमा २ जना | - सदस्य |
| महिलासहित संयोजकले तोकेका तीन जना | – सदस्य |
| गैसस/सामुदायिक सङ्घ संस्थाहरुमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका तीन जना | – सदस्य |
| लैससास हेर्ने विभाग/महाशाखा/शाखाका प्रमुख | – सदस्य सचिव |

माथि उल्लिखित लैससास कार्यान्वयन समितिको वैठक बसी लैससास परीक्षणको लागि लैससास परीक्षण कार्यदल गठन गर्नुपर्दछ । उक्त कार्यदलमा गाउँपालिकाको हकमा उपाध्यक्ष वा निजसमेत संलग्न कार्यपालिकाको बैठकले तोकेको कार्यपालिकाका सदस्यको संयोजकत्वमा र नगरपालिकाको हकमा उपप्रमुख वा निजसमेत संलग्न कार्यपालिकाको बैठकले तोकेको कार्यपालिकाका सदस्यको संयोजकत्वमा सम्बन्धित विज्ञ वा परीक्षणकर्ता, विषय क्षेत्र हेर्ने शाखाका कर्मचारी र सरोकारवालासमेत ३ देखि ५ सदस्य रहनेछन् । यस्तो कार्यदलमा कम्तिमा एक जना महिला र सम्भव भएसम्म दलित/अन्य लक्षित समूहहरुको समेत प्रतिनिधित्त्व हुने व्यवस्था गर्नुपर्दछ ।

## २ कार्यान्वयन चरण

**१)** सकअचु विश्लेषण कार्यदलले पदाधिकारीहरू र कर्मचारीहरूको सहभागितामा सर्वप्रथम प्रत्येक विषय क्षेत्रको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिहरूको सामुहिक रूपमा विश्लेषण गर्ने

**२)** त्यसपछि लेखाजोखाको ढाँचा तालिका नं. १ अनुसारको सूचकहरूमा छलफल गरी अङ्क दिनुपर्दछ ।

**३)** आवश्यकताअनुसार विषयवस्तुको संवेदनशीलता हेरेर सहजकर्ताले महिला र पुरुष, दलित वा अन्य लक्षित समुदाय वा वर्गहरूसँग छुट्टै पनि छलफल गरी जानकारी लिने ।

**४)** कार्यदलले लैससास परीक्षणका लागि देहायबमोजिमको प्रक्रिया अबलम्बन गर्नुपर्दछः

→ सम्बन्धित स्थानीय तहबाट लैससास परीक्षणको तोकिएको जिम्मेवारी लिने,

→ लैससास कार्यान्वयन समितिको बैठकमा सहभागी भई छलफल भएका विषयवस्तुको जानकारी लिने,

→ लैससास परीक्षण कार्ययोजना विस्तृत रूपमा तयार गर्ने र समिति समक्ष छलफल गरी स्वीकृत गराउने,

→ कार्यदलको कार्ययोजनाका सम्बन्धमा सम्बन्धित पदाधिकारी र शाखा/महाशाखाका कर्मचारीहरूसँग छलफल गरी जानकारी गराउने,

→ लैससास परीक्षणका लागि स्थानीय तहका पदाधिकारीहरू लगायत प्रमुख प्रशासकीय अधिकृत तथा सरोकारवालाहरूसँग समन्वय गर्ने,

→ सन्दर्भ सामाग्रीहरूको अध्ययन गर्ने, सबै सूचकहरूको गंभीरतापूर्वक अध्ययन गर्ने,

→ सूचकहरूका लागि प्राथमिक र द्वितीय स्रोतहरूको पहिचान गर्ने र सो अनुरूप सूचना सङ्कलन गर्ने,

→ सूचना सङ्कलनका विधिहरूको निर्क्योल गरी उपयुक्त सूचना उपयुक्त विधिबाट सङ्कलन गर्ने,

→ द्वितीय स्रोतबाट लिइने सूचनाका लागि आवश्यक प्रमाण जुटाउने र सम्बन्धित सूचकमा अङ्क प्रदान गरी तालिकामा अङ्क प्रदान गरिएको प्रमाण उल्लेख गर्ने,

→ नीति, योजना, कार्यक्रम, निर्णय तथा कार्यक्रम कार्यान्वयसँग सम्बन्धित प्रमाण तथा आधिकारिक कागजातहरू जुटाउने,

→ प्राथमिक स्रोतका सूचनाका लागि आवश्यकताअनुसार स्थलगत अनुगमन गर्ने र सम्बन्धित सरोकारवालाहरू तथा प्रमुख प्रशासकीय अधिकृत, शाखा, महाशाखाका सम्बध्द कर्मचारी र पदाधिकारीहरू तथा सेवाग्राहीसँग छलफल गर्ने, अन्तर्वार्ता लिने,

→ कार्यशालामा प्रस्तुत गर्ने विषयवस्तु र लिने सूचनाको ढाँचा तयारी गर्ने र सो बमोजिम प्रस्तुतीकरण गर्ने र सूचना सङ्कलन वा जानकारी लिने, आदि ।

कार्यदलले तालिका नं १ बमोजिमका सबै सूचकहरूमा अङ्क प्रदान गर्ने कार्य सम्पन्न गरेपछि तालिका नं २ बमोजिमको मुख्य विषय क्षेत्रका सूचकहरूको शीर्षकगत प्राप्ताङ्क तालिका तयार गर्नुपर्दछ । सबै सूचकहरूमा अङ्क प्रदान गर्ने कार्य सम्पन्न भएपश्चात् प्रत्येक प्रश्नावलीमा पाएको अङ्कको आधारमा स्थानीय तहको लैससासको वर्तमान अवस्था तालिका नं ३ बमोजिमको ढाँचामा माकुरे जालोमा चित्रण गर्नुपर्दछ । यसका साथै अन्य सम्बद्ध तालिकाहरूको तयारी र तालिका नं ७ बमोजिम स्थानीय तहको लैससासका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू पहिचान गर्नुपर्दछ । पूर्णाङ्क प्राप्त गर्ने सूचकलाई सबल पक्षमा र त्यसभन्दा कम अङ्क प्राप्त गर्ने सूचकलाई सुधार गर्नुपर्ने पक्षमा राख्नु पर्दछ । पहिचान गरिएका सुधार गर्नुपर्ने पक्षहरूलाई समाधान गर्ने हिसाबले तालिका नं ८ बमोजिमको ढाँचामा कार्ययोजना तयारी गर्नुपर्दछ ।

### ३ प्रतिवेदन चरण

यस चरणमा कार्यदलले प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई प्रतिवेदनका रूपमा प्रस्तुत गर्नुपर्दछ । प्रतिवेदनलाई आकर्षक बनाउन यसलाई विभिन्न खण्डमा तयार गर्नुपर्दछ । यसबाट सरोकारवाला र अध्ययन प्रति चासो राख्ने सबैलाई स्थानीय तहको लैससासको अवस्थाका सम्बन्धमा जानकारी लिन छिटो र सजिलो हुन्छ । खासगरी प्रतिवेदनमा परिचय खण्ड, तथ्याङ्क प्रस्तुतीकरण खण्ड, विश्लेषण खण्ड, मुख्य फाइन्डिङ्ग्स, सबल र कमजोर पक्ष र निष्कर्ष तथा सुझाव खण्ड समावेश गर्न उपयुक्त हुन्छ । यस सन्दर्भमा कर्यदलले यस दिग्दर्शनको तालिका नं १ देखि ८ सम्म उल्लेख भएका विभिन्न तालिका तयार गरी तालिका नं ९ बमोजिमको ढाँचामा प्रतिवेदन तयारी गर्नुपर्दछ । लैससास परीक्षण गर्दा सहभागीहरूबिच भएको छलफलबाट आएको निचोडलाई प्रतिवेदनको प्रमुख प्राप्तिको खण्डमा उल्लेख गर्नुपर्ने छ । लैससास परीक्षणका लागि उपयोग गरिने तालिकाहरूको विवरण देहायबमोजिम रहेको छ:

→ तालिका नं. १ लैगिक समानता र सामाजिक समावेशीकरणको मूल्याङ्कनका सूचक र मापनका अवस्थाहरू
→ तालिका नं. २ शीर्षकगत प्राप्ताङ्क तालिका
→ तालिका नं. ३ माकुरी जालोको नमुना चित्र
→ तालिका नं. ४ लैससास परीक्षण नतिजा बारचार्ट
→ तालिका नं. ५ सम्बन्धित स्थानीय सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था
→ तालिका नं. ६ स्थानीय तहको लैससास अवस्थाको लेखाजोखा
→ तालिका नं. ७ सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू
→ तालिका नं. ८ लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना
→ तालिका नं. ९ लैससास परीक्षण प्रतिवेदनको ढाँचा

## हस्तपत्र (Handouts) नं. ५:
## लैससास परीक्षणका मुख्य विषय क्षेत्रहरु र उपविषय क्षेत्रहरु

लैससास परीक्षणका लागि स्थानीय तहको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार र नेपाल सरकारका प्रतिवद्धताहरु लगायतका विषयवस्तु समेटिएका छन् । लैससास परीक्षणका लागि देहायका पाँच वटा मुख्य विषय क्षेत्र (मुख्य सूचक) हरु तथा अङ्कभारको व्यवस्था गरिएको छ:

| | | |
|---|---|---|
| १. | नीति, कानुन, योजना | २० |
| २. | संस्थागत व्यवस्था | २० |
| ३. | मानव संसाधन तथा क्षमता विकास | २० |
| ४. | सेवा प्रवाह | २० |
| ५. | सुशासन तथा उत्तरदायित्व | २० |

### ४.२ लैससास परीक्षणका उपविषय क्षेत्रहरु

लैससास परीक्षणका प्रमुख पाँचवटा विषय क्षेत्रहरु भित्र विभिन्न २२ वटा उपविषय क्षेत्र र सोअन्तर्गत १०० वटा सूचकहरु रहेका छन् । उक्त २२ वटा उपविषय क्षेत्रहरु यस प्रकार रहेका छन् ।

१. नीति र कानुनमा समावेशिता/सहभागिता
२. योजना तर्जुमा तथा कार्यान्वयन
३. बजेट तर्जुमा तथा कार्यान्वयन
४. कर्मचारी पदाधिकारी प्रतिनिधित्व
५. कार्य प्रणाली समावेशी
६. समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व
७. वित्त व्यवस्थापन प्रणालीमा समावेशिता
८. तथ्याङ्क सङकलन तथा व्यवस्थापन
९. मानव संसाधन तथा क्षमता विकास
१०. अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरुद्ध जनचेतना
११. कानुनी साक्षरता
१२. विपद व्यवस्थापनमा समावेशिता
१३. पूर्वाधार विकास
१४. प्रजनन् स्वास्थ्य
१५. शिक्षा कार्यक्रम
१६. खानेपानी तथा सरसफाइ
१७. स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन
१८. सुशासन
१९. उत्तरदायित्व र जवाफदेहिता
२०. सूचना तथा सञ्चार
२१. अनुगमन तथा मूल्याङ्कन
२२. समन्वय र सम्बन्ध बिस्तार

प्रत्येक सूचकको मूल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क ,मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनुपर्दछ । तालिका नं १ मा प्रत्येक सूचकमा '०', '०.५' र '१' अङ्क पाउने अवस्था र सो को प्रमाणीकरनको आधारसमेत राखिएको छ । यी सूचकमा गरिने मूल्याङ्कन कार्यदलको सामुहिक मूल्याङ्कन हो । कार्यदलका सदस्यहरुले पहिला सूचकमा छलफल गरी, प्रमाण जुटाइ सोको अवस्था विश्लेषण सहमतिमा अङ्क प्रदान गर्नुपर्दछ ।
लैससास परीक्षणका लागि मूल विषय क्षेत्र, उपविषय क्षेत्र तथा सूचकहरुको विस्तृत विवरण देहायबमोजिम तालिका नं १मा प्रस्तुत गरिएको छ:

**स्थानीय तहको समग्र मूल्याङ्कन अवस्था तथा परिणाम:**

सबै सूचकहरुमा अङ्क प्रदान गरिसकेपछि स्थानीय तहले प्राप्त गरेको अङ्कलाई देहायबमोजिम वर्गीकरण गरी सोका आधारमा प्रस्तुत चार वटा मूल्याङ्कन नतिजामध्ये कुनै एक नतिजा निक्यौंल गर्नुपर्दछ ।
**सर्वोत्तम:** सबै सूचकहरुको कुल प्राप्ताङ्क ८० वा सोभन्दा बढी
**उत्तम:** सबै सूचकहरुको कुल प्राप्ताङ्क ६० वा सोभन्दा बढी र ८० भन्दा कम
**सामान्य:** सबै सूचकहरुको कुल प्राप्ताङ्क ४० वा सोभन्दा बढी र ६० भन्दा कम
**कमजोर:** सबै सूचकहरुको कुल प्राप्ताङ्क ० वा सोभन्दा बढी र ४० भन्दा कम

## हस्तपत्र (Handouts) नं. ६:
## लैससास परीक्षण मापनका परीणाम प्रस्तुतीकरणका विधि तथा औजारहरू (माकुरी जालो चित्र र स्तम्भ चित्रको नमुना)

माकुरी जालो चित्र कुनै पनि सङ्घ संस्था वा समूहको सहभागिता मूलक तरिकाले निश्चित सूचकहरूको आधारमा क्षमता मापन गरी नतिजा प्रस्तुत गर्ने एक विधि हो । स्थानीय तहमा यस विधिबाट लैससास परीक्षणको परिणाम प्रस्तुतीकरण गर्नुको उद्देश्य स्थानीय तहका पदाधिकारीहरू, सरोकारवालाहरू तथा सेवाग्राहीहरूलाई स्थानीय सरकारको समग्र संस्थागत शासन प्रणालीमा लैससास परीक्षणका मुख्य पाँच क्षेत्रहरूमा समावेशी सिद्धान्तका आधारमा भएका सबल पक्षहरू र सुधार गर्नुपर्ने पक्षहरू पहिचान गरी सोअनुसार कार्ययोजना र वार्षिक योजना तथा बजेट तयार गर्न र त्यसको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुधार गर्न सहयोग गर्नु हो । यो विधिबाट लैससास परीक्षणको परिणाम प्रस्तुतकरण गर्दा यदि सहभागीहरूसँग कम्प्यूटर छ भने सहभागीमूलक छलफलबाट प्रप्ताङ्क सुनिश्चित भइसकेपछि कम्प्यूटरको प्रयोग गरी एक्सेल सिटमा विषयगत क्षेत्र अनुसारको कूल अङ्क र प्राप्ताङ्कको तथ्याङ्क इन्ट्री गरेर उक्त तथ्याङ्कबाट माकुरी जालो चित्र बनाउन सकिन्छ । त्यसरी नै आवश्यकताअनुसार स्तम्भ चित्र पनि बनाउन सकिन्छ भने कम्प्यूटर नभएको खण्डमा न्युज प्रिन्ट पेपरमा स्केलको सहायताले विषयगत क्षेत्र अनुसार कूल अङ्क र प्राप्ताङ्क राखेर स्पाइडर वेब र बार चार्ट बनाउन सकिन्छ ।

**माकुरी जालो रेखाचित्र (Spider diagram) तयारीको प्रक्रिया तथा चरणहरू**

→ खाली कागज\न्युज प्रिन्टको बिच भागमा एउटा सानो सर्कल विन्दु कोरेर सुरु गर्नुहोस् । यसले तपाईंले पहिचान गर्न चाहनुभएको मुख्य विषयलाई प्रतिनिधित्व गर्दछ ।

→ उक्त सर्कल विन्दुको केन्द्रबाट पाङ्ग्राको जस्तै आकार हुनेगरि धेरै रेखाहरू कोर्नुहोस् । रेखाहरूको सङ्ख्या तपाईंले आफ्नो स्पाइडर रेखाचित्रमा समावेश गर्न चाहनुभएको मुख्य विषय शीर्षक वा उप-विषयहरूको सङ्ख्यामा निर्भर हुनेछ । केन्द्र सर्कल वरिपरि रेखाहरू बनाउदा एक अर्को रेखा बिचको खाली ठाँउ समान गराउने गर्ने प्रयास गर्नुहोस् ।

→ प्रत्येक रेखाको अन्त्यमा, मुख्य विषयसँग सम्बन्धित उपविषय वा वर्गलाई प्रतिनिधित्व गर्न अर्को सर्कल कोर्नुहोस् । प्रत्येक सर्कललाई शब्द वा छोटो वाक्यांशको साथ लेबल गर्नुहोस् जसले उपविषयलाई सङ्क्षेप गर्दछ ।

→ यदि तपाईंसँग रेखाहरू भन्दा धेरै उप-विषयहरू छन् भने, तिनीहरूलाई समायोजन गर्न थप लाइनहरू कोर्नुहोस् । यदि तपाइँसँग एउटै कोटी विषय भित्र मिल्ने धेरै उपविषयहरू छन् भने तपाइँ प्रत्येक रेखामा थप सर्कलहरू थप्न सक्नुहुन्छ ।

→ सम्बन्धित विषय वा उपविषयहरू जोड्नका लागि तीर वा रेखाहरू प्रयोग गर्नुहोस् । यसले तपाईंलाई विभिन्न विचारहरू बीचको सम्बन्धहरू कल्पना गर्न र ढाँचा वा विषयवस्तुहरू पहिचान गर्न मद्दत गर्ने छ ।


→ एकचोटि तपाईंले आफ्ना सबै उप-विषयहरू थप्नु भएपछि र तिनीहरूलाई आवश्यकता अनुसार जोडिसकेपछि रेखाचित्रको समीक्षा गर्नुहोस् र कुनै समायोजन गर्न आवश्यक भएमा समायोजन गर्नुहोस् । तपाईँले यसमा अन्य विवरणहरू पनि थप्न सक्नुहुन्छ, जस्तैः प्रत्येक सर्कल वा लाइनमा आवश्यकता अनुसार नोटहरू वा उदाहरणहरू ।

***अन्तमा,*** स्पाइडर रेखाचित्रलाई तपाइँको विचारहरू सङ्गठित गर्न सहयोग पुग्ने गरी दृश्य औजारको उपकरणको रूपमा प्रयोग गर्नुहोस् । तपाईंले यसलाई रिपोर्ट लेख्दा, प्रस्तुतीकरण तयार गर्दा, वा अध्ययन गर्दा सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्न सक्नुहुन्छ ।

माकुरी जालो चित्र (स्पाइडर वेब डायग्राम) र स्तम्भको चित्र (बार चार्ट) को लागि एक्सेल सिटमा तथ्याङ्क प्रविष्ट गरेको र सोही अनुसार तयार गरिएको चित्रहरूको नमुना निम्नअनुसार छ:


| मुख्य विषय सूचकहरू | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| नीती, कानुन र योजना | २० | १० |
| संस्थागत व्यवस्था | २० | ८ |
| मानव संसाधन तथा क्षमता विकाश | २० | १५ |
| सेवा प्रवाह | २० | ८ |
| सुशासन र उत्तरदायित्व | २० | १२ |

**...... पालिकाको लैङ्गिक तथा सामाजिक समावेशीकरण अवस्थाको लेखाजोखा**




*माकुरी जालो चित्र (स्पाईडर वेव डायग्राम) को नमुना*

**...... पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण नतिजा**




*स्तम्भको चित्र (बार चार्ट) को नमुना*

## हस्तपत्र (Handouts) नं. ७:

## सकअचु विश्लेषण सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौति विश्लेषण

साधारण अर्थमा कुनैपनि सङ्गठनले आफ्नो आन्तरिक शक्ति अर्थात सवल पक्ष र कमजोरीहरू, साथै यसका बाह्य अवसरहरू र चुनौतिहरू पहिचान गर्नको लागि गरिने अध्ययनलाई नै सकअचु विश्लेषण भनिन्छ । यद्यपि यस विधिलाई प्रयोग गरेर कुनै विषयगत क्षेत्रसँग जोडेर पनि सङ्घ संस्थाको सकअचु विश्लेषण अर्थात सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष साथै अवसर र चुनौतिहरू पहिचान गर्न सकिने भएकाले यहाँ पालिकाहरूको लैससास विषयगत क्षेत्रको अवस्था पहिचानको लागि यो विधि अपनाउन सिफारिस गरिएको छ ।

लैससास परीक्षण गर्नलागेको सम्बन्धित स्थानीय तहले समावेशी सिध्दान्तका आधारमा गरेको समग्र शासन प्रणालीमा पछाडि परेका, गरीब, महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक आदिको अर्थपूर्ण सहभागिता अर्थात लैससास मूलप्रवाहीकरणको आधारमा देखिएका सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतिहरू विश्लेषण गरी उक्त विश्लेषणको आधारमा असल सिकाइ तथा सवल पक्षलाई अझै बलियो बनाउँदै र प्राप्त अवसरहरूको सदुपयोग गर्दै पहिचान गरिएका चुनौतिहरूलाई सम्बोधन गर्न तथा सुधार गर्नुपर्ने पक्षमा केन्द्रित भई आगामी योजना तर्जुमा र बजेट निर्माण गरेमा मात्र लैससास मूलप्रवाहीकरणको सुनिश्चतता सम्भव हुन सक्छ ।

त्यसैले सम्बन्धित स्थानीय निकायको लैससासको दृष्टिकोणबाट जति वास्तविक अवस्था विश्लेषण गर्न सकियो त्यति वास्तविक योजना तथा बजेट निर्माण र कार्यान्वयन भई लैससासको उद्देश्य हासिल गर्न सकिने वास्तविकतालाई मध्यनजर गर्दै लैससास परीक्षणका मुख्य पाँच विषयगत क्षेत्रका सवल पक्षहरू, सुधार गर्नुपर्ने पक्षहरू, अवसर र चुनौतिहरू पहिचान गर्नुपर्ने हुन्छ र यी कुराहरू पहिचान गर्दा मुख्य विषयगत क्षेत्र अनुसार लैससासको दृष्टिकोणबाट देखिएका असल अभ्यास तथा कार्यहरूलाई सवल पक्षमा, सम्बन्धित स्थानीय निकायले आफ्नै आन्तरिक पहलबाट गर्न सकिने हुँदाहुँदै पनि गर्न नसकिएका कार्यलाई कमजोर पक्षमा, लैससासलाई बढावा दिनको लागि मद्दत गर्ने वा सहयोग गर्ने नीतिनियम, संस्था, सेवा, स्रोत साधन आदिलाई अवसरको रूपमा र लैससास मूलप्रवाहीकरणका बाधाहरू जसलाई स्थानीय निकायले आन्तरिक रूपमा एक्लै सम्बोधन गर्न कठिनाई पर्दछ, त्यस्ता बाधाहरूलाई चुनौतिको रूपमा पहिचान गर्नुपर्दछ ।

सकअचु विश्लेषण गर्दा दिग्दर्शनको तालिका १ मा भएका सूचकहरूलाई पनि आधार बनाउन सकिन्छ र निम्नअनुसारको फारम प्रयोग गर्न सकिन्छ:

सकअचु विश्लेषण फारम

| मूल शीर्षक | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौति |
|---|---|---|---|---|
| नीति, कानुन, योजना | | | | |
| संस्थागत व्यवस्था | | | | |
| मानव संसाधन तथा क्षमता विकास | | | | |
| सेवाप्रवाह | | | | |
| सुशासन तथा उत्तरदायित्व | | | | |

# हस्तपत्र (Handouts) नं. ८:
## लैससास परीक्षण प्रतिवेदन तयारी ढाँचा

..... गाउँपालिका ।नगरपालिका
लैससास परीक्षण प्रतिवेदनको ढाँचा
आर्थिक वर्ष

**परिचय खण्ड**

१. पृष्ठभूमि
२. अध्ययनको महत्व
३. लैससास परीक्षणका उद्देश्यहरू
४. लैससास परीक्षणले समेट्ने क्षेत्रहरू
५. लैससास परीक्षणको विधि र तरिका
६. लैससास परीक्षणका सहभागीहरू

**तथ्याङ्क प्रस्तुतीकरण खण्ड**

७. तथ्याङ्क प्रस्तुतीकरण र व्याख्या- विभिन्न तालिकाहरूमा_

**विश्लेषण खण्ड**

८. लैससास परीक्षण विश्लेषण औजारहरू
९. तथ्याङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण

**मुख्य उपलब्धि (Findings_**

९. लैससास परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक
**समावेशीकरणको अवस्था**
९.१. परीक्षण पश्चात् प्रमुख सूचकहरूले प्राप्त गरेका अङ्कहरूको लेखाजोखा
९.२.लैससास परीक्षण नतिजाको माकुरे जालो

१०. गाउँपालिका ।नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका

**सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू**

११. लैससास विकासकार्य योजना

**निष्कर्ष**

**सुझाव**

## हस्तपत्र (Handouts) नं. ९:
## लैससासमैत्री कार्ययोजना ढाँचा

| मूलशीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने ।नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| नीति, कानुन र योजना २० | | १.१. | | | | | | |
| | | १.२. | | | | | | |
| | | १.३ | | | | | | |
| | | .... | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| संस्थागत व्यवस्था २० | | १.१. | | | | | | |
| | | १.२. | | | | | | |
| | | १.३ | | | | | | |
| | | .... | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| मूलशीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने ।नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| मानव संसाधन तथा क्षमता विकास २० | | १.१. | | | | | | |
| | | १.२. | | | | | | |
| | | १.३ | | | | | | |
| | | .... | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| सेवाप्रवाह २० | | १.१. | | | | | | |
| | | १.२. | | | | | | |
| | | १.३ | | | | | | |
| | | .... | | | | | | |
| | | | | | | | | |
| सुशासन तथा उत्तरदायित्व २० | | १.१. | | | | | | |
| | | १.२. | | | | | | |
| | | १.३ | | | | | | |
| | | .... | | | | | | |
| | | | | | | | | |

## हस्तपत्र (Handouts) नं. १०:

## नमुना प्रतिवेदन:

सहभागीहरुलाई कुनै एक पालिकाको  लैससास परिक्षण गरि तयार गरिएको उत्कृष्ट प्रतिवेदन उपलब्ध गराउने ।

प्राविधिक सहयोग
युरोपेली संघ समावेशी संघीयता सहयोग परियोजना/युएनडिपी नेपाल
European Union Support to Inclusive Federalism (EUSIF)/UNDP Nepal